# म्याग्दी जिल्लाका कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरुको श्रुति लेखन क्षमताको अध्ययन

सावित्री गौतम
परीक्षा क्रमाङ्क : २८०६८५/०७३
त्रि.वि. दर्ता नं. :९-२-३१८-१३३-२००९

त्रिभुवन विश्व विद्यालय शिक्षा शास्त्र सङ्काय नेपाली भाषा शिक्षा अन्तर्गत स्नातकोत्तर तह चौथो सेमेस्टर नेपा. शि.५४४ को पाठ्यांश प्रयोजनका निम्ति प्रस्तुत

शोधपत्र

२०७३/२०१६

शिक्षा शास्त्र केन्द्रीय विभाग
नेपाली भाषा शिक्षा विभाग
त्रि.वि., कीर्तिपुर

## प्रतिबद्धता पत्र

यस शोध प्रतिवेदनभित्रका सामग्रीहरु कहीँ कतैबाट साभार गरिएको छैन । यसका कुनै पनि अंश अन्य प्रयोजनका लागि उपयोग र प्रकाशनमा आएका छैनन् । तसर्थ यो शोध प्रतिवेदन नितान्त मौलिक भएको प्रतिबद्धता व्यक्त गर्दछु ।

................................

सावित्री गौतम

मितिः २०७३/०९/०५

Date: Dec. 20, 2016

# शोध निर्देशकको सिफारिस पत्र

त्रिभुवन विश्व विद्यालय, शिक्षा शास्त्र सङ्काय नेपाली भाषा शिक्षा विभाग अन्तर्गत स्नातकोत्तर तह चौथो समेस्टरको नेपा. शि. ५४४ पाठ्यांशको प्रयोजनार्थ तयार पारिएको प्रस्तुत 'म्याग्दी जिल्लाको कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरुको श्रुति लेखन क्षमताको अध्ययन' शीर्षकको शोधपत्र शोधार्थी सावित्री गौतमले मेरो निर्देशनमा रही तयार पार्नु भएको हो । परिश्रमपूर्वक तयार पारिएको प्रस्तुत शोधपत्रको आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

.......................................
डा. माधव प्रसाद पौडेल
शोध निर्देशक
शिक्षा शास्त्र सङ्काय
नेपाली भाषा शिक्षा विभाग
त्रि.वि. कीर्तिपुर

मितिः २०७३/०९/०६

Date: Dec.21, 2016

**त्रिभुवन विश्व विद्यालय**

**शिक्षा शास्त्र सङ्काय**

**नेपाली भाषा शिक्षा विभाग**

**कीर्तिपुर**

## स्वीकृति पत्र

त्रिभुवन विश्व विद्यालय शिक्षा शास्त्र सङ्काय नेपाली भाषा शिक्षा विभाग अन्तर्गत स्नातकोत्तर तह चौथो सेमेष्टरको नेपा. शि. ५४४ पाठ्यांशको प्रयोजनार्थ तयार गरिएको प्रस्तुत म्याग्दी जिल्लाका कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरुको श्रुति लेखन क्षमताको अध्ययन शीर्षकको शोधपत्र नेपाली भाषा शिक्षामा स्नातकोत्तर उपाधिका निम्ति उपयुक्त ठहरिएकाले स्वीकृति प्रदान गरिएको छ ।

मूल्याङ्कन समिति

| | **नाम** | | **हस्ताक्षर** |
|---|---|---|---|
| १. | प्रा.डा. रामप्रसाद भट्टराई | (विभागीय प्रमुख) | ………………… |
| २. | प्रा. महेश्वर न्यौपाने | (शोध विशेषज्ञ) | ………………… |
| ३. | डा. माधव प्रसाद पौडेल | (शोध निर्देशक) | ………………… |

मिति : २०७३/०९/२१

Date: Jan 05, 2016

## कृतज्ञता ज्ञापन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्व विद्यालय शिक्षा शास्त्र सङ्काय नेपाली भाषा शिक्षा विभाग अन्तर्गत नेपा.शि. ५४४ पाठ्यांशको प्रयोजनार्थ तयार पारिएको हो । शोधपत्रको शीर्षक चयन, सामग्री निर्माण, तथ्याङ्क सङ्कलन विश्लेषण तथा परिमार्जन गरी अन्तिम रूप दिनका निम्ति आफ्नो व्यस्तताका बाबजुद पनि समय दिनु हुने शोध निर्देशक श्रद्धेय गुरु डा. माधव प्रसाद पौडेलप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । उहाँको प्रेरणा, सहयोग र हौसलाको कारण यो अध्ययन कार्य सार्थक भएकाले यसको प्रथम श्रेय उहाँलाई नै दिदै हार्दिक आभार व्यक्त गर्न चाहान्छु ।

यस शोधपत्रलाई एउटा पूर्ण तथा स्वस्थ आकार दिनका लागि मेरा आदरणीय गुरुवर्ग, आफन्त तथा साथीहरुबाट प्राप्त भएको सल्लाह तथा सुझावहरुले महत्त्वपूर्ण उर्जाको काम गरेको छ । यस शोधपत्रका लागि समयमा नै मेरो शोध प्रस्ताव स्वीकार गरी अध्ययन कार्य थालनी गर्न सहयोग पुऱ्याउने विभागीय प्रमुख प्रा.डा. रामप्रसाद भट्टराई लगायत समस्त नेपाली भाषा शिक्षा विभागप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । मेरो अध्ययनलाई यहाँसम्म पुऱ्याउन सदैव प्रेम, स्नेह र आर्शिवाद दिएर पूर्ण सहयोग गर्नु हुने मेरो घरपरिवारप्रति म आजीवन ऋणी छु ।

शोध कार्यका लागि विभिन्न समयमा सल्लाह र सुझाव दिई सहयोग गर्नु हुने र अध्ययनसँग सम्बन्धित शोध प्रतिवेदनहरु उपलब्ध गराई दिने त्रि.वि., सि. आर सि., पुस्तकालयका साथै यस शोधपत्रलाई छिटो छरितो तथा शुद्ध रूपमा टङ्कन गरी सहयोग गर्ने रमिता महर्जनलाई विशेष धन्यवाद दिन चाहान्छु । अन्त्यमा प्रस्तुत शोधपत्रको आवश्यक मूल्याङ्कनका निम्ति नेपाली भाषा शिक्षा विभाग समक्ष प्रस्तुत गर्दछु ।

शोधार्थी

सावित्री गौतम

## शोधसार

प्रस्तुत शोधपत्रको शीर्षक 'म्याग्दी जिल्लामा कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरुको श्रुति लेखन क्षमताको अध्ययन' रहेको छ । यस शोधपत्र अन्तर्गत म्याग्दी जिल्लाका कक्षा पाँचमा अध्ययनरत समग्र विद्यार्थीहरुको श्रुति लेखन क्षमताको पहिचान गर्नु, विद्यालयको प्रकृति र लैङ्गिकताका आधारमा श्रुति लेखन क्षमताको तुलनात्मक अध्ययन गर्नु, वर्ण विन्यास र लेख्य चिह्न प्रयोगका आधारमा समग्र विद्यार्थीहरुको श्रुति लेखन क्षमताको अध्ययन गर्नु रहेको छ । प्रस्तुत शोधपत्र तयार गर्ने क्रममा मूलतः क्षेत्रीय सामग्री सङ्कलन विधि र पुस्तकालयीय विधिमा अधारित भई सम्पन्न गरिएको छ । प्रस्तुत अध्ययनबाट प्राप्त निष्कर्षहरु निम्नानुसार उल्लेख गरिएको छ :

१. समग्रमा सामुदायिक र संस्थागत विद्यालयमा अध्ययनरत १०० जना विद्यार्थीहरुमा शब्दगत वर्ण विन्यासको श्रुति लेखन गराउँदा ११०० शुद्ध र १३०० अशुद्ध शब्द लेखेको पाइन्छ ।

२. समग्र १०० जना विद्यार्थीहरुको श्रुति लेखन क्षमता उच्च रहेको पाइन्छ ।

३. तुलनात्मक रुपमा हेर्दा सामुदायिक विद्यालयका कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरुको श्रुति लेखन क्षमता संस्थागत विद्यालयका कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरुको श्रुति लेखन क्षमताभन्दा उच्च रहेको पाइन्छ ।

४. लैङ्गिकताका आधारमा छात्रा र छात्र विद्यर्थीहरुको श्रुति लेखन क्षमता अध्ययन गर्दा छात्र विद्यार्थीहरुको श्रुति लेखन क्षमतभन्दा छात्रा विद्यार्थीहरुको श्रुति लेखन क्षमता उच्च रहेको पाइन्छ ।

५. वर्ण विन्यास र लेख्य चिह्नको प्रयोगका आधारमा समग्र विद्यार्थीहरुको श्रुति लेखन क्षमता उच्च रहेको पाइन्छ ।

## विषयसूची


**पृष्ठ सङ्ख्या**

प्रतिबद्धता पत्र

शोध निर्देशकको सिफारिस पत्र

स्वीकृति पत्र

कृतज्ञता ज्ञापन

शोधसार

विषयसूची

तालिका सूची

**अध्याय : एक**

**शोध परिचय**

१.१ अध्ययनको पृष्ठभूमि १

१.२ शोध समस्या २

१.३ शोधको उद्देश्य ३

१.४ सान्दर्भिकता र उपादेयता ४

१.५ अध्ययनको सीमा ५

**अध्याय दुई**

**पूर्वकार्यको पुनरावलोकन तथा सैद्धान्तिक अवधारणा**

२.१ पूर्वकार्यको पुनरावलोकन ६

२.१.१ पुस्तक समीक्षा ६

२.१.२ शोधकार्यको समीक्षा ८

२.२ सैद्धान्तिक अवधारणा १३

२.२.१ लेखाइ सिपको परिचय १३

२.२.२ प्राथमिक तहमा लेखाइ शिक्षणको आवश्यकता र महत्त्व १४

२.२.३ लेखाइ शिक्षणका कार्यकलाप १५

२.२.४ श्रुति लेखनको परिचय १६

२.२.५ श्रुति लेखनको आवश्यकता र महत्त्व १७

२.२.६ श्रुति लेखनको प्रयोजन १८

२.२.७ श्रुति लेखनका लागि सामग्री छनोट १८
२.२.८ श्रुति लेखनको शिक्षण क्रम १९
२.२.९ श्रुति लेखन सम्बन्धी कमजोरीका कारणहरु १९
२.३ श्रुति लेखन सम्बन्धी त्रुटि हुने प्रमुख क्षेत्र २१
२.३.१ श्रुति लेखनमा त्रुटि निराकरणका उपायहरु २१
२.३.२ श्रुति लेखनका कार्यकलाप २२


## अध्याय : तिन

## अध्ययन विधि र प्रक्रिया


३.१ अनुसन्धान ढाँचा २९
३.२. जनसङ्ख्या र नमुना छनोट २९
३.२.१ सामग्री निर्माण २९
३.१.२ पूर्व परीक्षण ३०
३.२.३ तथ्याङ्क सङ्कलन ३०
३.२.४ तथ्याङ्क विश्लेषण र मूल्याङ्कन ३१
३.३ शोधपत्रको रूपरेखा ३२


## अध्याय : चार

## शब्दगत वर्ण विन्यासको त्रुटि विश्लेषण


४.१ शब्दगत वर्ण विन्यासको त्रुटिको विश्लेषण ३३
४.१.१ विद्यार्थीहरुले गरेका शुद्ध र अशुद्ध शब्दहरुको प्रतिशत ४२
४.२ समग्र विद्यार्थीहरुको श्रुति लेखन क्षमताको स्थिति ४३
४.२.१ समग्र विद्यार्थीहरुको श्रुति लेखन क्षमताको प्रतिशताङ्क स्थिति ४३
४.२.२ मध्यमानका आधारमा समग्र श्रुति लेखन क्षमताको स्थिति ४५


## अध्याय पाँच

## विद्यालयको प्रकृति र लैङ्गिकताका आधारमा श्रुति लेखन क्षमताको स्थिति


५.१ विद्यालयको प्रकृतिका आधारमा श्रुति लेखन क्षमतोका स्थिति ४६
५.१.१ सामुदायिक विद्यालयको श्रुति लेखन क्षमताको प्रतिशताङ्क स्थिति ४६

५.१.२ मध्यमानका आधारमा सामुदायिक विद्यालयको श्रुति लेखन क्षमताको स्थिति ४७
५.१.३ संस्थागत विद्यालयको श्रुति लेखन क्षमताको प्रतिशताङ्क स्थिति ४७
५.१.४ मध्यमानका आधारमा संस्थागत विद्यालयको श्रुति लेखन क्षमताको स्थिति ४८
५.१.५ प्रतिशताङ्क स्थितिका आधारमा सामुदायिक र संस्थागत विद्यालयको श्रुति लेखन क्षमताको तुलनात्मक अध्ययन ४८
५.१.६ मध्यमानका आधारमा सामुदायिक र संस्थागत विद्यालयको श्रुति लेखन क्षमताको तुलनात्मक अध्ययन ५०
५.२ लैङ्गिकताका आधारमा छात्रा र छात्रको श्रुति लेखन क्षमताको स्थिति ५१
५.२.१ समग्र छात्राहरुको श्रुति लेखन क्षमताको स्थिति ५१
५.२.२ छात्राहरुको श्रुति लेखन क्षमताको प्रतिशताङ्क स्थिति ५२
५.२.३ मध्यमानका आधारमा छात्राका श्रुति लेखन क्षमताको स्थिति ५२
५.२.४ समग्र छात्रहरुको श्रुति लेखन क्षमताको प्रतिशताङ्कको स्थिति ५३
५.२.५ मध्यमानका आधारमा छात्रको श्रुति लेखन क्षमताको स्थिति ५४
५.२.६ प्रतिशताङ्क स्थितिका आधारमा छात्रा र छात्र विद्यार्थीहरुको श्रुति लेखन क्षमताको तुलनात्मक अध्ययन ५४
५.२.७ मध्यमानका आधारमा छात्रा र छात्र विद्यार्थीहरुको श्रुति लेखन क्षमताको तुलनात्मक अध्ययन ५६

**अध्याय ६**

**वर्ण विन्यास र लेख्य चिह्न प्रयोगका आधारमा समग्र विद्यार्थीहरुको श्रुति लेखन क्षमताको स्थिति**

६.१. वर्ण विन्यासका आधारमा समग्र विद्यार्थीहरुको श्रुति लेखन क्षमताको स्थिति ५७
६.१.१ वर्ण विन्यासका आधारमा श्रुति लेखन क्षमताको प्रतिशताङ्क स्थिति ५८
६.१.२ वर्ण विन्यासका आधारमा श्रूतिलेखन क्षमताको मध्यमान स्थिति ५९
६.२ लेख्य चिह्न प्रयोगका आधारमा समग्र विद्यार्थीहरुको श्रुति लेखन क्षमताको स्थिति ६०
६.२.१ लेख्य चिह्न प्रयोगका आधारमा समग्र विद्यार्थीहरुको श्रुति लेखन क्षमताको स्थिति ६०

६.२.२ लेख्य चिह्न प्रयोगका आधारमा श्रुति लेखन क्षमताको मध्यमान स्थिति ६२

## अध्याय : सात

## सारांश, निष्कर्ष र उपयोगिता

७.१ सारांश ६३
७.२ निष्कर्ष ६४
७.३ उपयोगिता ६७
७.३.१ नीतिगत उपयोगिता ६७
७.३.२ प्रयोगगत उपयोगिता ६७
७.४ सुझावहरु ६८
७.५ भावी अनुसन्धानका लागि सम्भावित शीर्षकहरु ६९
**सन्दर्भ सामग्री सूची**
**परिशिष्टहरु**
**व्यक्तित्वृत्त**

## तालिका सूची

**पृष्ठ सङ्ख्या.**


| | | | |
|---|---|---|---|
| तालिका १ | : | शब्दगत वर्ण विन्यासको त्रुटिको विश्लेषण | ३३ |
| तालिका २ | : | विद्यार्थीहरुले गरेका शुद्ध र अशुद्ध शब्दहरुको प्रतिशत | ४२ |
| तालिका ३ | : | समग्र विद्यार्थीहरुको श्रुति लेखन क्षमताको प्रतिशताङ्क स्थिति | ४३ |
| तालिका ४ | : | मध्यमानका आधारमा समग्र श्रुति लेखन क्षमताको स्थिति | ४५ |
| तालिका ५ | : | सामुदायिक विद्यालयको श्रुति लेखन क्षमताको प्रतिशताङ्क स्थिति | ४६ |
| तालिका ६ | : | मध्यमानका आधारमा सामुदायिक विद्यालयको श्रुति लेखन क्षमताको स्थिति | ४७ |
| तालिका ७ | : | संस्थागत विद्यालयको श्रुति लेखन क्षमताको प्रतिशताङ्क स्थिति | ४७ |
| तालिका ८ | : | मध्यमानका आधारमा संस्थागत विद्यालयको श्रुति लेखन क्षमताको स्थिति | ४८ |
| तालिका ९ | : | प्रतिशताङ्क स्थितिका आधारमा सामुदायिक र संस्थागत विद्यालयको श्रुति लेखन क्षमताको तुलनात्मक अध्ययन | ४८ |
| तालिका १० | : | मध्यमानका आधारमा सामुदायिक र संस्थागत विद्यालयको श्रुति लेखन क्षमताको तुलनात्मक अध्ययन | ५० |
| तालिका ११ | : | छात्राहरुको श्रुति लेखन क्षमताको प्रतिशताङ्क स्थिति | ५२ |
| तालिका १२ | : | मध्यमानका आधारमा छात्राका श्रुति लेखन क्षमताको स्थिति | ५२ |
| तालिका १३ | : | समग्र छात्रहरुको श्रुति लेखन क्षमताको प्रतिशताङ्कको स्थिति | ५३ |
| तालिका १४ | : | मध्यमानका आधारमा छात्रको श्रुति लेखन क्षमताको स्थिति | ५४ |
| तालिका १५ | : | प्रतिशताङ्क स्थितिका आधारमा छात्रा र छात्र विद्यार्थीहरुको श्रुति लेखन क्षमताको तुलनात्मक अध्ययन | ५४ |
| तालिका १६ | : | मध्यमानका आधारमा छात्रा र छात्र विद्यार्थीहरुको श्रुति लेखन क्षमताको तुलनात्मक अध्ययन | ५६ |
| तालिका १७ | : | वर्ण विन्यासका आधारमा श्रुति लेखन क्षमताको प्रतिशताङ्क स्थिति | ५८ |
| तालिका १८ | : | वर्ण विन्यासका आधारमा श्रुतिलेखन क्षमताको मध्यमान स्थिति | ५९ |
| तालिका १९ | : | लेख्य चिह्न प्रयोगका आधारमा समग्र विद्यार्थीहरुको श्रुति लेखन क्षमताको स्थिति | ६० |
| तालिका २० | : | लेख्य चिह्न प्रयोगका आधारमा श्रुति लेखन क्षमताको मध्यमान स्थिति | ६२ |

# अध्याय : एक

# शोध परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

भाषा मानवीय वस्तु हो, जसको एप्रयोग विचार विनिमय वा सम्प्रेषणका लागि गरिन्छ । सामाजिक सम्पर्कको प्रभावशाली माध्यम तथा विचार आदान प्रदान गर्ने प्रमुख माध्यम भाषा हो । भाषा विविध सङ्केत, इसारा, हाउभाउबाट बोध र अभिव्यक्त गरिएता पनि भाषावैज्ञानिक सन्दर्भमा मानवीय उच्चारण अवयवद्वारा उच्चारित ध्वनि प्रतीकहरुको व्यवस्थालाई भाषा भनिन्छ । भाषाका विभिन्न विशेषताहरु हुने गर्दछन् । प्रत्येक भाषाका छुट्टाछुट्टै विशेषता हुने भएकाले भाषा समाजसापेक्ष हुने गर्दछ । भाषाको प्रयोग, स्तर र अहोदा अनुसार गरिन्छ ।

भाषा शिक्षण भाषिक सिपहरुको विकास गर्नका लागि गरिन्छ । भाषाका सुनाइ, बोलाइ, पढाइ र लेखाइ आधारभूत सिपहरु हुन् । यिनलाई आदानात्मक र प्रदानात्मक सिप पनि भन्ने गरिन्छ । लेखाइ सिप विकासको अभिन्न अङ्गका रूपमा रहेको श्रुति सुनाइ सिपसँग र लेखन लेखाइ सिपसँग सम्बन्धित हुन्छ । भाषाको विकास श्रुतिबाट आरम्भ हुने भएकाले यसको शिक्षण महत्त्वपूर्ण मानिन्छ । सुनाइ र लेखाइको शिक्षण कार्यकलापका रूपमा श्रुति लेखन रहेको छ । लेखाइ सिप विकासको कार्यकलापका रूपमा रहेको श्रुति लेखन श्रवण कौशलका लागि पनि अपरिहार्य मानिन्छ । भाषा शिक्षण बाहेक अन्य विषय शिक्षणको पनि अभिन्न गतिविधिका रूपमा श्रुति लेखनको भूमिका रहेको हुन्छ । श्रुति लेखन समग्र विद्यालय गतिविधिको अभिन्न अङ्गका रूपमा रहने गर्दछ (पौडेल, २०७० : ३१) । यो सुनेका आधारमा बुझेर लेख्ने प्रक्रियासँग सम्बन्धित छ । यसलाई अर्को शब्दमा सुनेर लेख्ने अभ्यास पनि भनिन्छ । शिक्षकले विद्यार्थीहरुको स्तर र आवश्यकता अनुसार विभिन्न अवस्थामा यस्तो अभ्यास गराउन सक्दछ । यसबाट सुनाइ र लेखाइ क्षमता विकास गर्न सकिन्छ (पौडेल २०७० : ९१) । श्रुति लेखन अभ्यास गराउँदा विद्यार्थीहरुले सुनेका आधारमा शब्द/पद, पदावली, उपवाक्य, वाक्य र अनुच्छेद आदि भाषिक तहमा यसको अभ्यास गराउन सकिन्छ । श्रुति लेखनबाट गहनतापूर्वक सुन्ने र सुनेका कुरालाई सिलसिलेवार ढङ्गमा वर्ण विन्यास, लिपि विन्यास, शब्द विन्यास र चिह्न प्रयोग र वाक्य

विन्यास गरी लेख्ने क्षमताको विकास गर्न सकिन्छ । श्रुति लेखन शिक्षण गर्दा वातावरण, स्रोता र वक्ता आदिलाई ख्याल गर्नु पर्दछ ।

सुनेका आधारमा विद्यार्थीले लेखेका कुराहरुलाई हेरेर अथवा जाँचेर उनीहरुले श्रवणका आधारमा लेख्ने क्षमताका जाँच गरी कमीकमजोरी पत्ता लगाउन सकिन्छ र रचनात्मक सुधारको हौसला प्रदान गरिन्छ । श्रुति लेखन शिक्षणबाट विद्यार्थीहरुमा सतकर्तापूर्वक सुन्ने र सोहि अनुरूप लिपिबद्ध गर्दै लेखाइको गति बढाउने क्षमताको समेत विकास हुन्छ । श्रुति लेखन क्षमता बढाउन तथा यसको शिक्षण गर्दा शब्दका तहमा श्रुतिसम भिन्नार्थक, मात्रागत, भिन्नता भएका शब्दयुग्म, वर्णगत कठिनाइयुक्त शब्द, उच्चारणगत कठिनाइयुक्त शब्द प्रयोगमा ल्याउन सकिन्छ । पदावलीका तहमा नाम, विशेषण, क्रियायोगी, पदावलीलाई प्रयोगमा ल्याउन सकिन्छ । उपवाक्य र वाक्यका तहमा सरल, संयुक्त र मिश्र वाक्यलाई आधार मानी अभ्यास गराउन सकिन्छ । त्यसै गरी अनुच्छेदका तहमा वर्णनात्मक, विवरणात्मक, भावनात्मक, वस्तुपरक, आख्यानात्मक, आत्मपरक र नाटकीय आदि विविध क्षेत्रमा प्रयोग गर्न सकिन्छ । श्रुति लेखन शिक्षण आवश्यकता र स्तर अनुसार फरक फरक तरिकाले गर्न सकिन्छ । प्राथमिक तहमा श्रुति लेखन गराउँदा उनीहरुले पढिसकेका अर्थात् परिचित भइसकेका दृष्टांश सामग्रीको प्रयोग गर्न सकिन्छ भने माथिल्ला तहमा अपठित अर्थात् अदृष्टांश सामग्रीको प्रयोग गरी श्रुति लेखन कार्यकलाप सञ्चालन गर्न सकिन्छ ।

## १.२ शोध समस्या

अनुसन्धानका सिलसिलामा अनुसन्धेय शीर्षक आफैँमा समस्यायुक्त हुन्छ । प्रस्तुत शोधकार्यमा विद्यार्थीहरुले श्रुति लेखन शिक्षणमा विविध समस्याहरु देखा पर्दछन् । श्रुति लेखनमा वक्तागत, स्रोतागत र वातावरणीय कारणहरुले गर्दा प्रभाव पार्ने गर्दछ । यति मात्र नभई व्यक्तिगत, शारीरिक, पारिवारिक, संवेगात्मक, भाषिक र शैक्षिक कारणले गर्दा पनि विद्यार्थीहरुमा श्रुति लेखन सम्बन्धी समस्याहरु आउने गर्दछ । वक्ताले कुनै पनि विषय वस्तु सन्दर्भ अनुकूल गति, यति, लय र स्पष्ट रूपमा व्यक्त गर्न नसक्नु वक्तागत कारण हो । त्यसै गरी स्रोताले आवश्यकता अनुसार वक्ताले बोलेका कुराहरु ग्रहण गर्न नसक्नु स्रोतागत कारण हो । विद्यालय र घर परिवारमा आफ्नो दैनिक भाषिक व्यवहारका क्रममा सही वातावरणको अभावले पनि श्रुति लेखन क्षमतामा समस्या आउने गर्दछ । शारीरिक

कारण अन्तर्गत सुनाइ र श्रुति बोध क्षमताको विकासमा श्रवणेन्द्रिय अथवा कानको महत्त्वपूर्ण भूमिका रहन्छ । त्यसको अभावमा अर्थात् कमजोरीका कारण पनि श्रुति लेखनमा समस्या आउने गर्दछ । कक्षाकोठामा तीव्र वौद्धिक क्षमता, औसत वौद्धिक क्षमता र मन्द क्षमता भएका विद्यार्थीहरु हुने भएकाले उनीहरुको क्षमता अनुकूल श्रुति लेखन नहुँदा पनि त्यससँग सम्बन्धित समस्याहरु आइपर्ने गर्दछ । भाषाका कारणले गर्दा पनि श्रुति लेखन अन्तर्गतका समस्याहरु देखा पर्दछ । प्रायजसो दोस्रो भाषी विद्यार्थीहरुमा श्रुति लेखन सम्बन्धी समस्याहरु देखा पर्दछन् । श्रुति लेखनमा यी विविध कारणहरु रहेता पनि प्रस्तावित शोधकार्यका मुख्य समस्याहरु निम्नलिखित बुँदामा समेटिएको छ :

क. म्याग्दी जिल्लाका कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरुको श्रुति लेखन क्षमता के कस्तो रहेको छ ?

ख. विद्यालयको प्रकृति र लैङ्गिकताका आधारमा विद्यार्थीहरुको श्रुति लेखन क्षमता के कस्तो रहेको छ ?

ग. उक्त कक्षाका विद्यार्थीहरुको वर्ण विन्यास र लेख्य चिह्न प्रयोगका आधारमा श्रुति लेखन क्षमता के कस्तो रहेको छ ?

## १.३ शोधको उद्देश्य

प्रस्तुत अध्ययनका निम्न लिखित उद्देश्यहरु रहेका छन् :

क. म्याग्दी जिल्लाका कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरुको श्रुति लेखन क्षमताको पहिचान गर्नु,

ख. विद्यालयको प्रकृति र लैङ्गिकताका आधारमा विद्यार्थीहरुको श्रुति लेखन क्षमताको तुलना गर्नु,

ग. उक्त कक्षाका विद्यार्थीहरुको वर्ण विन्यास र लेख्य चिह्न प्रयोगका आधारमा श्रुति लेखन क्षमताको अध्ययन गर्नु ।

## १.४ सान्दर्भिकता र उपादेयता

विद्यार्थीहरुको प्रारम्भिक भाषिक सिप विकास श्रुतिबाटै हुन्छ । भाषिक सिप अन्तर्गत सुनाइ, बोलाई पढाइ र लेखाइ पर्दछन् । भाषिक सिप विद्यार्थीहरुको तह, उमेर र स्तर अनुसार विकास हुनु जरुरी छ । त्यसैले भाषिक सिपमध्ये लेखाइ अन्तिम र महत्त्वपूर्ण सिप अन्तर्गत पर्दछ । जसले लेखन कला विकासमा ठुलो योगदान प्रदान गर्दछ । लेखन कलालाई शुद्ध, स्तरीय र सहज बनाउनु यस कार्यको उद्देश्य हो ।

श्रुति लेखनको शिक्षणबाट विद्यार्थीहरुमा सुनाइ र लेखाइ सिपको विकास गर्न सकिन्छ । सुनेका आधारमा बुझ्नु र बुझेका आधारमा लेख्नु श्रुति लेखन भएकाले विद्यार्थीहरुको प्राथमिक तहमा यसको शिक्षण गर्नु आवश्यक रहेको छ । भाषिक सिपको श्रृङ्खलाबद्ध अध्ययनका क्रममा सुनाइ र लेखाइ सिपको एकैसाथ विकास हुन्छ । उक्त अभ्यासमा सही श्रवण गर्न सके नसके र सुनेका कुरालाई वाक्य गठन गर्न सक्ने क्षमताको मापन गर्न श्रुति लेखन उपयोगी हुन्छ । विद्यार्थीहरुले सुनेका आधारमा सिलसिलाबद्ध रूपमा लेख्ने बानीको विकास गर्नुका साथै स्मरण क्षमताको विकास गर्नका लागि पनि यो उपयोगी रहेको छ ।

प्रस्तुत शोधकार्य म्याग्दी जिल्लाका कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरुको श्रुति लेखन क्षमताको अधययन शीर्षकमा त्रिभुवन विश्व विद्यालय, शिक्षा शास्त्र सङ्काय नेपाली भाषा शिक्षा विभाग अन्तर्गत स्नातकोत्तर तह चौथो समेस्टरको पाठ्यांश (नेपा.शि.५४४) को उद्देश्य पूरा गर्ने सन्दर्भमा तयार पारिएको छ । प्रस्तुत शोधकार्यबाट विद्यार्थीहरुको श्रुति लेखन क्षमताको पहिचान गरी आवश्यक सुझाव व्यक्त गर्न उपयोगी रहेको छ । यसका साथै शिक्षकलाई प्रभावकारी रूपमा शिक्षण गर्न, श्रुति लेखन शिक्षणका क्रममा आइपरेका समस्याहरु निराकरण गर्न, प्रस्तावित शोधकार्यको महत्त्व रहेको छ । श्रुति लेखन शिक्षणबाट गहन रूपमा सुन्ने, लेख्ने क्षमताको विकास गर्नका साथै शिक्षक, विद्यार्थी, पाठ्यक्रमविद् आदिका लागि उपयोगी रहेको छ । यस कार्यबाट नेपाली भाषा शिक्षण, प्रायोगिक भाषाविज्ञानका क्षेत्रमा र भावी अनुसन्धाताका लागि समेत उपयोगी रहेको छ ।

## १.५ अध्ययनको सीमा

प्रस्तुत शोधकार्य आफैँमा एक चुनौतीपूर्ण र कठिन कार्य हो । कुनै पनि अध्ययनलाई पूरा गर्न निश्चित विषय क्षेत्रभित्र सीमाबद्ध भएर त्यसको अध्ययन गर्न आवश्यक हुन्छ । सीमित स्रोत, साधन र समयको कारण यस अनुसन्धानलाई व्यापक रूपमा अध्ययन गर्न असमर्थ भएकाले प्रस्तुत शोधकार्यलाई निम्नानुसार सीमाबद्ध गरिएको छ :

क. प्रस्तुत शोधकार्य म्याग्दी जिल्लाका कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरुको श्रुति लेखन क्षमतामा मात्र सीमित रहेको छ ।

ख. म्याग्दी जिल्लाका विभिन्न स्थानमा रहेका ५ सामुदायिक र ५ संस्थागत गरी १० वटा विद्यालयका १०० जना विद्यार्थीहरुमा मात्र सीमित गरिएको छ ।

ग. प्रस्तुत शोधकार्य वर्ण विन्यास र लेख्य चिह्न प्रयोगमा सीमित रहेको छ ।

घ. अध्ययनको निष्कर्ष प्रतिशताङ्क र मध्यमानका आधारमा निकालिएको छ ।

# अध्याय दुई

# पूर्वकार्यको पुनरावलोकन तथा सैद्धान्तिक अवधारणा

## २.१ पूर्वकार्यको पुनरावलोकन

भाषा शिक्षण सम्बन्धी विभिन्न विद्वान्हरुले आ-आफ्नो पुस्तकहरुमा विभिन्न सैद्धान्तिक अर्थात् अवधारणाहरु लेखिएको पाइन्छ । जस अन्तर्गत नेपाली, हिन्दी र अंग्रेजी विद्वान्हरुका पुस्तकमा श्रुति लेखन क्षमता सम्बन्धी कुराहरु प्रस्तुत गरिएको पाइन्छ । यति मात्र नभई विभिन्न शोधार्थीहरुले आफ्नो शोधपत्रमा श्रुति लेखन सम्बन्धी विभिन्न कुराहरु उल्लेख गरेका छन् । सम्पूर्ण विद्वान् र शोधार्थीहरुको पुस्तक र शोधपत्रलाई यहाँ प्रस्तुत गर्न औचित्य नभएका कारण आवश्यकता अनुसार विद्वान् र शोधार्थीहरुको पुस्तक र शोधपत्रलाई पूर्वकार्यको समीक्षाका रूपमा दुई भागमा छुट्टाई प्रस्तुत गरिएको छ, जुन निम्नानुसार छन्:

### २.१.१ पुस्तक समीक्षा

विभिन्न भाषा शिक्षण सम्बन्धी विद्वान्हरुले आफ्ना पुस्तकहरुमा श्रुति लेखन सम्बन्धी कुराहरु प्रस्तुत गरेका छन् । हिन्दी, नेपाली र अंग्रेजी भाषा शिक्षण विषयमध्ये आवश्यकता अनुसार नेपाली भाषा शिक्षणका विद्वान्हरुको पुस्तकलाई पूर्वकार्यको समीक्षाका रूपमा सङ्क्षिप्त रूपमा चर्चा निम्नानुसार गरिएको छ :

अधिकारी (२०६७), द्वारा **नेपाली भाषा शिक्षण** पुस्तकमा श्रुति लेखनलाई सुनाइ तथा श्रुतिबोध शिक्षणका कार्यकलाप अन्तर्गत राखी त्यसको परिचय, कार्यकलाप, सामग्री, महत्त्व र श्रुति लेखन गराउन सकिने भाषिक एकाइ वा तहहरु उल्लेख गरेको पाइन्छ (पृष्ठ, ३९-४०) । त्यसै गरी श्रुति लेखनलाई लेखाइ शिक्षणका कार्यकलाप अन्तर्गत राखी श्रुति लेखनको परिचय, श्रुति लेखन गराउँदा ध्यान दिनुपर्ने कुरा, शिक्षकको भूमिका, अनुतान, आघात, लय र मात्रामा आधारमा विभेदक देखापर्ने शब्द वा वाक्यहरु सुनाइ तिनमा पाइने विभेदकता छुट्याउन लगाउने अभ्यास समेत गराउन सकिन्छ भनेर चर्चा गरेको पाइन्छ (पृष्ठ, १३१ -१३२) । उक्त पूर्वकार्यले प्रस्तुत शोधको सैद्धान्तिक रूपरेखा निर्माणमा सहयोग पुऱ्याएको छ ।

शर्मा र पौडेल (२०६८) द्वारा **नेपाली भाषा र साहित्य शिक्षण** पुस्तकमा श्रुति लेखनलाई श्रुतिबोध शिक्षणका प्रक्रिया तथा कार्यकलाप अन्तर्गत राखी त्यसको परिचय, महत्त्व, प्रारम्भिक तथा माध्यमिक तहमा प्रयोग गर्न सकिने श्रुति लेखनका सामग्री र श्रुति लेखनको आवश्यकतालाई विस्तृत रूपमा चर्चा गरिएको पाइन्छ (पृष्ठ, १२१-१२२), त्यसै गरी श्रुति लेखनलाई लेखन कला विकासका प्रारम्भिक कार्यकलाप अन्तर्गत राखी त्यसको परिचय, शिक्षण गर्ने तरिका, सामग्री उल्लेख गरिएको पाइन्छ (पृष्ठ १७५-१७६) । उक्त समीक्षाले प्रस्तुत शोधको सैद्धान्तिक रूपरेखा निर्माण गर्न सहयोग भएको छ ।

ढुङ्गेल र दाहाल (२०६९) द्वारा **नेपाली भाषा शिक्षण** पुस्तकमा श्रुति लेखनलाई सुनाइ शिक्षणका कार्यकलाप अन्तर्गत राखी त्यसको परिचय, श्रुति लेखनले खेल्ने भूमिका, त्यस सम्बन्धी प्रयोग गरिने सामग्री उल्लेख गरेको पाइन्छ (पृष्ठ, १८९) । त्यसै गरी श्रुति लेखनलाई लेखाइ शिक्षण कार्यकलाप अन्तर्गत राखी परिचय, त्यसले खेल्ने भूमिका, श्रुति लेखन गराउने उद्देश्य, सामग्री छनोट, महत्त्व कार्यकलाप, शिक्षण क्रम उल्लेख गरेको पाइन्छ (पृष्ठ, २५१-२५२) । उक्त पुस्तकको समीक्षाबाट प्रस्तुत शोधकार्यले सैद्धान्तिक अवधारणा तयार गर्न सहयोग प्राप्त भएको छ ।

पौडेल (२०७०) द्वारा **नेपाली भाषा शिक्षण** पुस्तकमा श्रुति लेखनलाई श्रवण कला/ श्रुतिबोध शिक्षणका कार्यकलाप अन्तर्गत राखिएको पाइन्छ । जसमा श्रुति लेखनलाई लेखाइ शिक्षण कार्यकलापको अभिन्न अङ्गका रूपमा लिइएको छ, त्यसमा श्रुति लेखनको महत्त्व, आवश्यक कार्यकलाप, सामग्री र श्रुतिबोधको अपरिहार्य कार्यकलापका रूपमा लिइएको पाइन्छ (पृष्ठ, ४०-४१) । त्यसै गरी श्रुति लेखनलाई लेखन कला विकासका प्रारम्भिक कार्यकलाप अन्तर्गत राखी श्रुति लेखनको परिचय, त्यसको शिक्षण तरिकाहरु र विद्यार्थीहरुको तह अनुसार सामग्रीको प्रयोग गरी श्रुति लेखन गर्न सकिने कुरा उल्लेख गरिएको छ (पृष्ठ, ९१-९२) । उक्त पुस्तकको समीक्षाबाट पुस्तक शोधको अध्ययनमा सहयोग मिलेको छ ।

माथि उल्लिखित गरिएका भाषा शिक्षण सम्बन्धी विभिन्न पुस्तकहरुलाई समावेश गर्न आवश्यक नदेखिएका कारण आवश्यकता अनुसार विद्वान्हरुको पुस्तकलाई आधार बनाई प्रस्तुत शोधकार्यलाई सम्पन्न गर्न आवश्यक सहयोग पुगेको छ ।

### २.१.२ शोधकार्यको समीक्षा

विभिन्न अग्रज शोधार्थीहरुले लेखाइ र श्रुति लेखन सम्बन्धी शोधपत्र तयार गरेको पाइन्छ । जसअन्तर्गत प्रस्तुत शोधकार्यलाई सम्पन्न गर्नका लागि आवश्यक पर्ने शोधार्थीको शोधपत्रलाई निम्नानुसार सङ्क्षिप्त रूपमा चर्चा गरिएको छ :

खतिवडा (२०६४) द्वारा **कक्षा सात पुरा गरेका विद्यार्थीहरुको चिठी वा निवेदन लेखन क्षमताको अध्ययन** शीर्षकमा शोधपत्र तयार पारिएको छ । उक्त शोधकार्यमा उदयपुर जिल्लाका कक्षा सात पुरा गरेका विद्यार्थीहरुको चिठी वा निवेदन लेखन क्षमताको पहिचान गर्नु, पहिलो नेपाली भाषी र दोस्रो नेपाली भाषी विद्यार्थीहरुको चिठी वा निवेदन लेखन क्षमताको अध्ययन गर्नु, लैङ्गिकताका आधारमा चिठी वा निवेदन लेखन क्षमता पहिचान गर्नु आदि उद्देश्य रहेको पाइन्छ । क्षेत्रीय अध्ययन विधिको प्रयोग गरी गरिएको उक्त शोधकार्यमा कक्षा सात पुरा गरेका विद्यार्थीहरुको चिठी वा निवेदन लेखन क्षमता समग्रमा सन्तोषजनक रहेको, पहिलो नेपाली भाषी र दोस्रो नेपाली भाषी विद्यार्थीको चिठी वा निवेदन लेखन क्षमता खासै भिन्नता रहेको पाइदैन र लैङ्गिकताका आधारमा छात्राहरुको चिठी वा निवेदन लेखन क्षमता सन्तोषजनक रहेको पाइन्छ ।

पोखरेल (२०६४) द्वारा **कक्षा ६ मा अध्ययनरत विद्यार्थीहरुको श्रुतिबोध क्षमताको अध्ययन** शीर्षकमा शोधपत्र तयार पारिएको छ । उक्त शोधपत्रको उद्देश्य भाषिक पृष्ठभूमि पत्ता लगाउनु लैङ्गिकताका आधारमा विद्यार्थीको श्रुतिबोध क्षमता पहिचान गर्नु, जातियताका आधारमा श्रुतिबोधको तुलनात्मक विश्लेषण गर्नु रहेको छ । क्षेत्रीय अध्ययन विधिको प्रयोग गरिएको उक्त शोधकार्यमा श्रुति लेखन र श्रुतिबोध एक आपसमा सुनेर बुझ्ने क्षमताको विकास गराई लिखित क्षमताको समेत विकास गर्ने भएकाले तुलनात्मक रूपमा एक आपसमा अर्न्तसम्बन्धित रहेको निष्कर्ष उल्लेख गरिएको पाइन्छ ।

रोकाय (२०६५) द्वारा **कक्षा आठमा अध्ययनरत विद्यार्थीहरुको निबन्ध लेखन क्षमताको अध्ययन** शीर्षकमा शोधपत्र तयार पारिएको छ । उक्त शोधकार्यमा भाषिक पृष्ठभूमिका आधारमा पहिलो नेपाली भाषी र दोस्रो नेपाली भाषी विद्यार्थीहरुको निबन्ध लेखन क्षमता पहिल्याउनु र लैङ्गिकताका आधारमा छात्र र छात्राहरुको निबन्ध लेखन क्षमताको पहिचान गर्नु आदि उद्देश्य राखी सर्वेक्षण विधिको प्रयोग गरी उक्त शोधकार्य

सम्पन्न गरिएको पाइन्छ । यस शोधकार्यमा समग्र विद्यार्थीहरुको निबन्ध लेखन क्षमता सन्तोषजनक नभएको निष्कर्ष निकालिएको छ ।

खत्री (२०६६) द्वारा **गोरखा जिल्लाका कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरुको अनुच्छेद लखेन क्षमताको अध्ययन** शीर्षकमा अनुसन्धान भएको पाइन्छ । प्रस्तुत शोधपत्रको उद्देश्य सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरुको अनुच्छेद लेखन क्षमता पत्ता लगाउनु, छात्र र छात्रा बीचमा विद्यार्थीहरुको अनुच्छेद लेखन क्षमता पहिचान गर्नु रहेको छ । प्रस्तुत शोधकार्यका लागि प्रतिनिधि नमुना छनोट, तथ्याङ्क सङ्कलन र विश्लेषण विधिको प्रयोग भएको पाइन्छ । सामुदायिक विद्यालय भन्दा संस्थागत विद्यालयका विद्यार्थी र छात्र भन्दा छात्राहरुको अनुच्छेद लेखन क्षमता राम्रो रहेको निष्कर्ष निकालिएको छ ।

आचार्य (२०६७) द्वारा **स्याङ्जा जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीका निबन्ध लेखन क्षमताको अध्ययन** शीर्षकमा शोधपत्र तयार भएको पाइन्छ । प्रस्तुत शोधको उद्देश्य स्याङ्जा जिल्लाको कक्षा नौमा अध्ययनरत विद्यार्थीहरुको निबन्ध लेखन क्षमताको विकास गर्नु, सामुदायिक र संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको निबन्ध लेखन क्षमताको तुलना गर्नु, पहिलो नेपाली भाषी र दोस्रो नेपाली भाषी विद्यार्थीहरुको निबन्ध लेखन क्षमताको तुलना गर्नु रहेका छन् । प्रस्तुत शोधकार्यका लागि प्रतिनिधि नमुना छनोट, तथ्याङ्क सङ्कलन र विश्लेषण विधिको प्रयोग भएको पाइन्छ । सामुदायक विद्यालयका विद्यार्थीको तुलनामा संस्थतागत र दोस्रो नेपाली भाषी विद्यार्थी भन्दा पहिलो नेपाली भाषी विद्यार्थीहरुको निबन्ध लेखन क्षमता राम्रो रहेको निष्कर्ष निकालिएको छ ।

सापकोटा (२०६७) द्वारा **सुर्खेत जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरुको निबन्ध लेखन क्षमताको अध्ययन** शीर्षकको शोधपत्रमा सुर्खेत जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरुको निबन्ध लेखन क्षमता पहिचान गर्ने, कक्षा सातमा अध्ययनरत विद्यार्थीहरुको विभिन्न पृष्ठभूमि (भाषिक, छात्र -छात्रा, विद्यालयको प्रकृति) का आधारमा निबन्ध लेखन क्षमताको तुलनात्मक स्थिति पहिल्याउने, विद्यार्थीहरुमा देखिएका कमीकमजोरीहरुको पहिचान गर्ने र निराकरणका उपाय पहिल्याउने उद्देश्य राखी अध्ययन गरेको पाइन्छ । क्षेत्रीय सामग्री सङ्कलन विधिको प्रयोग गरी विद्यार्थीहरुको निबन्ध लेखन क्षमता सामान्य रहेको, नेपाली मातृभाषी विद्यार्थीहरुको निबन्ध लेखन क्षमता कमजोर र

विमातृभाषीका तुलनामा भने नेपाली मातृभाषी विद्यार्थीको स्तर केही मात्रामा माथि रहेको र संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीको निबन्ध लेखन क्षमताभन्दा सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको निबन्ध लेखन क्षमता कमजोर रहेको निष्कर्ष निकालिएको छ ।

ओली (२०६८) द्वारा **रुकुम जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरुको चिठी लेखन क्षमताको अध्ययन** शीर्षकमा शोधपत्र तयार पारिएको छ । प्रस्तुत शोधको उद्देश्य रुकुम जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरुको चिठी लेखन क्षमता पहिचान गर्नु, सामुदायिक र संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको चिठी लेखन क्षमताको तुलनात्मक स्थिति पहिल्याउनु भाषिक पृष्ठभूमिका आधारमा नेपाली मातृभाषी र नेपाली इतर मातृभाषी विद्यार्थीहरुको तुलना गर्नु, लैङ्गिकताका आधारमा छात्र र छात्राहरु बीचको लेखन क्षमताको तुलना गर्नु रहेको पाइन्छ भने प्रस्तुत शोधकार्यका लागि जनसङ्ख्या छनोट र विश्लेषण विधिको प्रयोग भएको पाइन्छ । समग्रमा विद्यार्थीहरुको चिठी लेखन क्षमता सन्तोषजनक रहेको देखिन्छ । आगामी दिनमा लेखन क्षमता अभिवृद्धि गर्न विद्यार्थीहरुलाई क्रियाकलापमा जोड दिनुपर्ने निष्कर्ष निकालिएको पाइन्छ ।

अधिकारी (२०६८) द्वारा **कक्षा आठमा अध्ययनरत दृष्टियुक्त र दृष्टिविहीन विद्यार्थीहरुको श्रुतिबोध क्षमताको तुलनात्मक अध्ययन** शीर्षकमा शोधपत्र तयार पारिएको छ । उक्त शोधपत्रमा कक्षा आठमा अध्ययनरत दृष्टियुक्त र दृष्टिविहीन विद्यार्थीहरुको श्रुतिबोध क्षमता पहिल्याउनु, सार्वजनिक र संस्थागत विद्यालयमा अध्ययनरत दृष्टियुक्त र दृष्टिविहीन विद्यार्थीहरुको श्रुतिबोध क्षमता पत्ता लगाउनु र दृष्टियुक्त र दृष्टिविहीन विद्यार्थीहरुको पठित राधा अपठित उद्धरणका आधारमा बीचको श्रुतिबोध क्षमताको तुलनात्मक स्थिति पहिल्याउनु जस्ता उद्देश्यहरु राखिएको पाइन्छ । प्रतिनिधि नमुना छनोट विधिको प्रयोग गरी शोधकार्य सम्पन्न गरिएको छ । यस शोधकार्यमा दृष्टियुक्त र दृष्टिविहीन विद्यार्थीहरुको दृष्टांश र अदृष्टांश दुवै उद्धरणको श्रुतिबोध क्षमता सन्तोषजनक रहेको, दृष्टांश उद्धरणमा दृष्टिविहीन विद्यार्थीहरुको श्रुतिबोध क्षमता बढी रहेको संस्थागत विद्यालयका विद्यार्थीहरुको श्रुति बोध क्षमता राम्रो र दृष्टियुक्त विद्यार्थीहरुको श्रुति बोध क्षमता तुलनात्मक रूपमा राम्रो रहेको निष्कर्ष निकालिएको छ ।

के.सी. (२०६९) द्वारा **कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरुको चिठी लेखन क्षमताको अध्ययन** शीर्षकमा शोधपत्र तयार पारिएको छ । प्रस्तुत शोधको उद्देश्य दाङ् जिल्लाका कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरुको चिठी लेखन क्षमता सम्बन्धी प्रक्रियागत रूपमा विषय वस्तु प्रस्ट्याई भाषाशैली, मौलिकता र भाषिक शुद्धताको पहिचान गर्नु, सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरुको चिठी लेखन क्षमताको तुलनात्मक स्थिति पहिल्याउनु, लैङ्गिकताका आधारमा विद्यार्थीहरुकमो चिठी लेखन क्षमताको तुलनात्मक स्थिति पहिल्याउनु र उक्त विद्यार्थीहरुमा चिठी लेखन सम्बन्धी कमजोरीहरु पत्ता लगाई निराकरणका उपायहरु पहिल्याउनु रहेको छ । क्षेत्रीय सामग्री सङ्कलन विधिमा आधारित शोधकार्यमा कक्षा पाँचमा अध्ययनरत विद्यार्थीको चिठी लेखन क्षमता सन्तोषजनक रहेको, सामुदायिकको तुलनामा संस्थागत विद्यालय र छात्राको तुलनामा छात्रको चिठी लेखन क्षमता सन्तोषजनक रहेको निष्कर्ष निकालिएको छ ।

कँडेल (२०७०) द्वारा **स्नातक तह नेपाली पाठ्यपुस्तकमा समाविष्ट लेखाइ सिप सम्बन्धी अभ्यासको अध्ययन** शीर्षकमा शोधपत्र तयार पारिएको छ । प्रस्तुत शोधको उद्देश्य स्नातक नेपाली पाठ्यपुस्तकमा लेखाइ सिपसँग सम्बन्धित अभ्यासहरुको अध्ययन गर्नु, समाविष्ट अभ्यासहरु, उद्देश्य अनुरूप भए नभएको अध्ययन गर्नु, लेखाइ सिप सम्बन्धी अभ्यासहरु तहगत रूपमा भए नभएको अध्ययन गर्नु रहेको छ । प्रस्तुत शोधकार्यका लागि पुस्तकालय विधिको प्रयोग गरिएको छ । समग्रमा स्नातक नेपाली पाठ्यपुस्तकमा लेखाइ सिप सम्बन्धी अभ्यासहरु भएको, ती अभ्यासहरु तहगत रूपमा उपयुक्त रहेको र समाविष्ट लेखाइ सिपहरु उद्देश्य अनुरूप नै रहेको निष्कर्ष निकालिएको छ ।

बोहोरा (२०७०) द्वारा **रामेछाप जिल्लाका कक्षा दसमा अध्ययनरत विद्यार्थीहरुको चिठी तथा निवेदन लेखन क्षमताको अध्ययन** शीर्षकमा अनुसन्धान भएको पाइन्छ । प्रस्तुत शोधपत्रको उद्देश्य सरकारी र संस्थागत विद्यालयका विद्यार्थीहरुको चिठी वा निवेदन लेखन क्षमता पहिल्याउनु, भाषिक पृष्ठभूमिका आधारमा, लैङ्गिकताको आधारमा तुलनात्मक स्थिति पहिल्याउनु र उनीहरुसँग भएका कमीकमजोरीहरु पत्ता लगाइ सो निराकरण गर्न आवश्यक सुझाव दिनु रहेको छ । प्रस्तुत शोधकार्यका लागि क्षेत्रीय अध्ययन विधिको प्रयोग गरिएको पाइन्छ । उक्त शोधकार्यमा कक्षा दस पुरा गरेका समग्र विद्यार्थीहरुको चिठी वा

निवेदन लेखन क्षमता उच्च रहेको पाइन्छ । सरकारी र संस्थागत विद्यालयको तुलनामा संस्थागत विद्यालयको चिठी वा निवेदन लेखन क्षमता उच्च रहेको विमातृभाषी विद्यार्थी र छात्रा विद्यार्थीको चिठी वा निवेदन लेखन क्षमता उच्च रहेको निष्कर्ष निकालिएको छ ।

खतिवडा (२०७१) द्वारा **इलाम जिल्लाका कक्षा चारमा अध्ययनरत विद्यार्थीहरुको श्रुति लेखन क्षमताको अध्ययन** शीर्षकमा शोधपत्र तयार पारिएको छ । प्रस्तुत शोधको उद्देश्य समग्र विद्यार्थीहरुको श्रुति लेखन क्षमताको अध्ययन गर्नु, भाषिक पृष्ठभूमिका आधारमा श्रुति लेखन क्षमताको अध्ययन गर्नु, वर्ण विन्यास र चिह्न प्रयोगका आधारमा श्रुति लेखन क्षमताको अध्ययन गर्नु र वाक्य गठनका आधारमा छात्र र छात्राको श्रुति लेखन क्षमताको अध्ययन गर्नु रहेको छ । जनसङ्ख्या र नमुना छनोट विधिको प्रयोग गरी तयार पारिएको  शोधपत्रमा समग्र विद्यार्थीको श्रुति लेखन क्षमता सन्तोषजनक रहेको, नेपाली भाषा पहिलो भाषा नभएका विद्यार्थीहरुको श्रुति लेखन क्षमता सन्तोषजनक नभएको, छात्राहरुको तुलनामा छात्रहरुको श्रुति लेखन क्षमता उच्च रहेको, चिहन प्रयोग, वाक्यगठन र वर्ण विन्यासका आधारमा नेपाली भाषा दोस्रो भाषका रूपमा लिने विद्यार्थीहरुको श्रुति लेखन क्षमता कमजोर रहेको निष्कर्ष उल्लेख गरिएको छ ।

भण्डारी (२०७२) द्वारा **बझाङ जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरुको अनुच्छेद लेखन क्षमताको अध्ययन** शीर्षकमा शोधपत्र तयार पारिएको छ । प्रस्तुत शोधको उद्देश्य बझाङ जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीको अनुच्छेद लेखन क्षमता पत्ता लगाउनु, विद्यालयको प्रकृति र लैङ्गिकताका आधारमा अनुच्छेद लेखन क्षमता पहिचान गर्नु रहेको छ । जनसङ्ख्या छनोट, प्रतिनिधि जनसङ्ख्या, सामग्री निर्माण र तथ्याङ्क सङ्कलन विधिको प्रयोग गरी तयार पारिएको शोधपत्रमा समग्र सामुदायिक र संस्थागत विद्यार्थीहरुको शीर्षक चयन क्रमबद्धता र मौलिकता राम्रो रहेको, संस्थागत विद्यालयका विद्यार्थीको अनुच्छेद लेखन क्षमता राम्रो रहेको निष्कर्ष निकालिएको छ ।

कार्की (२०७३) द्वारा **उदयपुर जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरुको प्रश्नोत्तर लेखन क्षमताको अध्ययन** शीर्षकमा शोधपत्र तयार पारिएको छ । प्रस्तुत शोधको उद्देश्य कक्षा नौमा अध्ययनरत विद्यार्थीहरुको विद्यालयको प्रकृति, भाषिक पृष्ठभूमिका आधारमा समग्र विद्यार्थीहरुको प्रश्नोत्तर लेखन क्षमताको अध्ययन गर्नु रहेको छ । जनसङ्ख्या छनोट, प्रतिनिधि नमुना छनोट र तथ्याङ्क सङ्कलन विधिको प्रयोग गरी तयार

पारिएको शोधपत्रमा समग्र विद्यार्थीको प्रश्नोत्तर लेखन क्षमता मध्यम किसिमको, विद्यालयको प्रकृतिका आधारमा विद्यार्थीको प्रश्नोत्तर लेखन क्षमता सामान्य र भाषिक पृष्ठभूमिका आधारमा पहिलो नेपाली भाषी विद्यार्थीको प्रश्नोत्तर लेखन राम्रो रहेको र संक्षिप्त उत्तरात्मक प्रश्नोत्तर लेखन क्षमता समग्र विद्यार्थीको राम्रो रहेको निष्कर्ष निकालिएको छ ।

माथि उल्लेख गरिएका शोधार्थीहरुका सम्पूर्ण शोधपत्रलाई समावेश गर्न आवश्यक नदेखिएकाले आवश्यकता अनुसार शोधार्थीहरुको शोधपत्र समावेश गरिएको र म्याग्दी जिल्लाका कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरुको श्रुति लेखन क्षमताको अध्ययन शीर्षकमा अनुसन्धान नभएका कारण यो अध्ययन एक नवीन, सान्दर्भिक र अत्यावश्यक रहेको देखिन्छ ।

## २.२ सैद्धान्तिक अवधारणा

भाषिक बोध र अभिव्यक्तिमा दक्षता हासिल गर्न भाषिक सिपहरुको शिक्षण गरिन्छ । सुनाइ, बोलाइ, पढाइ, लेखाइ भाषाका आधारभूत सिप हुन् । भाषा शिक्षण यी चारवटै सिपमा निपूर्ण बनाउन शिक्षण गरिन्छ । सुनाइ र पढाइ ग्रहणात्मक वा आदानात्मक सिप हुन् भने बोलाइ र लेखाइ अभिव्यक्तिगत वा प्रदानात्मक सिप हुन् । त्यस्तै सुनाइ र बोलाइ मौखिक सिप हुन भने पढाइ र लेखाइ लिप्यात्मक सिप हुन् । राम्रोसँग सुन्नु, सुने अनुसारको ध्वनि उच्चारण गरेर बोल्नु, ध्वन्यात्मक उच्चारण अनुसार पढ्नु र उच्चारण सङ्केत अनुसारका लिपि प्रयोग गरेर लेख्नु भाषा सिकाइको अभीष्ट हो (पौडेल, २०७०) । भाषामा मौखिक सिप कमजोर भएमा लिप्यात्मक सिप पनि कमजोर हुन्छ । त्यस्तै सुनाइ सिप कमजोर भएको खण्डमा त्यसको असर बोलाइ, पढाइ र लेखाइमा समेत पर्न गई ती सिपहरु पनि कमजोर हुन्छन् । एउटा सिपको प्रभाव अर्को सिपमा पर्न जाने अनि प्रत्येक सिप पृथक् पृथक् रूपमा अस्तित्ववान् हुन नसक्ने भएकाले भाषाका सिपहरु एक आपसमा अन्तर्सम्बन्धित र अन्योन्याश्रित हुन्छन् ।

### २.२.१ लेखाइ सिपको परिचय

भाषाका मौखिक र लिखित गरी दुई रूप हुन्छन् । मनका अन्तर भावनाहरुलाई ध्वनि सङ्केतका माध्यमले अभिव्यक्त गर्दा मौखिक भाषा र ध्वनि सङ्केतहरुलाई लिपिका

माध्यमले अभिव्यक्त गर्दा लिखित भाषा तयार हुन्छ । बोलेर विचार विनिमय गर्न नसकिने स्थितिमा लेखनको सहायता लिइन्छ । लिखित भाषा स्थायी किसिमको हुन्छ । यसमा स्थान र समयको सीमा हुँदैन । व्यक्तिले आफूले अनुभव र ज्ञान गरेका कुराहरुलाई अरु समक्ष प्रस्तुत गर्न, सम्झनामा राखी राख्न वा साँचि राख्न र भविष्यमा आफू र अरुका लागि समेत उपयोगी बनाउन लेखन कलाले मद्दत गर्छ (पौडेल, २०७० : ८५-८६) । लेखाइ कुनै पनि व्यक्तिको मनमा लागेका कुराहरुलाई लिपिबद्ध भाषामा प्रस्तुत गर्नु नै लेखाइ हो । बेल (Bell) का अनुसार “लेखाइ भनेको हाम्रो मस्तिष्कमा रहेका कुराहरु अभिव्यक्त गर्ने एउटा साधन हो । यसलाई बालकहरुले प्राप्त गरेको ज्ञानलाई संरक्षण गर्ने माध्यमका रूपमा पनि लिइन्छ । त्यसै गरी यसले विद्यार्थीहरुमा उपयोगी कुराहरु बिर्सन सक्ने समस्यालाई केही हदसम्म रोकथाम गर्ने काम पनि गर्दछ । त्यस्तै आफूले पढेका कुराहरुका विषयमा टिपोट बनाउने र सारांश लेख्ने बानीले पढेका कुराहरुलाई सङ्कलन र सङ्गठन गर्न मद्दत गर्दछ ।” त्यस्तै फ्रान्सिल बेकनका अनुसार “पढाइले पूर्ण मान्छे बनाउँछ, क्रिया प्रतिक्रियाले तत्पर मान्छे बनाउँछ भने लेखाइले वास्तविक मान्छे बनाउँछ (ढुङ्गेल र दाहाल, २०६९ : २४५) ।” लेखाइ सिपको विकासका लागि श्रुति लेखनको महत्त्वपूर्ण भूमिका रहेको छ । विद्यार्थीहरुमा लेखन कलाको विकासका लागि चित्र वर्णन, अनुलेखन, श्रुति लेखन, चिठी लेखन कथा लेखन, प्रतिवेदन लेखन र निबन्ध लेखन जस्ता लेखाइसँग सम्बन्धित क्रियाकलाप गराउनु आवश्यक रहेको छ ।

### २.२.२ प्राथमिक तहमा लेखाइ शिक्षणको आवश्यकता र महत्त्व

भाषाका चार वटा सिपहरुमध्ये लेखाइ एक महत्त्वपूर्ण सिप हो । सुनेका बोलेका र पढेका कुरालाई सिलसिला मिलाई प्रस्तुत गरिने काम लेखाइबाट हुन्छ । सुनाइ बोलाइ र पढाइका अतिरिक्त प्राथमिक तहमा लेखाइमा अभ्यास गराउनु पनि आवश्यक रहेको छ । लेखाइ शिक्षणबाट दैनिक व्यवहारिक जीवनमा प्रयोग गरिने विभिन्न भाषिक कार्यकलापहरु, जस्तै : चिठी, निवेदन, टिपोट आदि लेख्न सक्ने क्षमताको विकास गराउन सकिन्छ । आफ्नो अनुभवलाई सञ्चित गर्न, आफ्ना भावनाहरु कलात्मक रूपमा अभिव्यक्त गर्न, लेखाइलाई नियमबद्ध, व्यवस्थित गराउन, सिर्जनात्मक क्षमताको विकास गर्न, विषय प्रसङ्ग अनुसार भाषिक शैलीको विकास गर्न, हिज्जे, चिह्न र अनुच्छेद मिलाएर लेख्ने सिपको विकास गर्न, सफा अक्षर, व्याकरणसम्मत भाषाको प्रयोग गर्न, सामान्य उखान टुक्काको सही प्रयोग गर्न

र लेखाइमा पालन गर्नुपर्ने नियम जस्तै मार्जिन छाड्नु किनारा छाड्ने सिपको विकास गर्नका लागि प्राथमिक तहमा लेखाइ शिक्षणको आवश्यकता र महत्त्व रहेको छ ।

### २.२.३ लेखाइ शिक्षणका कार्यकलाप

शिक्षणलाई सफल र प्रभावकारी बनाउन भाषा शिक्षकले विषय वस्तुको प्रकृति, विद्यार्थीको स्तर र आवश्यकतालाई ध्यानमा राखेर शिक्षण कार्यकलाप सञ्चालन गर्नु पर्दछ । लेखाइ शिक्षणलाई उद्देश्यपूर्ण, चिरस्थायी र प्रभावकारी बनाउनका लागि विद्यार्थीको शैक्षिक स्तर, विद्यालयको भौतिक साधनको अवस्था, समयको उपलब्धता र विषय वस्तुको प्रकृति आदिलाई ध्यानमा राखी शिक्षकले शिक्षण कार्यकलापको प्रयोग गर्नु राम्रो मानिन्छ । पूर्व प्राथमिक तहदेखि माध्यमिक तहसम्म विद्यार्थीको स्तर र आवश्यकतालाई ध्यानमा राखी लेखाइ सिपको विकास गर्न लेखाइ सिप विकासका कार्यकलापलाई क्रमशः प्रयोग र स्तरीकरण गर्दै लैजान सकिन्छ ।

**लेखाइ शिक्षणका कार्यकलापहरु निम्नलिखित छन्:**

१. अनुलेख
२. हस्त लेखन
३. श्रुति लेख
४. वस्तु तथा चित्र वर्णन
५. अनुभव वर्णन
६. घटना वा यात्रा वर्णन
७. प्रश्नोत्तर लेखन
८. अनुच्छेद लेखन
९. दैनिक व्यवहारको कागजात लेखन
१०. संवाद लेखन
११. निबन्ध लेखन
१२. बुँदा टिपोट
१३. सङ्क्षेपीकरण
१४. विस्तृतीकरण

१५. टिप्पणी लेखन

१६. प्रतिवेदन लेखन

१७. समीक्षा लेखन

१८. सिर्जनात्मक लेखन

(स्रोत : ढुङ्गेल र दाहाल २०६९ : २५०)

### २.२.४ श्रुति लेखनको परिचय

श्रुति लेखनको अर्थ सुनेर लेख्ने अभ्यास हो । कुनै कुरा सुन्ने र सुनेका आधारमा धारण गरी लेख्ने कार्य श्रुति लेखन हो । सुनाइ सिपसँग श्रुति र लेखाइ सिपसँग लेखन सम्बन्धित छ । श्रुति र लेखन शब्द मिलेर श्रुति लेखन भएको हो । विद्यार्थीले सुनेका आधारमा शब्द, पदावली, उपवाक्य, वाक्य र अनुच्छेद लेख्ने अभ्यास गर्दछ । श्रुति लेखन क्षमता बढाउन शब्दका तहमा श्रुतिसम भिन्नार्थक शब्द, मात्रागत भिन्नता भएका शब्द, वर्णगत कठिनाइयुक्त शब्दलाई लिन सकिन्छ । पदावलीका तहमा नाम, विशेषण, क्रियायोगी पदावलीलाई प्रयोगमा लिन सकिन्छ । वाक्यका तहमा सरल, संयुक्त र मिश्र तथा अनुच्छेदका तहमा वस्तुपरक, आत्मपरक, विवरणात्मक आदिलाई प्रयोगमा लिन सकिन्छ । सुनेका भरमा विद्यार्थीले लेखेका कुरालाई हेरेर अथवा जाँचेर उनीहरुका श्रवण दक्षता अथवा कमीकमजोरी पत्ता लगाउन सकिन्छ र रचनात्मक सुधार र हौसला प्रदान गर्न सकिन्छ (शर्मा र पौडेल, २०६८ : १२१) । सुनेर बुझेका आधारमा लेख्नु नै श्रुति लेखन हो । लेखाइ सिप विकासको पनि अभिन्न अङ्ग मानिने यो कार्यकलाप श्रवण कौशलका लागि पनि अपरिहार्य मानिन्छ । भाषा विकासमा श्रुति लेखनको महत्त्वपूर्ण भूमिका रहन्छ ।

अरुले भनेका कुरा बुझेर शुद्धसँग तीव्र गतिमा लेख्ने क्षमता हासिल गर्नु श्रुति लेखनको प्रमुख उद्देश्य मानिन्छ । बोधगम्यता, शुद्धता एवं शीघ्रताको साथ लेख्नु नै श्रुति लेखनको प्रयोजन हो । श्रुति लेखनबाट विद्यार्थीको श्रवणेन्द्रिय पक्षहरु पनि प्रशिक्षित हुन्छन् । जसले गर्दा उनीहरुमा भाषाको शुद्ध रूपलाई सावधानीका साथ सुन्ने, लेखाइमा गति ल्याउने, हात, कान र मस्तिष्कको क्रियालाई एकसाथ सन्तुलन स्थापित गर्ने क्षमताको विकास हुन्छ । हिज्जे परीक्षण, स्मरण शक्तिको विकास र सुनेका आधारमा भाव ग्रहण गर्ने क्षमताको विकासका लागि पनि श्रुति लेखन अत्यन्त प्रभावकारी मानिन्छ । यसबाट हिज्जे शिक्षण नभई हिज्जे परीक्षण मात्र गरिन्छ (ढुङ्गेल र दाहाल २०६९ : २५१) ।

श्रुतिबोधलाई श्रवण कला विकासको महत्त्वपूर्ण आधारका रूपमा लिइन्छ । भाषाको विकास श्रुतिबाटै आरम्भ हुने भएकाले श्रुतिबोध क्षमताको विकासलाई भाषा शिक्षणको आधार बिन्दु मान्न सकिन्न (शर्मा र पौडेल, २०६८ : ११०) । श्रुति लेखन सम्बन्धी वाक्यगत, विषय वस्तुगत, श्रोतागत, भाषिक क्षमतागत आदि कारणले समस्या उत्पन्न हुन सक्छ । यसकारण श्रुति लेखन शिक्षण गराउँदा यी विविध समस्याहरुलाई ध्यानमा राखी शिक्षण गर्न सकिन्छ । श्रुति लेखनमा माथिल्ला तहमा अदृष्टांश अनुच्छेदको पनि उपयोग गर्न सकिन्छ तह प्रारम्भिक कक्षाहरुका विद्यार्थीहरुमा दृष्टांश अनुच्छेदहरुको उपयोग नै प्रभावकारी एवं उद्देश्यपूर्ण हुन्छ (शर्मा र पौडेल, २०६८ : १७५) । यसकारण कक्षा तथा स्तर अनुसार यसको प्रयोग गरेर भाषिक अभिव्यक्ति र बोध क्षमताको विकास गराउन सकिन्छ ।

श्रुति लेखन कार्यकलापबाट शब्द गठन क्षमता, वर्ण विन्यास क्षमता, द्रुत लेखन क्षमता, विराम चिह्न प्रयोग क्षमता जस्ता पक्षहरुको सुधार गर्न सकिन्छ । श्रवण गर्ने क्षमता तथा श्रवणका आधारमा व्याख्या विश्लेषण गर्ने एवं तर्क वितर्क, खण्डन मण्डन गर्ने क्षमताको विकास यसबाट गर्न सकिन्छ । श्रुति लेखनलाई कतिपयले सरल र सहज प्रक्रियाका रूपमा लिएता पनि यथार्थमा यो त्यति सहज र सरल प्रक्रिया होइन । यो वक्ताको आशय र आवश्यकता अनुसार अत्यन्त विविध र जटिल किसिमको हुन सक्छ । समग्रमा श्रुति लेखन श्रुतिबोध र लेखाइ सिपका विविध कार्यकलापहरुमध्ये महत्त्वपूर्ण कार्यकलापका रूपमा लिइन्छ ।

### २.२.५ श्रुति लेखनको आवश्यकता र महत्त्व

कुनै पनि कुरा जान्न, कुनै कुराप्रति आफ्नो प्रतिक्रिया व्यक्त गर्त अरुको निर्देशन पालन गर्न, श्रुति लेखनको आवश्यकता देखिन्छ । विद्यार्थीहरुले लेख्ने क्रममा गर्ने वर्ण विन्यास, लेख्य चिह्न, वाक्यगठन, शुद्ध लेखन क्षमताको विकास, ध्यान केन्द्रित गरी सुन्ने क्षमताको विकास, श्रुति लेखनका कमीकमजोरीहरु निराकरण गर्न, भाषा र भाषेत्तर विषय वस्तु सुनेर बोध गर्नु र त्यसकै आधारमा लेख्ने क्षमताको विकास गर्नका लागि श्रुति लेखन आवश्यक पर्दछ ।

श्रुति लेखन सुनाइ र लेखाइ सिप क्षमताको विकास गर्न भाषा शिक्षणमा यसको महत्त्व रहेको छ । शिक्षण कार्यमा सहभागी हुन आफ्नो दैनिक व्यवहार सञ्चालन गर्न, वक्ताले बोलेको कुरा सुनेर त्यसको आशय बुझी प्रतिक्रिया व्यक्त गर्न, विश्वमा भएका विविध घटना, आविष्कार आदि बारे ज्ञान हासिल गर्न, बोध र अभिव्यक्ति क्षमताको विकास गर्न, ध्वनि पहिचान गर्न श्रुति लेखनको महत्त्व रहेको छ । यसको महत्त्व भाषा शिक्षणमा मात्र नभई जुनसुकै शिक्षण सिकाइ कार्यकलापमा पनि रहेको पाइन्छ ।

### २.२.६ श्रुति लेखनको प्रयोजन

अरुले भनेका कुराहरुलाई सुनेका आधारमा सिलसिलेबार ढङ्गले अभिव्यक्त गर्नुलाई श्रुति लेखन भनिन्छ । प्रारम्भिक तहमा दृष्टांश र माध्यमिक तहमा अदृष्टांश सामग्रीको प्रयोग गरी श्रुति लेखन गराउन सकिन्छ । श्रुति लेखन गर्नुको मुख्य प्रयोजन निम्नानुसार रहेको छ :

- विद्यार्थीहरुमा ध्यानपूर्वक गहन सुनाइको विकास गर्न
- सुनेका आधारमा सिलसिलेबार ढङ्गले आफ्नो अभिव्यक्ति प्रस्तुत गर्न
- विद्यार्थीहरुमा सुनाइ र लेखाइ सिपको विकास गराउन
- लेखाइका क्रममा त्रुटि हुने क्षेत्र पहिचान गरी त्यसको निराकरण गर्न
- वर्ण विन्यास, लेख्य चिह्न र वाक्यगठन क्षमताको विकास गर्न,
- भाषिक एकाइ शब्द देखि अनुच्छेदका तहमा प्रभावकारी तवरले सुन्ने र लेख्ने क्षमताको विकास गर्न ।

### २.२.७ श्रुति लेखनका लागि सामग्री छनोट

श्रुति लेखनका लागि प्राथमिक कक्षामा उनीहरुले पढेका पाठको सामग्री उपयोग गर्नुपर्छ भने माथिल्ला कक्षाहरुमा अपठित सामग्रीको प्रयोग गर्न सकिन्छ । प्रारम्भिक कक्षामा श्रुति लेखन गराउँदा शिक्षकले श्रुति लेखनका सामग्री पढेर सुनाइदिनु पर्दछ भने माथिल्ला कक्षामा त्यसरी सुनाउन आवश्यक छैन । श्रुति लेखनका लागि तयार पारिएको सामग्री विद्यार्थीका लागि अति नै सरल र अति नै जटिल हुनुहुँदैन । श्रुति लेखनका लागि प्राथमिक तहमा पर्याप्त अर्थात् अलि बढी समय दिनुपर्छ । श्रुति लेखन कार्य सकिएपछि विद्यार्थीलाई आफूले लेखेको पढ्न लगाएर सच्चाउन लगाउनु पर्दछ । यसो गर्नाले

उनीहरुमा आत्मविश्वासको विकास हुन्छ । शिक्षकले सबै श्रुति लेखन सामग्री जाँच्न नसकेमा विद्यार्थीले एक अर्काको जाँच्न लगाएर उनीहरुले जाँचको ठिक छ/छैन भनी निरीक्षण गर्न सकिन्छ (ढुङ्गेल र दाहाल २०६९ : २५२) । यसरी श्रुति लेखन सामग्रीको छनोट गरी श्रुति लेखन गराउन सकिन्छ ।

### २.२.८ श्रुति लेखनको शिक्षण क्रम

श्रुति लेखन गर्ने क्रममा विद्यार्थीको स्तर र क्षमता अनुकुल सामग्रीको छनोट गरी त्यसलाई क्रमानुसार शिक्षण गर्दा श्रुति लेखन राम्रो हुन्छ । यसमा पहिलो अवस्था विद्यार्थीका लागि सुनाइको अवस्था श्रुति लेखनका लागि तयारी अवस्था मानिन्छ । यस अन्तर्गत विद्यार्थीलाई श्रुति लेखनका लागि प्रयोग गरिने सामग्रीलाई एक पटक विस्तारै पढेर सुनाउने, कठिन शब्दहरु कालोपाटीमा शुद्धसँग लेखिदिने, एउटा शब्दलाई दुई दुई पटकसम्म उच्चारण गरिदिने र पाठ सकिएपछि फेरि दोहोऱ्याएर पुरै भनिदिनु पर्दछ । त्यसै गरी दोस्रो अवस्थामा लेख्य सामग्रीलाई एकपटक राम्ररी पढिदिने, बोल्दा प्रत्येक पदावलीलाई दुईपटक पढिदिने र अन्त्यमा पूरै पाठ फेरि एकपटक पढिदिने गर्नुपर्छ । अन्त्यमा तेस्रो अवस्थामा पूरा अंश पढेर सुनाउने, अलि छिटो वाक्यांशलाई पढ्ने र अन्त्यमा पुनरावृत्ति गरिदिई श्रुति लेखनको शिक्षण क्रमलाई अगाडि बढाउन सकिन्छ (ढुङ्गेल र दाहाल २०६९ : २५२) । यसरी शिक्षणक्रमका आधारमा श्रुति लेखन गर्दा उत्कृष्ट र राम्रो श्रुति लेखन गराउन सकिन्छ ।

### २.२.९ श्रुति लेखन सम्बन्धी कमजोरीका कारणहरु

सुनाइ तथा श्रुति लेखन सम्बन्धी विविध कारणहरुले गर्दा यसमा बाधा उत्पन्न हुन्छ । श्रुति स्पष्ट रूपमा भएन भने पूर्ण रूपमा बोध गर्न सकिदैन र लेख्न पनि कठिन हुन्छ । श्रुति लेखन सम्बन्धी कमजोरीका कारणहरु देहाय बमोजिम सङ्क्षिप्त रूपमा चर्चा गर्न सकिन्छ :

#### क. व्यक्तिगत/शारीरिक कारण

सुनाइ तथा श्रुति बोध सम्बन्धी क्षमताको विकासमा व्यक्तिको श्रवणेन्द्रिय अर्थात् कानको महत्त्वपूर्ण भूमिका हुन्छ । कानको खराबी अर्थात् शारीरिक कमजोरीका कारणले

श्रुति लेखन क्षमतामा बाधा पुऱ्याउँदछ । प्रभावकारी तरिकाले बोध हुने गरी सुन्न सकिएन भने लेख्न सकिदैन ।

### ख. पारिवारिक कारण

सुनाइ र बोलाइ सम्बन्धी गतिविधि कम हुने परिवारका बच्चाहरु बढी गतिविधि हुने परिवारका बच्चाहरु भन्दा भाषिक दक्षतामा कमजोर हुन्छन । पारिवारिक कारणले पनि श्रुति लेखन क्षमतामा बाधा उत्पन्न गरेको हुन्छ ।

### ग. संवेगात्मक कारण

कक्षामा विविध मानसिक स्थिति भएका विद्यार्थीहरु रहन्छन् । तीव्र बौदि्धक क्षमता भएका, औसत क्षमता भएका तथा मन्द क्षमता भएका विद्यार्थीहरु कक्षामा हुन्छन् । यस कारणले पनि श्रुति लेखन कार्यकलापमा संवेगात्मक कारणको प्रभाव पर्दछ ।

### घ. भाषिक कारण

भाषाका कारण यस कार्यकलापमा निकै समस्या आउन सक्छ । पहिलो भाषाका रूपमा नेपाली शिक्षण गर्नेका लागि कठिन नभए पनि दोस्रो भाषाका रूपमा नेपाली माध्यम भाषा हुनेहरुका लागि सुनेका आधारमा लेखन गर्न निकै कठिन हुन्छ । यसकारण श्रुति लेखनमा भाषाका कारणले विविध समस्या उत्पन्न हुने गर्दछ ।

### ङ. वातावरणजन्य कारण

बच्चाको आफ्नो दैनिक भाषिक व्यवहारले पनि उसको भाषिक क्षमता विकासमा प्रभाव पार्दछ । श्रुति लेखन गराउँदा आवश्यक कक्षाको वातावरण, स्रोतागत लगायत विविध कारणले पनि बाधा पुऱ्याउँदछ ।

### च. शैक्षिक कारण

भाषा  शिक्षण पढाउने शिक्षक भाषिक सिप विकासमा दक्ष हुनु पर्दछ । आफूमा पूर्व ज्ञान र सिकाउने कौशल पनि हुन आवश्यक छ । भाषिक सिप सिकाउने तौरतरिका, शिक्षण सामग्री, विद्यालयको विविध अवस्था आदिले समेत श्रुति लेखनमा प्रभाव पार्दछ ।

यसरी समग्रमा श्रुति लेखन सम्बन्धी कमजोरी हुनुका विविध कारणहरु पाइन्छन् । माथि उल्लिखित कारणहरुका अतिरिक्त अन्य थुप्रै कारणहरु पनि पाइन्छ । यी समस्याहरु समाधान गरी श्रुति लेखन गर्‍यो भने सुनाइ र लेखाइ दुईवटै क्षमताको विकास हुन्छ ।

## २.३ श्रुति लेखन सम्बन्धी त्रुटि हुने प्रमुख क्षेत्र

सुनेका कुरालाई जस्ताको त्यस्तै लेख्नु श्रुति लेखन हो । यसले लेखाइमा शुद्धता र स्पष्टता ल्याउँछ र सुनेर बोध गर्ने क्षमताको समेत विकास गर्दछ । श्रुति लेखनले सुनेका कुरालाई राम्ररी बुझेर शुद्धताका साथ लेख्ने बानीको विकास गराई लेखाइ कार्यमा आएका कठिनाइको सहजतापूर्वक समाधान गर्न सक्ने क्षमताको विकास गराउँदछ । श्रुति लेखन सुनाइ र लेखाइसँग सम्बन्धित भएकाले सुनाइ र लेखाइका त्रुटि क्षेत्रहरु श्रुति लेखनका त्रुटि क्षेत्रहरु, अन्तर्गत पनि राखिएको पाइन्छ । श्रुति लेखन गराउँदा सही स्थानमा विराम चिह्नको प्रयोग गर्न नसक्नु, शब्दलाई उच्चारण अनुरूप सही तरिकाले मिलाएर लेख्न नसक्नु, श्रवण शुद्ध रूपमा नहुनु र श्रवण अनुरूप लेख्न नसक्नु, सुन्दा उस्तै-उस्तै लाग्ने वर्णहरु लेख्दा अलमलिनु, श्रुतिसम भिन्नार्थक शब्द सुनेका आधारमा लेख्न नसक्नु श्रुति लेखन कार्यमा एकैसाथ सुनाइ र लेखाइ कार्य हुने हुँदा ध्यान पूर्वक सुन्न र सोही अनुरूप लेख्न अलमलिनु ध्वनि उच्चारण ध्यानपूर्वक नसुन्दा लेखनमा गलत प्रयोग हुनु, ध्वनि पहिचान गरी सुन्न नसक्नु, विविध आरोह अवरोह गति यतिको ख्याल नगर्नु र भाषिक एकाइहरुमा श्रुति लेखन गराउँदा विविध समस्या हुनु जस्ता कुराहरु श्रुति लेखन सम्बन्धी त्रुटि हुने प्रमुख क्षेत्रहरु हुन् ।

### २.३.१ श्रुति लेखनमा त्रुटि निराकरणका उपायहरु

श्रुति लेखन कार्यमा विभिन्न किसिमका त्रुटिहरु देखापर्ने गर्दछ । उक्त त्रुटिहरुलाई शिक्षकले सावधानीपूर्ण तरिकाले अध्ययन, विश्लेषण गरी सही रूपमा निर्देशन गरी समाधानका उपायहरु अपनाउनु पर्दछ । शिक्षकले श्रुति लेखनका लागि तयार पारेको सामग्री शुद्ध उच्चारण गरिदिने र विद्यार्थीहरुलाई पनि उच्चारण गर्न लगाउने, लेख्नका लागि तयार गर्ने शिक्षकले भन्ने र सुनेका कुरालाई जस्ताको त्यस्तै लेख्न लगाउने, श्रुति लेखनका लागि तयार पारिएको सामग्रीलाई परिस्थिति अनुसार दुई तिन पटक भनिदिने, प्रत्येक शब्द र अनुच्छेदको श्रुति लेखन गराउँदा गति अनुसार शिक्षकले भनिदिने, विद्यार्थीको स्तर र

क्षमताले सक्ने किसिमको सामग्री छनोट गरी श्रुति लेख्न गराउने, चिह्न, बिराम, गति, यति, आरोह, अवरोह, अनुसार शब्द र वाक्यको उच्चारण शिक्षकले गरी सोही अनुरूप लेख्न लगाउने गर्नुपर्दछ । सुन्दा उस्तै लाग्ने शब्द, शुद्ध रूपमा उच्चारण गरिदिने र शुद्ध लेख्न लगाउने गर्नुपर्दछ । विभिन्न किसिमका कठिन शब्दहरु भएका खण्डमा धेरै पटक शुद्ध तरिकाले शिक्षकले बताइदिनु पर्दछ । यसरी भाषिक शुद्धतामा प्रोत्साहित गरी श्रुति लेखन गराउन सकिन्छ ।

श्रुति लेखन सुन्दा जति सहज किसिमको देखिन्छ त्यो त्यति सहज छैन । यसमा शब्दको उच्चारण गति यति, आरोह, अवरोह, बिराम चिह्न, विभिन्न लेख्य चिह्न आदिको प्रयोग सही तरिकाले गरी उनीहरुको स्तर अनुरूप श्रुति लेखन गराउनु पर्दछ । विद्यार्थीहरुलाई स्तर अनुरूप हुने गरी पटक पटक लेखाएर निरन्तर अभ्यास गराइ श्रुति लेखन सम्बन्धी आइपर्ने समस्याहरुलाई निराकरण गर्न सकिन्छ ।

श्रुति लेखन सुन्दा जति सहज किसिमको देखिन्छ त्यो त्यति सहज छैन । यसमा शब्दको उच्चारण गति यति, आरोह, अवरोह, विराम चिह्न, विभिन्न लेख्य चिह्न आदिको प्रयोग सही तरिकाले गरी उनीहरुको स्तर अनुरूप श्रुति लेखन गराउनु पर्दछ । विद्यार्थीहरुलाई स्तर अनुरूप हुने गरी पटक पटक लेखाएर निरन्तर अभ्यास गराइ श्रुति लेखन सम्बन्धी आइपर्ने समस्याहरुको निराकरण गर्न सकिन्छ ।

### २.३.२ श्रुति लेखनका कार्यकलाप

श्रुति लेखन शिक्षण गर्दा विविध कार्यकलाप गराउन सकिन्छ । विद्यार्थीको स्तर र आवश्यकता अनुसार कार्यकलाप सञ्चालन गर्न सकिन्छ । भाषिक एकाइमा आधारित भएर श्रुति लेखन गराइयो भने प्रकावकारी हुन्छ । श्रुति लेखन भाषाका शब्दका तहमा, पदावलीका तहमा उपवाक्यका तहमा, वाक्यका तहमा र अनुच्छेदका तहसम्म गराउन सकिन्छ । यसका कार्यकलापहरुलाई निम्नानुसार चर्चा गर्न सकिन्छ :

#### क. ध्वनि विभेदीकरण

पूर्व प्राथमिक वा आधारभूत तहमा पनि प्रारम्भिक अवस्थामा कतिपय विद्यार्थीहरु भाषिक अभाषिक ध्वनि पहिचानमै अलमलिन सक्छन् । त्यसै गरी चर्को-मसिनो, स्पष्ट अस्पष्ट र धोद्रो-सुरिलो आदि विभिन्न ध्वनि पहिचान गर्न नसकी श्रवण क्षमतामा कमजोरी

आउँछ र लेखन क्षमताको राम्रोसँग विकास गर्न सकिदैन । श्रुति लेखनका लागि ध्वनि पहिचान र त्यसको विभेद गर्ने क्षमता पूर्वावश्यक सर्त पनि हो । खास गरी इतर नेपाली शिशुहरुमा यस्तो क्षमता आफ्नो मातृभाषाको उच्चारण प्रभावका कारणले कमजोर हुन सक्छ । त्यसैले त्यस्ता शिशु कक्षाहरुमा भाषिक अभाषिक ध्वनि विभेद गर्ने र बुझ्न सक्ने अभ्यास गराउनु जरुरी हुन्छ (पौडेल, २०७० : ३५) । कक्षाकोठामा विद्यार्थीहरुलाई शान्त र होसियार पूर्वक बस्न लगाई एकचोटि टाढा र अर्को चोटि नजिकबाट स्वर निकालेर सुनाउने र ती दुबै स्वरमा हुने फरक पहिल्याउन लगाउने । त्यसरी नै चर्को र मधुरो, धोत्रे र सुरिलो स्वर सुनाएर छलफल गराई तिनको आपसी भिन्नता ठम्याउन लगाउने  र विभिन्न प्रकारका अनुप्रास मिल्ने र नमिल्ने शब्दजोडी (शब्द युग्म) सुनाएर पनि श्रुति लेखन कार्यकलाप सञ्चालन गर्न सकिन्छ (अधिकारी र शर्मा, २०७० : ४९) । यसरी विभिन्न प्रसङ्गलाई ध्वनि विभेद गर्न लगाई चर्को मसिनो र स्पष्ट अस्पष्ट आवाजबाट पनि स्पष्ट श्रवण कलाको विकास गरी श्रुति लेखन गर्न सकिन्छ ।

**ख. वर्ण विभेदीकरण**

शिशु कक्षा र आधारभूत तहका प्रारम्भिक कक्षामा श्रुति लेखन क्षमता विकासका लागी वर्ण विभेदीकरण आधारभूत अभ्यास मानिन्छ । विदेशी भाषाका रूपमा नेपाली शिक्षण गर्न पनि प्रस्तुत कार्यकलाप आधारभूत कार्यकलाप बनेको हुन्छ । हरेक वर्णले गर्ने अर्थ भेदक कार्य पहिचान गरी छुट्टयाउन नसकेसम्म भाषाका समग्र पक्षहरु नै कुण्ठित हुने अवस्था हुन्छ । यसमा शब्दयुग्महरु सार्थक-सार्थक, सार्थक-निरर्थक, सार्थक-निरर्थक जुनसुकै हुन सक्छन् तापनि सकेसम्म सार्थक शब्दयुग्म नै बढी उपयोगी हुन्छन् : जस्तै ताप-टाप, चल-छल, भारी-बारी, भाला-बाला आदि (पौडेल, २०७० : ३६) । यस कार्यकलाप गराउँदा सकेसम्म सार्थक कहिलेकाहीँ खास उद्देश्यका लागि अभ्यास गराउँदा सार्थक शब्द जोडी नपाइएमा सार्थक र निरर्थक शब्दजोडीको उपयोग गर्न सकिन्छ जस्तैः काम/खाम, तोप/टोप, घरेलु/गरेलु र ठोपा/थोपा आदि (शर्मा र अधिकारी पृ. ५०) । यसरी विद्यार्थीहरुलाई श्रुति लेखन गराउँदा वर्ण विभेदीकरण जस्ता कार्यकलापलाई पनि प्रयोग गर्न सकिन्छ ।

### ग. शब्द विभेदीकरण

उच्चारणगत भिन्नता र श्रुतिसम भिन्नता जस्ता कारणले शब्द शब्दको कार्यगत वा अर्थगत भिन्नता विभेद गर्न सक्ने क्षमता पनि सुनाइका लागि आधारभूत आवश्यकता मानिन्छ । यो कार्यकलाप विद्यार्थीहरुको स्तर हेरी आधारभूत तहसम्म सञ्चालन गर्न सकिन्छ । यसका लागि श्रुतिसम भिन्नार्थक, पदयोग र वियोगयुक्त, हलन्त र अजन्त तथा ह्रस्व, दीर्घयुक्त शब्दहरु लिई उस्तै-उस्तै सुनिने युग्म बनाएर सुनाई र फरक छुट्याइ श्रुति लेखन गराउन सकिन्छ । शब्द विभेदीकरणका लागि दिन-दीन, बाजि-बाजी, तालि-ताली र खालि-खाली आदि युग्महरु उपयोगी हुन्छन् (पौडेल, २०७० : ३६) । यसरी श्रुति लेखन गराउँदा शब्द विभेदीकरण कार्यकलापलाई पनि उपयोगमा लिन सकिन्छ ।

### घ. वाक्य विभेदीकरण

वाक्यात्मक संरचनाका आधारमा अर्थ र आशयगत भिन्नता छुट्टयाउने कार्यकलाप प्रारम्भिक देखि माध्यमिक र उच्च माध्यमिक तहसम्म सञ्चालन गर्न सकिन्छ । उच्चारणको आघात, गति यति, स्वर प्रसारण (अनुतान/सुर), वाक्यात्मक, भाव, लिङ्ग, वचन, पुरुष, आदर, काल, पक्ष, करण-अकरण प्रेरणार्थक, अप्रेरणार्थक, वाच्य, पदयोग-वियोग, हलन्त, अजन्त क्रिया प्रयोग आदिका आधारमा फरक संरचना भएका वाक्यहरु युग्मवत् रूपमा सुनाई छुट्याउन लगाउने अभ्यास गराउन सकिन्छ । वाक्य विभेदीकरण कार्यकलापको सशक्त अभ्यासबाट भाव र आशय अनुरूपको वाक्यात्मक अर्थबोध गरी श्रुति लेखनमा दक्षता हासिल गर्न सकिन्छ, जस्तै : उनीहरु गए । उनीहरु गए ! उनीहरु गए ? (स्वर प्रसारण)

म घर गएँ । म घर गएँ । म घर गएँ । (आघात)

तैँले भनेको मानिस । तैँले भनेको मानिस । (अजन्त -हलन्त) आदि (पौडेल, २०७० : ३७)

### ङ. श्रुति निर्देशन

शिशु कक्षा वा प्रारम्भिक कक्षा र त्यसमा पनि विमातृ भाषी विद्यार्थीहरुको कक्षामा श्रुति निर्देशनको कार्यकलाप पनि श्रुति लेखनको आधारभूत कार्यकलाप बन्न सक्छ । शिक्षकले लिखित सामग्रीलाई विभिन्न निर्देशन गर्ने र सो अनुरूप विद्यार्थीलाई तत्परताका

साथ काम गर्न लगाउने रोचक कार्यकलाप सञ्चालन गर्न सकिन्छ । यस्तो कार्यकलाप दोस्रो भाषी, सुन्दै मनस्थितिवाला, मन्द, बुद्धिवाला, जस्ता विद्यार्थीहरुलाई उपयोगी हुन्छ । श्रुति निर्देशनका लागि विभिन्न सन्दर्भहरु समेट्न सकिन्छ । जस्तैः साथीलाई इसाराले बोलाऊ; झ्यालतिर जाऊ; मैले भनेको सुन्दै नकराएर लेख; र राम्ररी उच्चारण गरेर पढ आदि (पौडेल, २०७० : ३८) । यस श्रुति निर्देशन कार्यकलापबाट पनि श्रुति लेखन गराउन सकिन्छ ।

### च. श्रुति उच्चारण

पाठ्य पुस्तकर पाठहरुमा भएका विभिन्न तत्सम, तद्भव र आगन्तुक शब्द र तिनका अक्षर संरचनाका सरलता र जटिलतालाई ख्याल गरी उपयुक्त उच्चारणको अभ्यास गराउनु पर्ने हुन्छ । नेपालीमा कतिपय यस्ता प्रसङ्गहरु छन् जो जस्तो लेखिन्छन् त्यस्तै उच्चारण नहुन सक्छन्, जस्तैः कन्या -कन्न्या, कृपा-क्रिया, र स्कुल-इस्कुल आदि । संयुक्त, मिश्र, नासिक्य, हलन्त, अजन्त, योगात्मक वियोगात्मक आदि उच्चारणमा विद्यार्थीहरुले प्रशस्त त्रुटि गर्न सक्छन् । त्यस्तै लेख्य चिह्न प्रयोग, स्वर प्रसारण र आघात अनुसारको उच्चारण जस्ता विविध क्षेत्रमा पनि प्रशस्त त्रुटि गर्न सक्छन् । कतिपय वर्णगत अनभिज्ञता दय, द्व, द्ध, क्त र त्त आदिमा उच्चारणगत कठिनाई उत्पन्न हुने गर्दछ (पौडेल, २०७० : ३८) । यस्ता शब्दहरुको उच्चारण गर्दा श्रुति लेखनमा पनि कठिनाई उत्पन्न हुने गर्दछ । जसले गर्दा शब्दको प्रयोगमा ध्यान पुऱ्याउनु आवश्यक रहेको छ ।

### छ. श्रुति प्रयोग

स्तर वा कक्षा अनुरूप उपयुक्त हुने खालका शब्द पदावली, उखान टुक्का र विविध पारिभाषिक/प्राविधिक शब्दहरुलाई विविध सन्दर्भमा प्रयोग गरी सुनाउन सकिन्छ । यस्तो कार्यकलापबाट शब्द वा शब्दवत् प्रयोग हुने भाषिक एकाइको अर्थबोध गरी प्रासङ्गिक र मौलिक प्रयोग गर्ने क्षमता विकासमा मद्दत पुग्छ । त्यसैले यस कार्यकलापलाई पनि आवश्यकता अनुसार पूर्णाङ्क अथवा कुनै पाठ शिक्षणको आङ्गिक कार्यकलापको रूप दिनु आवश्यक छ । शब्दको प्रासङ्गिक अर्थबोध गर्ने क्षमता विकासमा यसको प्रभावकारी सहयोग पुऱ्याउने हुनाले श्रुति लेखनका लागि यो अपरिहार्य युक्तिका रूपमा रहेको छ ।

### ज. श्रुतिलय/श्रुति अनुप्रास

श्रवण कलाको महत्त्वपूर्ण कार्यकलाप श्रुतिलय वा श्रुति अनुप्रास पनि हो । उस्तै उस्तै खालका ध्वनि, वर्ण, शब्द वा पदावलीको नियमित आवृत्ति नै अनुप्रास हो । कल्पना, भावना र सङ्गीतात्मक वा लयात्मक कथन सौन्दर्यको निर्माण गरी प्रभावकारी धारणा बसाल्न अभिव्यक्ति सिँगार्न र सिर्जनशील भाषिक कौशल विकास गर्न पनि अनुप्रासात्मक लयको महत्त्वपूर्ण भूमिका हुन्छ (पौडेल, २०७० : ३९) । श्रुतिलय/श्रुति अनुप्रासलाई महत्त्वपूर्ण कार्यकलापका रूपमा लिन सकिन्छ ।

### झ. श्रुत कथा कथन

श्रुतिबोधात्मक कार्यकलापहरुमध्ये श्रुत कथा कथन पनि एक महत्त्वपूर्ण कार्यकलाप हुन सक्छ । विद्यार्थीमा श्रवण एकाग्रता निर्माण गरी बुझ्न, धारण गर्न र सोही अनुसारका मुखमुद्रा, हाउभाउ जस्ता भाषेतर कार्यकलापमा साथ सिलसिलाबद्ध कथन अभिव्यक्ति विकास गर्न यो कार्यकलाप प्रभावकारी मानिन्छ । यस कार्यकलापबाट विद्यार्थीहरुमा ग्रहण वा धारणा क्षमता, स्मरण क्षमता र अभिव्यक्ति क्षमता विकासमा यो कार्यकलाप प्रभावकारी मानिन्छ ।

### ञ. श्रुति वर्णन

विद्यार्थीहरुलाई खास किसिमका स्तरयुक्त घटना, विषय वस्तु, विचार, समाचार, आदि सविस्तार सुनाई आलोपालो गरी सुनेका कुरा भन्न लगाउने किसिमको कार्यकलाप श्रुति वर्णन हो । यस्तो कार्यकलाप सञ्चालन गर्दा सुनेका कुरा विद्यार्थीले वर्णन गरी सुनाउनु पर्ने कुराका बारेमा पूर्व सचेत गराउनु आवश्यक हुन सक्छ साथै आवश्यकता हेरी एक वा एकभन्दा बढी विषयको वर्णन क्रमशः सुनाउन सकिन्छ र श्रवण कार्य समात्न भएपछि कसैलाई कुनै र कसैलाई कुनै विषयका बारेमा वर्णन गर्न लगाउन सकिन्छ । विद्यार्थीहरुको स्मरण, श्रवण एकाग्रता र ग्रहणका लागि महत्त्वपूर्ण रहेको छ (पौडेल, २०७० : ४०) ।

### ट. श्रुति लेखन

कुनै वर्णयुग्म, शब्दयुग्म, वाक्य समुह वा अनुच्छेद सुनेका आधारमा उपयुक्त उच्चारण तथा वर्ण विन्यास अनुरूप लेख्य अभ्यस्त गराउन श्रुति लेखन गराइन्छ । सुनेर बुझ्ेका आधारमा लेख्नु नै श्रुति लेखन हो । श्रुति लेखनको कार्यकलाप सञ्चालन गर्दा शान्त वातावरण कायम गर्नु जरुरी हुन्छ । दिमाग कान आँखा र हातको कुशल संयोजन हुनु आवश्यक हुन्छ । शिक्षकले स्तर र आवश्यकता अनुसार शब्द/पदावली, वाक्य र अनुच्छेदको श्रुति लेखन गराउन सक्दछन् । यसो गर्दा विद्यार्थीको लेखन गति र क्षमता हेरी मन्द गतिमा सम्बन्धित लेख्य सामग्रीलाई बढीमा तिन पटकसम्म दोहोऱ्याएर सुनाउनु आवश्यक हुन्छ (पौडेल, २०७० : ४१) ।

### ठ. श्रुति रचना

श्रुति रचना श्रुतिबोध क्षमता विकासको उत्कृष्ट कार्यकलाप हो । यसमा विभिन्न रचना प्रसङ्गलाई श्रुति सामग्रीका रूपमा लिन सकिन्छ । दृष्टांशभन्दा अदृष्टांश रचना सामग्रीहरु उपयोग गरी आवश्यकता अनुसार दोहोऱ्याई तेहोऱ्याई सुनाएर कसैलाई मौखिक रूपमा र सबैजसोलाई लिखित रूपमा रचना गर्ने लगाउन सकिन्छ । (पौडेल २०७१ : ५१) । यसबाट विद्यार्थीहरुमा स्मरण, धारणा, अभिव्यक्त गर्न क्षमताको विकास गर्न सकिन्छ ।

### ड. श्रुतिबोधात्मक प्रश्नोत्तर

शिक्षकले शिक्षणका क्रममा गरेका व्याख्यान वर्णन, वाचन अथवा अन्य कुनै प्रासङ्गिक कुरा सुनेपछि गरिने तत् सम्बन्धी प्रश्नोत्तर कार्यकलापलाई श्रुतिबोधात्मक प्रश्नोत्तर भनिन्छ । सुनेर बुझ्ेका आधारमा गरिने सवाल जवाफ भाषा शिक्षणका लागि मात्र नभई समग्र शैक्षणिक गतिविधिको अभिन्न र अपरिहार्य कार्यकलाप पनि हो । यस कार्यकलापमा शिक्षकले कुनै कुरा सुनाएपछि त्यसबाट स्तरयुक्त प्रश्नहरु विद्यार्थीहरुलाई सोध्ने र विद्यार्थीहरुले आफुले जे सुनेर बुझ्ेको छ सोहि अनुरूप उत्तर दिने गरिन्छ । यसमा प्रश्नोत्तरका लागि प्रश्नका आकार प्रकारमा स्तर सापेक्षता र विविधता हुनु जरुरी हुन्छ ।

## ढ. श्रुति बुँदा टिपोट

कुनै पाठ वा घटना, विचार प्रतिवेदन, लेख, समाचार, टिप्पणी आदि सुनाई सुनेका आधारमा मुख्य मुख्य कुरा टिपोट गर्न लागउने कार्यकलापलाई श्रुति बुँदा टिपोट भनिन्छ । यस कार्याकलापलाई श्रुतिबोधात्मक प्रश्नोत्तरभित्र पनि समेट्न सकिन्छ । यस्तो कार्यकलाप सञ्चालन गर्दा विद्यार्थीलाई ध्यानपूर्वक सुन्न र नबुझेका प्रसङ्गमा प्रश्न सोध्न प्रेरित गर्नु आवश्यक छ र मौखिक भन्दा लिखित रूपमै गराउनु प्रभावकारी हुन्छ । बुँदा टिपोट पूर्ण वाक्यात्मक वा अपूर्ण वाक्यात्मक दुई प्रकारको हुन सक्छ तर विद्यार्थीलाई सुरु सुरुमा पूर्ण वाक्यात्मक अभ्यास गराएपछि मात्र अपूर्ण वाक्यात्मक टिपोट अभ्यास गराउनु राम्रो मानिन्छ ।

## ण. श्रुति सारांश

विभिन्न प्रासङ्गिक कुराहरु सुनेर तिनका सार कुरा बुझी तिनै सारभूत कुरा मात्र सम्झेर लेख्नु वा भन्नु पर्ने अलि उच्च स्तरीय कार्यकलाप हो । यसबाट ध्यानपूर्वक सुन्ने सुनेका आधारमा सारांश लेख्ने क्षमताको विकास हुन्छ । यो कार्यकलाप सञ्चालन गर्दा सारांश लेखनका सन्दर्भिक नमुना प्रदर्शन गरी अघि सर्नु राम्रो हुन्छ ।

## त. श्रुति विवाद

कुनै विवादास्पद कुरा अथवा पक्ष विपक्ष, सहमत असहमत, समर्थन असमर्थन वा खण्डन मण्डन गर्न मिल्ने कुरा श्रवण गराएर विद्यार्थीलाई सम्बन्धित विषयको पक्ष वा विपक्षमा बोल्न, लेख्न अथवा टिप्पणी गर्न लगाउने कार्यकलापलाई श्रुति विवाद भनिन्छ । विपक्षको भनाइलाई खण्डन मण्डन गरी बोल्न सक्ने, विभिन्न टिका टिप्पणी गर्न सक्ने क्षमताको विकास गर्न यस कार्यकलाप महत्त्वपूर्ण रहेको छ ।

# अध्याय : तिन

# अध्ययन विधि र प्रक्रिया

## ३.१ अनुसन्धान ढाँचा

अनुसन्धान प्रक्रियालाई अनुसन्धानको लक्ष्यसम्म पुग्नका लागि बनाइएको योजनालाई अनुसन्धान ढाँचा भनिन्छ । कुनै पनि अनुसन्धान गर्नका लागि त्यसप्रति पूर्ण तयारी हुनु आवश्यक छ । अनुसन्धान योजनामा विषयको छनोट देखि लिएर समस्याको पहिचान, तथ्याङ्क सङ्कलन तथा विश्लेषण, निष्कर्ष आदिलाई प्रस्तुत गरिन्छ । यस किसिमको अनुसन्धान ढाँचालाई बृहत् योजना भनिन्छ । यसर्थ अनुसन्धान कार्यको बृहत योजना नै अनुसन्धान ढाँचा हो । यस अध्ययनमा मूलत : पाठ्यपुस्तक र क्षेत्रीय सामाग्री सङ्कलन विधिको प्रयोग गरी शोधकार्यलाई अगाडि बढाइएको छ ।

## ३.२. जनसङ्ख्या र नमुना छनोट

प्रस्तुत शोध अध्ययनमा शैक्षिक सत्र २०७३ कक्षा पाँचमा अध्ययनरत म्याग्दी जिल्लाका पाँच सामुदायिक र पाँच संस्थागत विद्यालयका विद्यार्थीहरुलाई जनसङ्ख्याको रूपमा लिइएको छ ।

प्रस्तुत शोध अध्ययनमा उपयुक्त सिङ्गो जनसङ्ख्याबाट सम्भावनायुक्त नमुना छनोटका आधारमा प्रतिनिधि नमुना छनोट गरिएको छ । यस क्रममा म्याग्दी जिल्लाका पाँच सामुदायिक र पाँच संस्थागत गरी जम्मा दस वटा विद्यालयबाट दस/दस जनाका दरले सय जना विद्यार्थीलाई नमुना छनोटका रूपमा लिइएको छ ।

### ३.२.१ सामग्री निर्माण

प्रस्तुत शोध अध्ययनका लागि प्राथमिक र द्वितीयक स्रोतबाट सामग्री सङ्कलन गरिएको छ । सामग्री सङ्कलनका रूपमा कक्षा पाँचको नेपाली किताबबाट विद्यार्थीले पढिसकेको कुनै विधाबाट तिन वटा दृष्टांश र विद्यार्थीले नपढेको अर्थात् अन्य तहको पुस्तकबाट तिन वटा अदृष्टांश सामग्रीको प्रयोग गरी श्रुति लेखन गराई त्यसको पूर्व परीक्षण गरिएको छ र प्राप्त नतिजाका आधारमा दृष्टांशबाट केही शब्द र एक अनुच्छेद लिइएको छ । त्यसै गरी अदृष्टांशबाट केही शब्द, एक अनुच्छेद र संवाद मात्र लिइ श्रुति

लेखन लेखाइ सामग्री सङ्कलन गरिएको छ । त्यस्तै द्वितीयक स्रोतका रूपमा पाठ्यसामग्री, अघिल्ला वर्षका शोधपत्रहरु, सन्दर्भ पुस्तकहरुको खोजी गरी व्यापक अध्ययन गरिएको छ ।

## ३.१.२ पूर्व परीक्षण

पूर्व परीक्षणका लागि १० जना विद्यार्थीहरुमा उपयुक्त शब्द, अनुच्छेद र संवादको श्रुति लेखन कार्य गरिएको छ । विभिन्न शोध निर्देशक तथा विषय विशेषज्ञबाट आवश्यक सुझाव, सल्लाह लिई श्रुति लेखनका लागि तयार गरिएको तिन वटा दृष्टांश र तिन वटा अदृष्टांश विधालाई म्याग्दी जिल्लामा रहेको एक विद्यालयका दस जना विद्यार्थीहरुमा पूर्व परीक्षण गर्दा दृष्टांशबाट केही शब्द र अनुच्छेद अनि अदृष्टांशबाट केही शब्द, एक अनुच्छेद र संवाद श्रुति लेखनका लागि उपयुक्त देखिएकाले सोही अनुसार ती सामग्रीलाई उपयुक्त ठानी श्रुति लेखन गर्न लगाइएको छ । पूर्व परीक्षण गर्दा पूर्णाङ्कको वर्गीकरण यसरी गर्न सकिन्छ :

वर्ण विन्यास : ५४
चिह्न प्रयोग : १६
७०

## ३.२.३ तथ्याङ्क सङ्कलन

पूर्व परिक्षणबाट उपयुक्त शीर्षक निर्धारण भएपछि तथ्याङ्क सङ्कलनका लागि छनोट गरिएको विद्यालयहरुमा गई सम्बन्धित विद्यालयका विषय शिक्षकको आवश्यक सहयोगका आधारमा विद्यालय प्रशासनसँग समन्वय गर्दै त्यहाँ रहेका विद्यार्थीहरुमा गोलाप्रथाद्वारा प्रतिनिधि नमुनाका रूपमा छनोट गरिएको शैक्षिक सत्र २०७३ का पाँच कक्षामा पढ्ने दस विद्यालयका दस/दस जना विद्यार्थीहरुलाई छुट्टै कोठामा राखी आवश्यक निर्देशन दिएर श्रुति लेखनका लागि १ :३० मिनेटको समय निर्धारण गरियो । नमुनाका रूपमा चयन गरिएको विभिन्न विद्यालयका श्रुति लेखन गरिएको उत्तरपुस्तिकालाई सङ्कलन गरि वर्ण विन्यास र लेख्य चिह्न प्रयोगको परीक्षण गरी तथ्याङ्क संकलन गरिएको छ ।

### ३.२.४ तथ्याङ्क विश्लेषण र मूल्याङ्कन

कुनै पनि अनुसन्धानको मुख्य कुरा तथ्याङ्क सङ्कलन हो । प्रस्तुत शोध अध्ययनको शीर्षक लेखाइ सिपसँग सम्बन्धित भएकाले तथ्याङ्क सङ्कलनका क्रममा प्राप्त श्रुति लेखनमा अङ्कित गरिएको प्राप्ताङ्कलाई समग्र रूपमा विद्यालयको प्रकृति, लैङ्गिकताका आधारमा वर्ण विन्यास र चिह्न प्रयोग आदिलाई तालिकाबद्ध गरिएको छ । तथ्याङ्क विश्लेषणका क्रममा सम्पूर्ण विद्यार्थीहरुको मध्यमान निकालिएको छ र प्रतिनिधि नमुना समाविष्ट विद्यार्थीहरुमध्ये मध्यमान भन्दा माथि कति प्रतिशत छन् र कति प्रशित मध्यमान भन्दा तल छन भनरे गणना गरिएको छ । मध्यमान तथा प्रतिशताङ्क श्रेणी निर्धारणका आधारमा विद्यार्थीहरुको श्रुति लेखन क्षमताको पहिचान गरिएको छ । प्रस्तुत अध्ययनका क्रममा उपयोगमा ल्याइएका साङ्ख्यिकीय सुत्रहरु निम्नानुसार रहेका छन्:

**१. प्रतिशताङ्क निर्धारण गर्न प्रयोगमा आउने सूत्र**

$$\text{प्रतिशताङ्क (p)} = \frac{\text{प्राप्ताङ्क}}{\text{कुल पूर्णाङ्क}} \times १००$$

यहाँ,

P = प्रतिशताङ्क

R = प्राप्ताङ्क

T = कुल पूर्णाङ्क

**२. मध्यमान निर्धारण गर्न प्रयोगमा आउने सूत्र**

$$\text{मध्यमान } (\bar{X})\, X\frac{\phi x}{N}$$

यहाँ, $\bar{x}$ = मध्यमान

$\sum x$ = प्राप्ताङ्कहरुको कुल योगफल

N = जम्मा विद्यार्थी सङ्ख्या

## ३.३. शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रलाई निम्नानुसारको रुपरेखामा प्रस्तुत गरिएको छ :

**अध्ययन एक** : शोध परिचय शीर्षक अन्तर्गत शोध समस्य, शोधको उद्देश्य, सान्दर्भिकता र उपादेयता, अध्ययनको सीमा, शोधपत्रको रुपरेखा आदि उपशीर्षक प्रस्तुत गरिएको छ ।

**अध्याय दुई** : पूर्वकार्यको पुनरावलोकन तथा सैद्धान्तिक अवधारणा शीर्षक अन्तर्गत पूर्वकार्यको पुनरावलोकनभित्र पुस्तक समीक्षा र शोधकार्यको समीक्षा प्रस्तुत गरिएको छ । त्यसै गरी सैद्धान्तिक अवधारणाभित्र लेखाइ सिपको परिचय, लेखाइ शिक्षणको आवश्यकता र महत्त्व, कार्यकलाप, श्रुति लेखनको परिचय, आवश्यकता र महत्त्व, प्रयोजन, उपयुक्त सामग्री छनोट, शिक्षण क्रम, श्रुति लेखन सम्बन्धी कमीकमजोरीहरुका कारण, प्रमुख क्षेत्र, निराकरणका उपाय र कार्यकलाप प्रस्तुत गरिएको छ ।

**अध्याय तिन** : अध्ययन विधि र प्रक्रिया शीर्षक अन्तर्गत क्षेत्रीय अध्ययन विधि र पुस्तकालय अध्ययन विधि रहेको छ । यसै अध्यायभित्र अनुसन्धान ढाँचा, जनसङ्ख्या र नमुना छनोट, सामग्री निर्माण, पूर्व परीक्षण, तथ्याङ्कको सङ्कलन, तथ्याङ्क विश्लेषण र मूल्याङ्कन आदि प्रस्तुत गरिएको छ ।

**अध्याय चार** : शब्दगत वर्ण विन्यासको त्रुटि विश्लेषण शीर्षक अन्तर्गत शब्दगत वर्ण विन्यासको त्रुटि विश्लेषण, विद्यार्थीहरुले गरेका शुद्ध र अशुद्ध शब्दहरुको प्रतिशत, समग्र विद्यार्थीहरुको श्रुति लेखन क्षमताको प्रतिशताङ्क र मध्यमानको स्थिति प्रस्तुत गरिएको छ ।

**अध्याय पाँच** : विद्यालयको प्रकृति र लैङ्गिकताका आधारमा श्रुति लेखन क्षमताको स्थिति शीर्षक अन्तगर्त सामुदायिक, संस्थागत र छात्रा, छात्र बीचको श्रुति लेखन क्षमतालाई प्रतिशताङ्क र मध्यमानको स्थितिका आधारमा प्रस्तुत गरिएको छ ।

**अध्याय छ** : वर्ण विन्यास र लेख्य चिह्न प्रयोगका आधारमा समग्र विद्यार्थीहरुको श्रुति लेखन क्षमताको स्थिति शीर्षकमा समग्र विद्यार्थीहरुको वर्ण विन्यास र लेख्य चिह्न प्रयोगका आधारमा उनीहरुको प्रतिशताङ्क र मध्यमान प्रस्तुत गरिएको छ ।

**अध्याय सात** : यस अध्याय अन्तर्गत सारांश, निष्कर्ष र उपयोगिता प्रस्तुत गरिएको छ ।

सन्दर्भ सामग्री सूची

परिशिष्ट

व्यक्तिवृत्त

# अध्याय : चार

# शब्दगत वर्ण विन्यासको त्रुटि विश्लेषण

म्याग्दी जिल्लामा रहेको पाँच सामुदायिक र पाँच संस्थागत विद्‍यालयमा छात्रा र छात्र गरी जम्मा १०० जना विद्‍यार्थीलाई श्रुति लेखन गराउने क्रममा उनीहरुमा देखिएका वर्णगत, मात्रागत, हस्वदीर्घ सम्बन्धी पदयोग पद वियोग, शिरबिन्दु, चन्द्रबिन्दु लोपगत र थपोटगतसँग सम्बन्धित त्रुटिहरु गरेको पाइन्छ ।

## ४.१ शब्दगत वर्ण विन्यासको त्रुटिको विश्लेषण

म्याग्दी जिल्लामा रहेको सामुदायिक र संस्थागत विद्‍यालय गरी जम्मा १० विद्‍यालयका १०० जना विद्‍यार्थीहरु २४ वटा शब्दहरुको श्रुति लेखन गराई उनीहरुको वर्ण विन्यासगत त्रुटिहरु प्रस्तुत गरिएको छ । श्रुति लेखन गराउनका लागि छनोट गरिएका शब्दहरुमा ट, त वर्ण र य वर्ण जस्ता शब्दहरुको समावेश गरिएको छ । त्यसमा पनि सुन्दा उस्तै सुनिने तर लेखाइमा फरक हुने शब्दहरु पनि प्रस्तुत गरिएको छ । शब्दगत वर्ण विन्यासको त्रुटिहरुलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

**तालिका १**

| दिइएको शब्द | विद्यार्थीले लेख्ने रूप | त्रुटिको प्रकृति | त्रुटि गर्ने संख्या | प्रतिशत | शुद्ध लेख्ने संख्या | प्रतिशत |
|---|---|---|---|---|---|---|
| गुणी | गुनी, गुणि, वृछी, गुनि, बुनी, गुन्नी, गोनी, गुणी | वर्ण, मात्रा, ह्स्व, दीर्घ, ओकार,रकार | ६१ | ६१ | ३९ | ३९ |
| वृक्ष | दिरेछ, विक्ष, वृरिक्षय, विरिछे, बिरीक्षे, ब्रज्ञो, ब्रिक्षे, वृक्षे, बृक्ष, | वर्ण, मात्रा, हस्व, दीर्घ, ओकार, रकार | ५७ | ५७ | ४३ | ४३ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | ब्रिक्क्ष, व्रिक्ष, बित्क्षा विकक्ष, वाज्ञक्षाय विरक्षाय, गुक्ष, बृक्ष, बुक्ष, वृक्षा, वृष | | | | | |
| दुर्गति | दुर्गती, दुरकटी, दुरगती, दुरघती दुर्घती, दुर्गाति दुखर्ती, दोरगती दगती, दुगती र्दगती, दर्रति, र्दगती, दर्रति | वर्ण, मात्रा, हस्व, दीर्घ, रेफ | ८० | ८० | २० | २० |
| नित्य | नितु, नित्ते, नीतिय, नीत्य, निते नित्तय, मृतु नित्टे, नितत्य तीती, नृत्य नींटो | वर्ण, मात्रा, हस्व, दीर्घ, रकार, रेफ, ओकार, एकार | ४५ | ४५ | ५५ | ५५ |
| ठट्टा | तस्ता, ठट्ता थत्ता, थतता ठत्ता, ढत्ता थट्टा, ठटर्ता ठटट्, थठता ठत्टा, ठदो | वर्ण, मात्रा, रेफ | ३२ | ३२ | ६८ | ६८ |
| मुढा | मुडा, मुदा मुरा, मृडा मुँढा, मुथा | चन्द्रबिन्दु, वर्ण, हस्व, दीर्घ | ३८ | ३८ | ६२ | ६२ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | मुधा, मूढा<br>मुढि | | | | | |
| क्षमा | ज्ञमा, क्षेमा<br>छोमा, त्रमा<br>छेमा, ऋमा<br>क्षामी, छीमा | ओकार, हस्व,<br>दीर्घ, वर्ण,<br>मात्रा, एकार | ५० | ५० | ५० | ५० |
| दुष्ट | दुस्त, दुस्ट<br>डुस्ट, डुस्त<br>दुसत, दुप्त<br>दुर्ष्ट, दुट्ट<br>दूष्ट, ढाट<br>दुरट, वृष्ट<br>दुष्ठ | वर्ण, मात्रा,<br>हस्व, दीर्घ,<br>रेफ, रकार | ५८ | ५८ | ४२ | ४२ |
| लक्ष्य | लछ, लक्ष<br>लच्छे, लक्षए<br>ल, लक्छे<br>लक्षय, लक्क्ष<br>लकछे, लक्य<br>लखछे, लक्ष्यो<br>लछक्ष | वर्ण, एकार,<br>ओकार | ४७ | ४७ | ५३ | ५३ |
| कर्तव्य | कतबे,  कत्तव्य<br>कर्तब्य, कत्व्य<br>कर्तवस्य, बरतबो,<br>करतव्य, कर्तबे,<br>कर्तव्बे, कर्तगबे,<br>र्कतब, कर्टत्य,<br>कतव्ये, र्कतवय,<br>कर्तत्य, करत्वय, | वर्ण, एकार,<br>रेफ, ओकार | ७६ | ७६ | २४ | २४ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | कर्त्वय, कत्व्य, कर्तगबे | | | | | |
| तात्पर्य | तात्बे, तापकरे, तापपर्य, तात्पय, तापरेय, तापपरे, तापरय,तापकरर्य, तातपर्य, तात्पर्रे, तातपन्य,तातपरय, टात्पर्य, तापय, क्राबर्य, तार्त्कय, तात्परय, तार्त्पय, ताहर्यए, ताक्रे, पाकरे, तापपरीय, टाटपरे | वर्ण, एकार, रेफ, दीर्घ | ६५ | ६५ | ३५ | ३५ |
| पौष्टिक | पति, पोट्रीक, पौर्सटिक, पौस्तीक, पउर्सतिक, पोउटी, पौर्सतिक, पौस्टीक, पोष्टिक, पोर्सटिक, पौस्तीक, पौर्सटिक, पौसिटिक, पार्स्टी, पैतिक, पैस्ती, पटीक, पाउटीक, पौस्टिक | वर्ण, मात्रा, रेफ, ओकार, रकार, औकार | ७९ | ७९ | २१ | २१ |
| प्याउली | प्याउलि, फ्यउलि, प्याँउली, फ्याउलि, प्वाउली, प्याली, | वर्ण, मात्रा, हस्व, दीर्घ, चन्द्रबिन्दु | २८ | २८ | ७२ | ७२ |
| डढेलो | ददेलो, डदेलो, | वर्ण, दीर्घ, | ५५ | ५५ | ४५ | ४५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | डडेलो, डधेलो, दधेलो, ढडेलो, इदेलो, ददोले, ढढलो, ददो, बढलो, ददीलो, ढधेलो, दधेलो | ओकार, एकार | | | | |
| टुङ्गो | तुन्नु, तुङ्गो, टुक्गो, तुङ्को, टुन्गो, तुंगो, टुङगे, टुँङ्गो, टुर्गु, दागो, टुन्गो, टुगो, | वर्ण, मात्रा, चन्द्रविन्दु, शिरबिन्दु, रेफ, ओकार | ३९ | ३९ | ६१ | ६१ |
| रङ्गीचङ्गी | रनचनी,रङ्गीचङ्गी रङ्गिचङ्गी, रङ्गिचङ्गी, रन्गीचन्गी,रर्गीचर्गी, रलीगचङ्गी, लङ्गीचङ्गी | वर्ण, मात्रा, रेफ, हस्व, दीर्घ | ३८ | ३८ | ६२ | ६२ |
| ढक्की | दक्की, ठक्की, डककी, धकिक, डक्की, ढक्कि, धकी, डत्की | वर्ण, हस्व, दीर्घ | ३३ | ३३ | ६७ | ६७ |
| ठिमी | ठुमी, ठीमी, थिमी, ठिमि, दीमी, ठीम्मी, दीमी, ठेमी, थीमी | वर्ण, हस्व, दीर्घ, एकार | ५३ | ५३ | ४७ | ४७ |
| तिर्खा | प्रथा, तीर्खा, | वर्ण, मात्रा, | ४७ | ४७ | ५३ | ५३ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | तीरखा, टिरखा, टोरखा, तिथा, तिंखा, तीरर्ख, तिर्ख, टीरखा | हस्व, दीर्घ, ओकार, रेफ | | | | |
| क्षण | क्ष, क्षद, तत्त, क्षयण, क्षेण, क्षणा, क्षष, क्षेणा, त्रादर, क्षत्र, क्षेत्र, छेडा, क्षरे, क्षत्रा, त्रेट, क्षणी | वर्ण, मात्रा, हस्व, दीर्घ, एकार | ४२ | ४२ | ५८ | ५८ |
| विशेषज्ञ | विसेस, वीषससरे, विशेषगो,विशेषसज्ञ, विसेसगे,विषेशग्य, विसेसके, विषेसूत, विशेसंगे,विरेस्अगगे, बिसेस्कगे,विशेसग्य, विषेसग्य,विष्यसग्गे, विसेस्गो,विशेसक्य, विसेस्य, विसेसगे, विस्सेज्ञ, बिसेस्ज्ञ, विद्धोस्ज्ञ, बुसज्ञ, विसेषक्ष, विशेसग्य, विषेसगे, विशेषग्य, विशेषक्ए,विक्षष्कके, विसर्सज्ञ, विसक्ष, विषेशज्ञ, विसेषज्ञ | वर्ण, मात्रा, एकार, ओकार, शिरबिन्दु, रेफ | ८६ | ८६ | १४ | १४ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| स्मृति | इमीति, इर्मिती, इसमिर्टी, स्मिृती, समिरटि, इसमेती, इमिति, इस्मीती, स्मिृति, इसमिरती, स्सृति, स्भृति, स्मुति, स्र्मीती, समिती, इस्मिर्ती, इस्ति, स्मेर्ती, इष्मर्ती, इस्मीत्री, सृमिती, स्मृती | वर्ण, मात्रा, हस्व, दीर्घ, रेफ, एकार | ७७ | ७७ | २३ | २३ |
| ऋषि | रिष्षी, क्रिशी, रिसी, रिसि, क्षीष, रीत्री, रिृषि, ऋषी, ऋष, त्रसि, रीसी, ऋसी, ऋीसी, श्रुषि, ऋषिृ, त्रुषि, ऋक्ष, रिशि, रिक्ष, ऋषी | वर्ण, हस्व, दीर्घ, रेफ | ७४ | ७४ | २६ | २६ |
| वाचन | बाचा, वाचक, बाचक, वचन, वाच्न, वाचना, बाचान | वर्ण, मात्रा | ४० | ४० | ६० | ६० |

माथि उल्लिखित तालिकामा २४ वटा शब्दहरुमा विद्यार्थीहरुले गरेका त्रुटिहरुलाई प्रस्तुत गरिएको छ । म्याग्दी जिल्लाका कक्षा पाँचमा अध्यनरत सामुदायिक र संस्थागत

विद्यालयका १०० जना विद्यार्थीहरुले शब्दहरुमा श्रुति लेखन गर्ने क्रममा गरेका त्रुटिहरुलाई तालिकाबद्ध गरी त्रुटिको प्रकृति सहित प्रस्तुत गरिएको छ ।

सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरुले २४ वटा शब्दहरुमध्ये गुणी शब्दलाई गुनी, गुणि, गुनि, गुन्नी आदि लेखेको पाइन्छ । यस अन्तर्गत यसरी अशुद्ध शब्द लेख्ने विद्यार्थी सङ्ख्या ६१ प्रतिशत र शुद्ध रूप गुणी लेख्ने विद्यार्थी सङ्ख्या ३९ प्रतिशत रहेको देखिन्छ । त्यसै गरी शुद्ध रूप वृक्षलाई विक्ष, विरिछे, वृक्षे, व्रिक्ष, बृक्ष र ब्रिक्क्ष आदि अशुद्ध लेख्ने विद्यार्थी सङ्ख्या ५७ प्रतिशत र शुद्ध रूप वृक्ष लेख्ने विद्यार्थी सङ्ख्या ४३ प्रतिशत रहेको देखिन्छ । शुद्ध रूप दुर्गतिलाई दुर्गती, दुरकटी, दुरगती, दुखर्ती र दुगती आदि अशुद्ध लेख्ने विद्यार्थी सङ्ख्या ८० प्रतिशत रहेको पाइन्छ र शुद्ध रूप दुर्गति लेख्ने विद्यार्थी सङ्ख्या २० प्रतिशत रहेको छ । नित्यलाई नित्ते, नीत्य, नित्तय, नृत्य र नितत्य आदि अशुद्ध लेख्ने विद्यार्थी सङ्ख्या ४५ प्रतिशत र शुद्ध नित्य लेख्ने विद्यार्थी सङ्ख्या ५५ प्रतिशत रहेको पाइन्छ । त्यसै गरी ठट्टालाई ठट्ता, थप्ता, ठत्ता, थट्टा, थठता र ठत्टा आदि अशुद्ध लेख्ने विद्यार्थी सङ्ख्या ३२ र शुद्ध रूप ठट्टा लेख्ने विद्यार्थी सङ्ख्या ६८ प्रतिशत रहेको देखिन्छ । मुढा शब्दलाई मुडा, मूडा, मुँढा, मुधा, मूढा र मुदा आदि अशुद्ध लेख्ने विद्यार्थी सङ्ख्या ३८ र शुद्ध रूप मुढा लेख्ने विद्यार्थी सङ्ख्या ६२ प्रतिशत रहेको देखिन्छ । क्षमा शब्दलाई क्षेमा, छेमा, क्षामी र छोमा आदि अशुद्ध लेख्ने विद्यार्थी सङ्ख्या ५० र शुद्ध क्षमा लेख्ने विद्यार्थी सङ्ख्या पनि ५० प्रतिशत नै रहेको देखिन्छ । दुष्ट शब्दलाई दुस्त, दुस्ट, डुस्ट, डुस्त, डूस्ट र टुष्ठ आदि अशुद्ध रूप लेख्ने विद्यार्थी सङ्ख्या ५८ र शुद्ध दुष्ट लेख्नेको सङ्ख्या ४२ प्रतिशत रहेको देखिन्छ ।

लक्ष्य शब्दलाई लक्ष, लक्षए, लक्छे, लक्क्ष, लकछे, लखछे र लछक्ष आदि अशुद्ध लेख्नेको सङ्ख्या ४७ र शुद्ध लक्ष्य लेख्ने विद्यार्थी सङ्ख्या ५३ प्रतिशत रहेको देखिन्छ । कर्तव्यलाई कत्तव्य, कर्तव्य, करतव्य, कर्तबे, कतव्ये, कर्तव्य र कर्तब्बे आदि अशुद्ध लेख्ने विद्यार्थी सङ्ख्या ७६ प्रतिशत र शुद्ध कर्तव्य लेख्ने विद्यार्थी सङ्ख्या २४ प्रतिशत रहेको देखिन्छ । तात्पर्य शब्दलाई तापकरे, तात्पय, तापरेय, तापकरर्य, तातपर्य, टात्पर्य, तार्त्पय र ताहर्यए आदि अशुद्ध लेख्ने विद्यार्थी सङ्ख्या ६५ प्रतिशत र शुद्ध तात्पर्य शब्द लेख्ने विद्यार्थी सङ्ख्या ३५ प्रतिशत रहेको देखिन्छ । पौष्टिक शब्दलाई पौसटिक, पौष्तीक, पौसतिक, पौस्टीक, पौस्तीक, पौषटिक र पउसतिक आदि अशुद्ध लेख्ने विद्यार्थी सङ्ख्या ७९ प्रतिशत र शुद्ध पौष्टिक  शब्द लेख्ने विद्यार्थी सङ्ख्या २१ प्रतिशत रहेको देखिन्छ ।

प्याउलीलाई प्याउलि, प्याँउली, प्वाउली र प्याली आदि अशुद्ध लेख्ने विद्यार्थी सङ्ख्या २८ प्रतिशत र शुद्ध रूप प्याउली लेख्ने विद्यार्थी सङ्ख्या ७२ प्रतिशत रहेको देखिन्छ । त्यसै गरी डढेलो शब्दलाई ददेलो, डदेलो, डडेलो, ढडेलो, ढधेलो र दधेलो आदि जस्ता अशुद्ध शब्द लेख्ने विद्यार्थी सङ्ख्या ५५ प्रतिशत र शुद्ध डढेलो शब्द लेख्ने विद्यार्थी सङ्ख्या ४५ प्रतिशत रहेको देखिन्छ । टुङ्गो शब्दलाई तुङ्गो, तुङ्को, टुँङ्गो, टुन्गो र तुंगो आदि अशुद्ध शब्द लेख्ने विद्यार्थी सङ्ख्या ३९ प्रतिशत र शुद्ध टुङ्गो शब्द लेख्ने विद्यार्थी सङ्ख्या ६१ प्रतिशत रहेको पाइन्छ । त्यसै गरी रङ्गीचङ्गी शब्दलाई रङ्गीचङ्गी, रङ्गिचङ्गि रङ्गिचङ्गी,रन्गीचन्गी रलीगचङ्गी र लङ्गीचङ्गी आदि जस्ता अशुद्ध शब्द लेख्नेको सङ्ख्या ३८ प्रतिशत र शुद्ध शब्द रङ्गीचङ्गी लेख्नेको सङ्ख्या ६२ प्रतिशत रहेको देखिन्छ । ढक्की शब्दलाई दक्की, ठक्की, डककी, डक्की, ढक्कि र डत्की आदि अशुद्ध शब्द लेख्नेको सङ्ख्या ३३ प्रतिशत र शुद्ध ढक्की शब्द लेख्ने विद्यार्थी सङ्ख्या ६७ प्रतिशत रहेको देखिन्छ ।

यसै गरी क्रमशः ठिमी शब्दलाई ठीमी, थिमी, ठिमि र थीमी आदि अशुद्ध लेख्ने विद्यार्थी सङ्ख्या ५३ प्रतिशत र शुद्ध ठिमी लेख्ने विद्यार्थी सङ्ख्या ४७ प्रतिशत रहेको देखिन्छ । तिर्खा शब्दलाई तीर्खा, तीरखा, टिरखा, र्तिखा, तीरर्ख र टीरखा आदि अशुद्ध शब्द लेख्नेको सङ्ख्या ४७ र शुद्ध तिर्खा शब्द लेख्ने विद्यार्थी सङ्ख्या ५३ प्रतिशत रहेको पाइन्छ । क्षण शब्दको अशुद्ध रूप क्षेण, क्षणा, क्षेणा, क्षेणी र क्षयण आदि लेख्ने विद्यार्थी सङ्ख्या ४२ प्रतिशत र क्षण शुद्ध शब्द लेख्ने विद्यार्थी सङ्ख्या ५८ प्रतिशत रहेको पाइन्छ । विशेषज्ञ शब्दलाई विशेषगो, विशेषसज्ञ, विशेशग्य, विशेसग्य, विषेसग्य, विशेसक्य, विशेसग्य र विषेशज्ञ आदि अशुद्ध शब्द लेख्ने विद्यार्थी सङ्ख्या ८६ प्रतिशत र शुद्ध विशेषज्ञ शब्द लेख्ने विद्यार्थी सङ्ख्या १४ प्रतिशत रहेको देखिन्छ । त्यसै गरी स्मृति शब्दलाई इमीति, इसमिर्टी स्मिृती इस्मीती स्मिृति, स्मुति, इस्मिर्ती र स्मृती आदि अशुद्ध शब्द, लेख्ने विद्यार्थी सङ्ख्या ७७ प्रतिशत र शुद्ध स्मृति शब्द लेख्ने विद्यार्थी सङ्ख्या २३ प्रतिशत रहेको देखिन्छ । ऋषि शब्दलाई रिष्षी, क्रिशी, रिसी, रिसि, रीसी, ऋसी, ऋषिृ, ऋषी, रिशि, र रिक्ष आदि जस्ता अशुद्ध शब्द लेख्ने विद्यार्थी सङ्ख्या ७४ प्रतिशत र शुद्ध ऋषि शब्द लेख्ने विद्यार्थी सङ्ख्या २६ प्रतिशत रहेको देखिन्छ र वाचन शब्दलाई बाचा, वाचक, बाचक, वचन, वाचना र बाचान आदि अशुद्ध शब्द लेख्ने विद्यार्थी सङ्ख्या ४० र शुद्ध वाचन शब्द लेख्ने विद्यार्थी सङ्ख्या ६० प्रतिशत रहेको देखिन्छ ।

यसरी समुदायिक र संस्थागत विद्यालयका १०० जना विद्यार्थीहरुले शब्दहरुको श्रुति लेखन गर्ने क्रममा वर्ण, मात्रा, हस्व, दीर्घ, ओकार, रकार, रेफ, एकार, औकार, चन्द्रबिन्दु र शिरबिन्दु सम्बन्धी त्रुटिहरु गरेको पाइन्छ ।

### ४.१.१ विद्यार्थीहरुले गरेका शुद्ध र अशुद्ध शब्दहरुको प्रतिशत

म्याग्दी जिल्लाका कक्षा पाँचमा अध्ययनरत पाँच सामुदायिक र पाँच संस्थागत विद्यालयका १०० जना विद्यार्थीहरुलाई शब्दहरुको श्रुति लेखन गराई विश्लेषण गर्ने क्रममा देखिएका शुद्ध र अशुद्ध शब्दहरुको सङ्ख्या र विद्यार्थी सङ्ख्यालाई निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका २**

| **शब्द** | **शुद्ध रूपको सङ्ख्या (%)** | **अशुद्ध रूपको सङ्ख्या (%)** |
|---|---|---|
| गुणी | ३९ | ६१ |
| वृक्ष | ४३ | ५७ |
| दुर्गती | २० | ८० |
| नित्य | ५५ | ४५ |
| ठट्टा | ६८ | ३२ |
| मुढा | ६२ | ३८ |
| क्षमा | ५० | ५० |
| दुष्ट | ४२ | ५८ |
| लक्ष्य | ५३ | ४७ |
| कर्तव्य | २४ | ७६ |
| तात्पर्य | ३५ | ६५ |
| पौष्टिक | २१ | ७९ |
| प्याउली | ७२ | २८ |
| डढेलो | ४५ | ५५ |
| टुङ्गो | ६१ | ३९ |
| रङ्गीचङ्गी | ६२ | ३८ |
| ढक्की | ६७ | ३३ |
| ठिमी | ४७ | ५३ |
| तिर्खा | ५३ | ४७ |
| क्षण | ५८ | ४२ |
| विशेषज्ञ | १४ | ८६ |
| स्मृति | २३ | ७७ |
| ऋषि | २६ | ७४ |
| वाचन | ६० | ४० |
|  | ११०० | १३०० |

माथि उल्लिखित तालिकामा प्रत्येक विद्यार्थीको २४ वटा शब्दहरुलाई जोड्दा १०० जना विद्यार्थीहरुको २४०० वटा शब्दहरु हुन्छन् । त्यसमा सम्पूर्ण १०० जना विद्यार्थीहरुको शुद्ध शब्द लेख्ने र अशुद्ध शब्द लेख्ने विद्यार्थीहरुलाई छुट्याई प्रतिशतमा प्रस्तुत गरिएको छ । जस अनुसार १०० जना विद्यार्थीहरुले २४०० शब्दहरुमा शुद्ध रूप लेख्ने ११०० र अशुद्ध रूप लेख्ने १३०० विद्यार्थीहरु रहेको देखिन्छ । यसरी हेर्दा शब्दगत वर्ण विन्यासको विश्लेषण गर्दा विद्यार्थीहरुले शुद्ध शब्दहरु भन्दा अशुद्ध शब्दहरु बढी मात्रामा लेखिएको पाइन्छ ।

## ४.२ समग्र विद्यार्थीहरुको श्रुति लेखन क्षमताको स्थिति

प्रस्तुत शोध अध्ययन सम्पन्न गर्नका लागि तिन वटा उद्देश्य समावेश गरिएको छ । जसमा कक्षा पाँचमा अध्ययनरत म्याग्दी जिल्लाका विद्यार्थीहरुको श्रुति लेखन क्षमता पहिल्याउनु उद्देश्य राखिएको छ । यस उद्देश्यको पूर्तिका लागि म्याग्दी जिल्लाभित्रका दस वटा विद्यालयका १०० जना विद्यार्थीहरुबाट अध्ययनका लागि तथ्याङ्क सङ्कलन गरिएको छ । ती तथ्याङ्कहरुलाई साङ्ख्यिकीय आधारमा विश्लेषण गरी व्यवस्थित गरिएको छ । व्याख्या तथा विश्लेषणलाई पूर्णतः वस्तुगत रूप दिन प्रतिशतमा रूपान्तरण गरेर तुलनात्मक निष्कर्षका आधारमा सुझाव समेत प्रस्तुत गरिएको छ । प्रस्तुत शोधकार्यमा विश्लेषणका लागि अपनाइएका विभिन्न विधि तथा प्रविधिहरुको विस्तृत विवरण विश्लेषण सहित निम्नानुसार प्रस्तुत गरिएको छ :


### ४.२.१ समग्र विद्यार्थीहरुको श्रुति लेखन क्षमताको प्रतिशताङ्क स्थिति

**तालिका ३**

| कुल विद्यार्थी सङ्ख्या | ४० प्रतिशतभन्दा कम | | ४०-५० प्रतिशत | | ५०-६० प्रतिशत | | ६० प्रतिशत भन्दा माथि | |
|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १०० | १० | १० | ८ | ८ | १२ | १२ | ७० | ७० |

माथि उल्लिखित समग्र विद्यार्थीहरुको श्रुति लेखन क्षमताको प्रतिशताङ्क स्थितिलाई स्तम्भ रेखा चित्रमा निम्नानुसार देखाउन सकिन्छ :

### चित्र नं. १




उक्त तालिका र स्तम्भ रेखा चित्र अनुसार समस्त विद्यार्थीहरुको श्रुति लेखन क्षमताको प्रतिशत गणना गर्दा प्रतिनिधि जनसङ्ख्याका रूपमा छनोट गरिएका कुल विद्यार्थीहरुको सङ्ख्या १०० जनालाई उनीहरुले प्राप्त गरेको प्राप्ताङ्कलाई प्रतिशतका आधारमा चार श्रेणीमा विभाजन गरिएको छ। जस अनुसार श्रुति लेखन क्षमताको विश्लेषण गर्नका लागि ४० प्रतिशत भन्दा कम प्रतिशत भएका विद्यार्थीहरुलाई अनुत्तीर्ण निर्धारण गरिएको छ । त्यसै गरी अनुत्तीर्ण निर्धारण अर्थात् ४० प्रतिशत भन्दा कम भएका विद्यार्थीहरुको सङ्ख्या १० प्रतिशत देखिन्छ। त्यसै गरी श्रुति लेखन क्षमता ४० प्रतिशत भन्दा माथि र ५० प्रतिशत भन्दा तल भएका विद्यार्थी सङ्ख्या ८ प्रतिशत देखिन्छ। ५० - ६० प्रतिशत सम्म श्रुति लेखन क्षमता भएका विद्यार्थी सङ्ख्या १२ प्रतिशत देखिन्छ भने उच्चतम श्रेणी निर्धारण गरिएको अङ्क ६० प्रतिशत भन्दा माथि अङ्क प्राप्त गर्ने विद्यार्थीको सङ्ख्या ७० प्रतिशत देखिएको छ।

यसरी सबैभन्दा न्यूनतम श्रेणीका रूपमा मापन गरिएको ४० प्रतिशतभन्दा कम अङ्क प्राप्त गर्ने विद्यार्थीहरुको सङ्ख्या १० प्रतिशत र सबैभन्दा उच्चतम श्रेणीका रूपमा मापन गरिएको ६० प्रतिशत भन्दा माथि अङ्क प्राप्त गर्न विद्यार्थीहरुको सङ्ख्या ७० प्रतिशत देखिएको छ। यस अध्ययनमा मापन गरिएको निम्न अङ्क र उच्चतम अङ्कमा ६० प्रतिशतको अन्तर देखिएको छ। यसरी निम्न अङ्क प्राप्त गर्ने विद्यार्थी सङ्ख्या १०

प्रतिशत र ४० प्रतिशत भन्दा माथि अङ्क प्राप्त गर्ने विद्यार्थीको सङ्ख्या ९० प्रतिशत रहेको देखिन्छ ।

यसरी समग्र दस विद्यालयका १०० जना विद्यार्थीहरुको श्रुति लेखन क्षमता अध्ययन गर्दा समग्र विद्यार्थीहरुको श्रुति लेखन क्षमता उच्च रहेको पाइन्छ ।

### ४.२.२ मध्यमानका आधारमा समग्र श्रुति लेखन क्षमताको स्थिति

**तालिका ४**

| विद्यार्थी सङ्ख्या | पूर्णाङ्क | औसत प्रतिशत | मध्यमान | मध्यमान भन्दा माथि | | मध्यमान भन्दा तल | |
|---|---|---|---|---|---|---|---|
| | | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १०० | ७० | ६३.२ | ४४.२४ | ६० | ६० | ४० | ४० |

माथि उल्लिखित तालिकालाई हेर्दा १०० जना विद्यार्थीहरुको मध्यमान ४४.२४ र औसत प्रतिशत ६३.२ रहेको देखिन्छ । समग्र विद्यार्थीहरुको श्रुति लेखन क्षमता पत्ता लगाउनका लागि समग्र विद्यार्थीको अङ्कलाई प्रतिशतमा परिवर्तन गरी त्यसैका आधारमा मध्यमान निकालिएको छ । मध्यमान ४४.२४ लाई आधार मानी हेर्दा मध्यमान भन्दा माथि अङ्क ल्याउने विद्यार्थीको सङ्ख्या ६० प्रतिशत देखिन्छ भने मध्यमान भन्दा तल अङ्क ल्याउने विद्यार्थीहरुको सङ्ख्या ४० प्रतिशत रहेको पाइन्छ । यसरी मध्यमान भन्दा माथि र मध्यमान भन्दा तल अङ्क ल्याउने विद्यार्थीहरुको सङ्ख्याको अन्तर २० प्रतिशत रहेको छ ।

म्याग्दी जिल्लाका कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरुको श्रुति लेखन क्षमता समग्रमा उच्च नै रहेको पाइन्छ ।

यसरी समग्रमा भन्नुपर्दा म्याग्दी जिल्लामा रहेका विभिन्न दस विद्यालयका जम्मा १०० जना विद्यार्थीहरुको प्रतिशताङ्क स्थिति र मध्यमानका आधारमा श्रुति लेखन क्षमताको विश्लेषण गर्दा समग्र विद्यार्थीको श्रुति लेखन क्षमता उच्च नै रहेको पाइन्छ ।

# अध्याय पाँच

# विद्यालयको प्रकृति र लैङ्गिकताका आधारमा श्रुति लेखन क्षमताको स्थिति

## ५.१ विद्यालयको प्रकृतिका आधारमा श्रुति लेखन क्षमतोका स्थिति

विद्यलायको प्रकृतिका आधारमा समग्र विद्यार्थीको श्रुति लेखन क्षमताको अध्ययन गर्ने क्रममा म्याग्दी जिल्लाको दस विद्यालयमध्ये पाँच सामुदीयक र पाँच संस्थागत गरी अध्ययन गरिएको छ । त्यसै गरी पाँच सामुदायिक विद्यालयबाट ५० जना र संस्थागत विद्यालयबाट ५० जना विद्यार्थीलाई समावेश गरिएको छ । विद्यालयको प्रकृतिका आधारमा विद्यार्थीहरुको श्रुति लेखन क्षमताको तुलनात्मक अध्ययन निम्नानुसार छ :

### ५.१.१ सामुदायिक विद्यालयको श्रुति लेखन क्षमताको प्रतिशताङ्क स्थिति

**तालिका ५**

| कुल विद्यार्थी सङ्ख्या | ४० प्रतिशतभन्दा कम | | ४०-५० प्रतिशत | | ५०-६० प्रतिशत | | ६० प्रतिशत भन्दा माथि | |
|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | ४ | ८ | १ | २ | ७ | १४ | ३८ | ७६ |

माथि प्रस्तुत गरिएको तालिकामा समग्र सामुदायिक विद्यालयका ५० जना विद्यार्थीको श्रुति लेखन क्षमताको प्रतिशताङ्क स्थिति प्रस्तुत गरिएको छ । जस अन्तर्गत श्रुति लेखन क्षमताको अनुत्तीर्ण निर्धारण गरिएको अङ्क ४० प्रतिशतभन्दा कम रहेको छ । यस तालिकाका आधारमा ४० प्रतिशत भन्दा कम अङ्क ल्याउने विद्यार्थी प्रतिशत ८ रहेको छ । त्यसै गरी ४० भन्दा माथि र ५० भन्दा तल अङ्क ल्याउने विद्यार्थी प्रतिशत २ रहेको छ । ५०-६० प्रतिशत ल्याउने विद्यार्थीको प्रतिशत १४ र ६० प्रतिशत भन्दा माथि अङ्क ल्याउने विद्यार्थी प्रतिशत ७६ रहेको देखिन्छ । अनुत्तीर्ण प्रतिशत निर्धारण गरेको र उच्चतम प्रतिशत निर्धारण गरे अनुसार यी दुई बीच ६८ प्रतिशतको अन्तर देखिन्छ । यसरी निम्न अङ्क प्राप्त गर्ने विद्यार्थी सङ्ख्या ८ प्रतिशत भएको र ४० प्रतिशत भन्दा माथि अङ्क प्राप्त गर्ने विद्यार्थीको सङ्ख्या ९२ प्रतिशत रहेको देखिन्छ ।

यसरी समग्र म्याग्दी जिल्लामा रहेको कक्षा पाँचमा अध्ययनरत सामुदायिक विद्यालयको श्रुति लेखन क्षमता उच्च रहेको पाइन्छ ।

### ५.१.२ मध्यमानका आधारमा सामुदायिक विद्यालयको श्रुति लेखन क्षमताको स्थिति

**तालिका ६**

| विद्यार्थी सङ्ख्या | पूर्णाङ्क | औसत प्रतिशत | मध्यमान | मध्यमान भन्दा माथि | | मध्यमान भन्दा तल | |
|---|---|---|---|---|---|---|---|
| | | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | ७० | ६३.८९ | ४४.७२ | ३२ | ६४ | १८ | ३६ |

प्रस्तुत तालिकामा समग्र सामुदायिक विद्यालयको विद्यार्थीहरुको श्रुति लेखन क्षमताको स्थिति मध्यमानका आधारमा देखाइएको छ । उक्त तालिका अनुसार मध्यमान ४४.७२ र औसत प्रतिशत ६३.८९ रहेको छ । मध्यमानलाई आधार मान्दा मध्यमान भन्दा माथि श्रुति लेखन क्षमता भएका सामुदायिक विद्यालयको विद्यार्थीहरुको सङ्ख्या ६४ प्रतिशत छ भने मध्यमान भन्दा तल श्रुति लेखन क्षमता भएका सामुदायिक विद्यालयको विद्यार्थीहरुको सङ्ख्या ३६ प्रतिशत रहेको छ । मध्यमान भन्दा माथि र तल श्रुति लेखन क्षमता भएको विद्यार्थीको अन्तर हेर्दा २८ प्रतिशत रहेको देखिन्छ । यसरी हेर्दा म्याग्दी जिल्लाका पाँच सामुदायिक विद्यालयको श्रुति लेखन क्षमताको स्थिति मध्यमानका आधारमा उच्च नै रहेको पाइन्छ ।

### ५.१.३ संस्थागत विद्यालयको श्रुति लेखन क्षमताको प्रतिशताङ्क स्थिति

**तालिका ७**

| कुल विद्यार्थी सङ्ख्या | ४० प्रतिशतभन्दा कम | | ४०-५० प्रतिशत | | ५०-६० प्रतिशत | | ६० भन्दा माथि प्रतिशत | |
|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | ६ | १२ | ७ | १४ | ५ | १० | ३२ | ६४ |

माथि प्रस्तुत गरिएको तालिकामा समग्र संस्थागत विद्यालयका ५० जना विद्यार्थीहरुको श्रुति लेखन क्षमताको प्रतिशताङ्क स्थिति प्रस्तुत गरिएको छ । जस अन्तर्गत श्रुति लेखन क्षमताको अनुत्तीर्ण निर्धारण गरिएको अङ्क ४० प्रतिशत भन्दा कम रहेको छ । यस तालिकाका आधारमा ४० प्रतिशत भन्दा कम अङ्क ल्याउने विद्यार्थी प्रतिशत १२ रहेको छ । त्यसै गरी ४० भन्दा माथि र ५० भन्दा तल अङ्क ल्याउने विद्यार्थी प्रतिशत १४ रहेको छ । ५० -६० ल्याउने विद्यार्थीको प्रतिशत १० र ६० देखि माथिको अङ्क

ल्याउने विद्यार्थी प्रतिशत ६४ रहेको देखिन्छ । यस अध्ययनमा मापन गरिएको निम्न अङ्क र उच्चतम अङ्कमा ५२ प्रतिशतको अन्तर देखिएको छ ।

यसरी निम्न अङ्क प्राप्त गर्ने विद्यार्थी सङ्ख्या १२ प्रतिशत र ४० प्रतिशत भन्दा माथि अङ्क प्राप्त गर्ने विद्यार्थी सङ्ख्या ८८ प्रतिशत रहेको देखिन्छ । यसरी समग्रमा संस्थागत विद्यालयको श्रुति लेखन क्षमता उच्च रहेको देखिन्छ ।

### ५.१.४ मध्यमानका आधारमा संस्थागत विद्यालयको श्रुति लेखन क्षमताको स्थिति

**तालिका ८**

| विद्यार्थी सङ्ख्या | पूर्णाङ्क | औसत प्रतिशत | मध्यमान | मध्यमान भन्दा माथि | | मध्यमान भन्दा तल | |
|---|---|---|---|---|---|---|---|
| | | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | ७० | ६२.५१ | ४३.७६ | २९ | ५८ | २१ | ४२ |

प्रस्तुत तालिकामा समग्र संस्थागत विद्यालयको विद्यार्थीहरुको श्रुति लेखन क्षमताको स्थिति मध्यमानका आधारमा देखाइएको छ । उक्त तालिका अनुसार मध्यमान ४३.७६ र औसत प्रतिशत ६२.५१ रहेको छ । मध्यमानलाई आधार मानी हेर्दा मध्यमान भन्दा माथि श्रुति लेखन क्षमता भएका संस्थागत विद्यालयको विद्यार्थीहरुको सङ्ख्या ५८ प्रतिशत छ भने मध्यमान भन्दा तल श्रुति लेखन क्षमता भएको संस्थागत विद्यालयको विद्यार्थीहरुको सङ्ख्या ४२ प्रतिशत रहेको छ । मध्यमान भन्दा माथि र तल श्रुति लेखन क्षमता भएको विद्यार्थीहरुको अन्तर हेर्दा १६ प्रतिशत रहेको देखिन्छ । यसरी हेर्दा म्याग्दी जिल्लाका पाँच संस्थागत विद्यालयको विद्यार्थीहरुको श्रुति लेखन क्षमता सन्तोषजनक रहेको देखिन्छ ।


### ५.१.५ प्रतिशताङ्क स्थितिका आधारमा सामुदायिक र संस्थागत विद्यालयको श्रुति लेखन क्षमताको तुलनात्मक अध्ययन

**तालिका ९**

| विद्यालय | कुल विद्यार्थी सङ्ख्या | ४० प्रतिशत भन्दा तल | | ४०-५० प्रतिशत | | ५०-६० प्रतिशत | | ६० भन्दा माथि प्रतिशत माथि | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| सामुदायिक | ५० | ४ | ८ | १ | २ | ७ | १४ | ३८ | ७६ |
| संस्थागत | ५० | ६ | १२ | ७ | १४ | ५ | १० | ३२ | ६४ |

माथि उल्लिखित प्रतिशताङ्क स्थितिका आधारमा सामुदायिक र संस्थागत विद्यालयको श्रुति लेखन क्षमताको तुलनालाई स्तम्भ रेखा चित्रमा निम्नानुसार देखाउन सकिन्छ :

**चित्र नं. २**




माथिको तालिका र स्तम्भ रेखा चित्रमा म्याग्दी जिल्लाका कक्षा पाँचमा अध्ययनरत सामुदायिक र पाँच संस्थागत विद्यालयका जम्मा १०० जना विद्यार्थीहरुलाई श्रुति लेखन गराई उनीहरुले प्राप्त गरेको अङ्कका आधारमा सङ्ख्याको प्रतिशत निकाली त्यसलाई प्रतिशताङ्कमा प्रस्तुत गरिएको छ । चार श्रेणीमा विभाजन गरिएको उक्त प्रतिशतमा ४० प्रतिशत भन्दा कम प्रतिशत भएका विद्यार्थीहरुलाई अनुत्तीर्ण निर्धारण गरिएको छ । सामुदायिक विद्यालयका विद्यार्थीहरुमध्ये ४० प्रतिशत भन्दा तल अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ८ प्रतिशत, ४० देखि ५० को विचमा अङ्क ल्याउने विद्यार्थी सङ्ख्या २ प्रतिशत, ५० देखि ६० को बीचमा अङ्क ल्याउने विद्यार्थी सङ्ख्या १४ प्रतिशत र ६० भन्दा माथि अङ्क ल्याउने विद्यार्थीको सङ्ख्या ७४ प्रतिशत रहेको छ । त्यसै गरी संस्थागत विद्यालयका विद्यार्थीहरुमध्ये ४० प्रतिशत भन्दा तल अङ्क ल्याउने विद्यार्थी सङ्ख्या १२ प्रतिशत, ४० देखि ५० को बीचमा अङ्क ल्याउने विद्यार्थी सङ्ख्या १४ प्रतिशत, ५० देखि ६० प्रतिशतको बीचमा अङ्क ल्याउने विद्यार्थी सङ्ख्या १० प्रतिशत र ६० भन्दा माथिको अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ६४ प्रतिशत रहेको छ ।

समग्रमा भन्नुपर्दा सामुदायिक विद्यालयको अनुत्तीर्ण प्रतिशत ल्याउने विद्यार्थी सङ्ख्या ८ र ४० प्रतिशत भन्दा बढी अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ९२ प्रतिशत र संस्थागत विद्यालयको अनुत्तीर्ण प्रतिशत ल्याउने विद्यार्थी सङ्ख्या १२ र ४० प्रतिशत भन्दा बढी अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ८८ प्रतिशत रहेको पाइन्छ । दुवै विद्यालयको विद्यार्थीहरुको श्रुति लेखन क्षमताको प्रतिशतलाई हेर्ने हो भने सामुदायिक विद्यालयको विद्यार्थीहरुको श्रुति लेखन संस्थागत विद्यालयको विद्यार्थीहरुको तुलनामा ४ प्रतिशत बढी रहेको हुनाले संस्थागत विद्यालयको तुलनामा सामुदायिक विद्यालयका विद्यार्थीहरुको श्रुति लेखन क्षमता उच्च रहेको देखिन्छ ।

यसरी सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरुको श्रुति लेखन क्षमताबीच तुलना गर्दा दुई विद्यालयका विद्यार्थीहरुले प्राप्त गरेको प्रतिशताङ्क र मध्यमानका आधारमा हेर्दा संस्थागत विद्यालय भन्दा सामुदायिक विद्यालयको श्रुति लेखन क्षमता उच्च रहेको देखिन्छ ।

### ५.१.६ मध्यमानका आधारमा सामुदायिक र संस्थागत विद्यालयको श्रुति लेखन क्षमताको तुलनात्मक अध्ययन

**तालिका १०**

| विद्यालय | विद्यार्थी सङ्ख्या | पूर्णाङ्क | औसत प्रतिशत | मध्यमान |
|---|---|---|---|---|
| सामुदायिक | ५० | ७० | ६३.८९ | ४४.७२ |
| संस्थागत | ५० | ७० | ६२.५१ | ४३.७६ |

माथिको तालिकामा ५० जना सामुदायिक विद्यालय र ५० जना संस्थागत विद्यालयका जम्मा १०० जना विद्यार्थीहरुलाई प्रतिनिधि जनसङ्ख्याका रूपमा लिइएको छ । सामुदायिक र संस्थागत विद्यालयको मध्यमान क्रमशः ४४.७२, ४३.७६ र औसत प्रतिशत ६३.८९, ६२.५१ रहेको देखिन्छ । प्रस्तुत तालिकालाई हेर्दा सामुदायिक विद्यालयको मध्यमान भन्दा संस्थागत विद्यालयको मध्यमान ०.९६ प्रतिशतले कम देखिन्छ भने संस्थागत विद्यालयको मध्यमान भन्दा ०.९६ प्रतिशतले सामुदायिक विद्यालयको मध्यमान बढि देखिन्छ ।

माथिको तालिकामा हेर्दा मध्यमानका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरुको श्रुति लेखन क्षमता भन्दा सामुदायिक विद्यालयका विद्यार्थीहरुको श्रुति लेखन क्षमता ०.९६ प्रतिशतले उच्च रहेको देखिन्छ ।

यसरी सामुदायिक र संस्थागत विद्यालयका छात्रा र छात्र विद्यार्थीहरुको श्रुति लेखन क्षमता बीच तुलना गर्दा छात्रा र छात्र विद्यार्थीहरुले प्राप्त गरेको प्रतिशताङ्क र मध्यमानका आधारमा हेर्दा छात्र विद्यार्थीहरुको भन्दा छात्रा विद्यार्थीहरुको श्रुति लेखन क्षमता उच्च रहेको देखिन्छ ।

## ५.२ लैङ्गिकताका आधारमा छात्रा र छात्रको श्रुति लेखन क्षमताको स्थिति

म्याग्दी जिल्लाका कक्षा पाँचमा अध्ययनरत सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरुमध्ये सामुदायिक विद्यालयमा अध्ययन गर्ने छात्रा २५ जना र संस्थागत विद्यालयमा अध्ययन गर्ने छात्रा २५ जना गरी जम्मा ५० जना विद्यार्थीलाई प्रतिनिधि जनसङ्ख्याका रूपमा लिइएको छ भने सामुदायिक र संस्थागत विद्यालयमा अध्ययन गर्ने २५ /२५ जना छात्र गरी जम्मा ५० जना छात्रलाई पनि प्रतिनिधि जनसङ्ख्यामा रूपमा लिइएको पाइन्छ । समग्रमा दुवै विद्यालयबाट छात्रा ५० र छात्र ५० गरी जम्मा १०० जना विद्यार्थीहरुलाई प्रतिनिधि जनसङ्ख्याका रूपमा लिइएको छ । छात्रा र छात्रको श्रुति लेखन क्षमताको प्रतिशताङ्क र मध्यमान प्रस्तुत गरी यी दुई बीचको तुलनात्मक अध्ययन पनि निम्नानुसार प्रस्तुत गरिएको छ :

### ५.२.१ समग्र छात्राहरुको श्रुति लेखन क्षमताको स्थिति

सामुदायिक र संस्थागत विद्यालयमा कक्षा पाँचमा अध्ययन गर्ने छात्राहरुको श्रुति लेखन क्षमताको समग्र स्थितिलाई निम्न प्रतिशताङ्क र मध्यमानका आधारमा प्रस्तुत गरिएको छः

### ५.२.२ छात्राहरुको श्रुति लेखन क्षमताको प्रतिशताङ्क स्थिति

तालिका ११

| कुल विद्यार्थी सङ्ख्या | ४० प्रतिशतभन्दा कम | | ४०-५० प्रतिशत | | ५०-६० प्रतिशत | | ६० प्रतिशत भन्दा माथि | |
|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | ४ | ८ | ४ | ८ | ४ | ८ | ३८ | ७६ |

माथि प्रस्तुत गरिएको तालिकामा समग्र सामुदायिक र संस्थागत विद्यालयका कक्षा पाँचमा अध्ययनरत ५० जना छात्रा विद्यार्थीहरुको श्रुति लेखन क्षमताको प्रतिशताङ्क स्थिति प्रस्तुत गरिएको छ । जस अन्तर्गत श्रुति लेखन क्षमताको अनुत्तीर्ण निर्धारण गरिएको अङ्क ४० प्रतिशत भन्दा कम रहेको छ । प्रस्तुत तालिकाका आधारमा ४० प्रतिशत भन्दा कम अङ्क ल्याउने विद्यार्थी प्रतिशत ८ रहेको छ । त्यसै गरी ४० भन्दा माथि र ५० भन्दा तल अङ्क ल्याउने विद्यार्थी प्रतिशत ८ रहेको छ । ५०-६० प्रतिशत ल्याउने विद्यार्थी प्रतिशत ८ नै रहेको छ र ६० प्रतिशत भन्दा बढी ल्याउने विद्यार्थी ७६ रहेको देखिन्छ । अनुत्तीर्ण प्रतिशत निर्धारण गरेको र उच्चतम प्रतिशत निर्धारण गरे अनुसार यी दुई बीच ६८ प्रतिशतको अन्तर देखिन्छ । यसरी न्यूनतम अङ्क प्राप्त गर्न विद्यार्थी सङ्ख्या ८ प्रतिशत र ४० प्रतिशत भन्दा माथि अङ्क प्राप्त गर्ने विद्यार्थीको सङ्ख्या ९२ प्रतिशत रहेको देखिन्छ । यसरी समग्र रूपमा हेर्दा म्याग्दी जिल्लाका कक्षा पाँचमा अध्ययनरत छात्राहरुको श्रुति लेखन क्षमता उच्च रहेको देखिन्छ ।

### ५.२.३ मध्यमानका आधारमा छात्राका श्रुति लेखन क्षमताको स्थिति

तालिका १२

| विद्यार्थी सङ्ख्या | पूर्णाङ्क | औसत प्रतिशत | मध्यमान | मध्यमान भन्दा माथि | | मध्यमान भन्दा तल | |
|---|---|---|---|---|---|---|---|
| | | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | ७० | ६५.६२ | ४५.९४ | ३४ | ६८ | १६ | ३२ |

प्रस्तुत तालिकामा समग्र छात्राहरुको श्रुति लेखन क्षमताको स्थिति मध्यमानका आधारमा देखाइएको छ । उक्त तालिका अनुसार मध्यमान ४५.९४ र औसत प्रतिशत ६५.६२ रहेको छ । मध्यमानलाई आधार मानी हेर्दा मध्यमान भन्दा माथि श्रुति लेखन क्षमता

भएका विद्यार्थीहरुको सङ्ख्या ६८ प्रतिशत र मध्यमान भन्दा तल श्रुति लेखन क्षमता भएका छात्रा विद्यार्थीहरुको सङ्ख्या ३२ प्रतिशत रहेको छ । मध्यमान भन्दा माथि र तल श्रुति लेखन क्षमता भएका विद्यार्थीहरुको अन्तर हेर्दा ३६ प्रतिशत रहेको देखिन्छ ।

समग्रमा हेर्दा सामुदायिक र संस्थागत विद्यालयका छात्राहरुको श्रुति लेखन क्षमता उच्च रहेको देखिन्छ ।

**५.२.४ समग्र छात्रहरुको श्रुति लेखन क्षमताको प्रतिशताङ्कको स्थिति**

**तालिका १३**

| कुल विद्यार्थी सङ्ख्या | ४० प्रतिशतभन्दा कम | | ४०-५० प्रतिशत | | ५०-६० प्रतिशत | | ६० प्रतिशत भन्दा माथि | |
|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | ६ | १२ | ४ | ८ | ८ | १६ | ३२ | ६४ |

माथि प्रस्तुत गरिएको तालिकामा समग्र सामुदायिक र संस्थागत विद्यालयका कक्षा पाँचमा अध्ययनरत ५० जना छात्र विद्यार्थीहरुको श्रुति लेखन क्षमताको प्रतिशताङ्क स्थिति प्रस्तुत गरिएको छ । जस अन्तर्गत श्रुति लेखन क्षमताको फेल निर्धारण गरिएको अङ्क ४० प्रतिशत भन्दा कम रहेको छ । प्रस्तुत तालिकाका आधारमा ४० प्रतिशत भन्दा कम अङ्क ल्याउने विद्यार्थी प्रतिशत १२ रहेको छ । त्यसै गरी ४० भन्दा माथि र ५० भन्दा तल अङ्क ल्याउने विद्यार्थी प्रतिशत ८ रहेको छ । ५०-६० प्रतिशत ल्याउने विद्यार्थी प्रतिशत १६ र ६० भन्दा माथि ल्याउने ६४ प्रतिशत विद्यार्थीहरु रहेको देखिन्छ । अनुत्तीर्ण प्रतिशत निर्धारण गरेको र उच्चतम प्रतिशत निर्धारण गरे अनुसार यी दुई बीच ५२ प्रतिशतको अन्तर देखिन्छ । यसरी निम्न अङ्क प्राप्त गर्ने विद्यार्थी सङ्ख्या १२ प्रतिशत र ४० प्रतिशत भन्दा माथि अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ८८ प्रतिशत रहेको देखिन्छ ।

यसरी समग्रमा दुई विद्यालयका छात्र विद्यार्थीहरुको श्रुति लेखन क्षमता उच्च रहेको देखिन्छ ।

### ५.२.५ मध्यमानका आधारमा छात्रको श्रुति लेखन क्षमताको स्थिति

**तालिका १४**

| विद्यार्थी सङ्ख्या | पूर्णाङ्क | औसत प्रतिशत | मध्यमान | मध्यमान भन्दा माथि | | मध्यमान भन्दा तल | |
|---|---|---|---|---|---|---|---|
| | | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | ७० | ६०.७७ | ४२.५४ | २९ | ५८ | २१ | ४२ |

प्रस्तुत तालिकामा समग्र छात्रहरुको श्रुति लेखन क्षमताको स्थिति मध्यमानका आधारमा देखाइएको छ । उक्त तालिका अनुसार मध्यमान ४२.५४ र औसत प्रतिशत ६०.७७ रहेको छ। मध्यमानलाई आधार मानी हेर्दा मध्यमान भन्दा माथि श्रुति लेखन क्षमता भएका छात्र विद्यार्थीहरुको सङ्ख्या ५८ प्रतिशत र मध्यमान भन्दा तल श्रुति लेखन क्षमता भएका छात्र विद्यार्थीहरुको सङ्ख्या ४२ प्रतिशत रहेको छ। मध्यमान भन्दा माथि र तल श्रुति लेखन क्षमता भएको विद्यार्थीहरुको अन्तर हेर्दा १६ प्रतिशत रहेको छ।

समग्रमा हेर्दा सामुदायिक र संस्थागत विद्यालयका ५० जना छात्र विद्यार्थीहरुको श्रुति लेखन क्षमता सन्तोषजनक देखियो ।


### ५.२.६ प्रतिशताङ्क स्थितिका आधारमा छात्रा र छात्र विद्यार्थीहरुको श्रुति लेखन क्षमताको तुलनात्मक अध्ययन

**तालिका १५**

| विद्यार्थी | कुल विद्यार्थी सङ्ख्या | ४० प्रतिशत भन्दा कम | | ४०-५० प्रतिशत | | ५०-६० प्रतिशत | | ६० प्रतिशत भन्दा माथि | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| छात्रा | ५० | ४ | ८ | ४ | ८ | ४ | ८ | ३८ | ७६ |
| छात्र | ५० | ६ | १२ | ४ | ८ | ८ | १६ | ३२ | ६४ |

माथि उल्लिखित प्रतिशताङ्क स्थितिका आधारमा छात्रा र छात्र विद्यार्थीहरुको श्रुति लेखन क्षमताको तुलनालाई स्तम्भ रेखा चित्रमा निम्नानुसार देखाउन सकिन्छ :

**चित्र नं. ३**




माथिको तालिका र स्तम्भ रेखा चित्रमा म्याग्दी जिल्लाका कक्षा पाँचमा अध्ययनरत सामुदायिक र संस्थागत विद्यालयका छात्रा र छात्र गरी १०० जना विद्यार्थीहरुलाई श्रुति लेखन गरी प्राप्त प्राप्ताङ्कलाई प्रतिशतमा प्रस्तुत गरिएको छ । चार श्रेणीमा विभाजन गरिएको उक्त प्रतिशतमा ४० प्रतिशत भन्दा कम प्रतिशत भएका विद्यार्थीहरुलाई अनुत्तीर्ण निर्धारण गरिएको छ । छात्रा विद्यार्थीहरुमध्ये ४० प्रतिशत भन्दा तल अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ८ प्रतिशत, ४० देखि ५० को बीचमा अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ८ प्रतिशत, ५० देखि ६० को बीचमा अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ८ र ६० भन्दा माथि अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ७६ प्रतिशत रहेको छ । त्यसै गरी छात्र विद्यार्थीहरुमध्ये ४० प्रतिशत भन्दा तल अङ्क ल्याउने विद्यार्थी सङ्ख्या १२ प्रतिशत, ४०-५० को बीचमा अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ८ प्रतिशत, ५०-६० को बीचमा अङ्क ल्याउने विद्यार्थी सङ्ख्या १६ प्रतिशत र ६० भन्दा माथि अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ६४ प्रतिशत रहेको छ ।

समग्रमा भन्नुपर्दा अनुत्तीर्ण प्रतिशत ल्याउने छात्रा विद्यार्थी सङ्ख्या ८ प्रतिशत र ४० प्रतिशत भन्दा बढी अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ९२ प्रतिशत र अनुत्तीर्ण प्रतिशत ल्याउने छात्र विद्यार्थी सङ्ख्या १२ प्रतिशत र ४० प्रतिशत भन्दा बढी अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ८८ प्रतिशत रहेको पाइन्छ । सामुदायिक र संस्थागत विद्यालयका छात्रा

र छात्र विद्यार्थीहरुको श्रुति लेखन क्षमताको प्रतिशताङ्क स्थिति हेर्दा छात्राको तुलनामा छात्रको श्रुति लेखन क्षमता ४ प्रतिशतले कम भएको देखिन्छ र छात्रको तुलनामा छात्राको श्रुति लेखन क्षमता ४ प्रतिशतले बढी देखिएकाले छात्रा विद्यार्थीहरुको श्रुति लेखन क्षमता छात्र तुलनामा उच्च रहेको देखिन्छ ।

### ५.२.७ मध्यमानका आधारमा छात्रा र छात्र विद्यार्थीहरुको श्रुति लेखन क्षमताको तुलनात्मक अध्ययन

**तालिका १६**

| विद्यार्थी | विद्यार्थी सङ्ख्या | पूर्णाङ्क | औसत प्रतिशत | मध्यमान |
|---|---|---|---|---|
| छात्रा | ५० | ७० | ६५.६२ | ४५.९४ |
| छात्र | ५० | ७० | ६०.७७ | ४२.५४ |

माथिको तालिकामा ५० जना छात्रा र ५० जना छात्र गरी जम्मा १०० जना विद्यार्थीहरुलाई प्रतिनिधि जनसङ्ख्याका रूपमा लिइएको छ । छात्रा र छात्रको श्रुति लेखन क्षमताको मध्यमान क्रमशः ४५.९४, ४२.५४  र औसत प्रतिशत क्रमशः ६५.६२, ६०.७७ रहेको देखिन्छ ।

प्रस्तुत तालिकालाई मध्यनजर गर्दा छात्रा विद्यार्थीको श्रुति लेखन क्षमताको मध्यमान छात्र विद्यार्थीको तुलनामा ३.४० प्रतिशतले बढी देखिन्छ अर्थात् छात्रको तुलनामा छात्रा विद्यार्थीको श्रुति लेखन क्षमता ३.४० प्रतिशतले बढी भएकाले समग्रमा छात्रा र छात्र विद्यार्थीको श्रुति लेखन क्षमतामा छात्रको भन्दा छात्राको श्रुति लेखन क्षमता उच्च रहेको देखिन्छ ।

# अध्याय ६

# वर्ण विन्यास र लेख्य चिह्न प्रयोगका आधारमा समग्र विद्यार्थीहरुको श्रुति लेखन क्षमताको स्थिति

वर्ण विन्यास भन्नाले लिखित रूपमा वर्णहरुको रेखाङ्क्रम हो । वर्ण विन्यासलाई हिज्जे पनि भनिन्छ । वर्ण विन्यास अन्तर्गत ह्रस्व र दीर्घ सम्बन्धी नियम, श/ष/स को प्रयोग, ब/व, ऋ/रि, क्ष/छे, ज्ञ /ग्यँ को प्रयोग, हलन्त र अजन्तको प्रयोग, पदयोग र पद वियोग सम्बन्धी प्रयोग आदि पर्दछन् । लेख्य चिह्न भन्नाले कुनै पनि भाषाका माध्यमले स्पष्ट र राम्रोसँग कुनै कुरा व्यक्त वा अभिव्यक्त गर्न आवश्यकता अनुसार प्रयोग गरिने चिह्नहरु हो । लेख्य चिह्न अन्तर्गत पूर्ण विराम (।), अल्पविराम (,) , अर्धविराम (;), प्रश्नवाचक (?), उद्गर चिह्न (!), निर्देशक चिह्न (-, :), कोष्ठक चिह्न (  ), उद्धरण चिह्न (“”), शिरविन्दु ( ं ), चन्द्रविन्दु ( ँ ) आदि चिह्नहरु पर्दछन् । सामुदायिक र संस्थागत विद्यालयका ५०/५० गरी जम्मा १०० जना विद्यार्थीहरुको समग्रमा वर्ण विन्यास र लेख्य चिह्नको प्रयोगलाई प्रतिशताङ्क र मध्यमानका आधारमा निम्नानुसार प्रस्तुत गरिएको छ ।

## ६.१. वर्ण विन्यासका आधारमा समग्र विद्यार्थीहरुको श्रुति लेखन क्षमताको स्थिति

लिखित रूपमा वर्णहरुको रखाइक्रमलाई वर्ण विन्यास भनिन्छ । वर्ण विन्यासमा विभिन्न नियमहरु रहेका हुन्छन् । वर्ण विन्यास अन्तर्गत ह्रस्व र दीर्घ सम्बन्धी नियम, श/ष/स, ब/व, ऋ/रि, क्ष/छे, ज्ञ/ ग्यँ को प्रयोग, पदयोग पदवियोग, हलन्त र अजन्त जस्ता प्रयोग र नियमहरु रहेका हुन्छन् । म्याग्दी जिल्लाका कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरुले श्रुति लेखनका क्रममा विभन्न किसिमका वर्ण विन्यासका नियमहरुको प्रयोग नगरिएको देखिन्छ । वर्ण विन्यासको प्रयोग गर्दा विभिन्न समस्याहरु आएको देखिन्छ । जस्तैः गुणी शब्द लेख्नु पर्ने ठाउँमा गुनी, गुणि, गुनि आदि लेखेको पाइन्छ । त्यसै गरी ठट्टा लेख्नुपर्ने ठाउँमा ठट्ता, थट्ता, ठट्टा लेख्नु, मुढाको ठाउँमा मुडा, मुदा, मुधा, मूढा लेख्नु, क्षमा लेख्नु पर्ने ठाउँमा क्षेमा, छेमा लेख्नु र पाचन लेख्नु पर्ने ठाउँमा बाचन, बाचान आदि लेखेको पाइन्छ । वक्ताले राम्रो शब्दलाई शुद्ध उच्चारण गरी श्रुति लेखन गराएता पनि विद्यार्थीहरुले सहज रूपमा लिन नसकेको पाइन्छ । उक्त विद्यार्थीहरुको वर्ण विन्यासका

आधारमा समग्र विद्यार्थीको श्रुति लेखन क्षमताको प्रतिशताङ्क र मध्यमान निम्नानुसार छन्:


### ६.१.१ वर्ण विन्यासका आधारमा श्रुति लेखन क्षमताको प्रतिशताङ्क स्थिति

**तालिका १७**

| कुल विद्यार्थी सङ्ख्या | ४० प्रतिशतभन्दा कम | | ४०-५० प्रतिशत | | ५०-६० प्रतिशत | | ६० प्रतिशत भन्दा माथि | |
|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १०० | ११ | ११ | ८ | ८ | १७ | १७ | ६४ | ६४ |

माथि उल्लिखित वर्ण विन्यासका आधारमा समग्र विद्यार्थीहरुको श्रुति लेखन क्षमतालाई स्तम्भ रेखा चित्रमा निम्नानुसार देखाउन सकिन्छ :

**चित्र नं. ४**




उक्त तालिका र स्तम्भ रेखा चित्र अनुसार समस्त विद्यार्थीहरुको वर्ण विन्यासका आधारमा श्रुति लेखन क्षमताको प्रतिशत गणना गर्दा प्रतिनिधि जनसङ्ख्याका रूपमा छनोट गरिएका कुल विद्यार्थीहरुको सङ्ख्या १०० जनालाई उनीहरुले प्राप्त गरेको प्राप्ताङ्क प्रतिशतका आधारमा चार श्रेणीमा विभाजन गरिएको छ । जस अनुसार वर्ण विन्यासका आधारमा श्रुति लेखन क्षमताको विश्लेषण गर्नका लागि ४० प्रतिशत भन्दा कम प्रतिशत भएका विद्यार्थीहरुलाई अनुत्तीर्ण निर्धारण गरिएको छ । त्यसै गरी अनुत्तीर्ण निर्धारण

अर्थात् ४० प्रतिशत भन्दा कम भएका विद्यार्थीहरुको सङ्ख्या ११ प्रतिशत देखिन्छ । त्यसै गरी ४० प्रतिशत भन्दा माथि र ५० प्रतिशत भन्दा तल भएको विद्यार्थी सङ्ख्या ८ प्रतिशत, ५०-६० को बीचको विद्यार्थी सङ्ख्या १७ प्रतिशत र ६० प्रतिशत भन्दा माथिको विद्यार्थी सङ्ख्या ६४ रहेको देखिन्छ ।

यसरी सबैभन्दा न्यूनतम श्रेणीको रूपमा मापन गरिएको ४० प्रतिशत भन्दा कम अङ्क प्राप्त गर्ने विद्यार्थीहरुको सङ्ख्या ११ र सबैभन्दा उच्चतम श्रेणीका रूपमा मापन गरिएको ६० प्रतिशत भन्दा माथि अङ्क प्राप्त गर्ने विद्यार्थीहरुको सङ्ख्या ६४ प्रतिशत देखिएको छ । यस अध्ययनमा मापन गरिएको न्यून अङ्क र उच्चतम अङ्कमा ५३ प्रतिशतको अन्तर देखिएको छ । यसरी न्यून अङ्क प्राप्त गर्ने विद्यार्थी सङ्ख्या ११ प्रतिशत र ४० प्रतिशत भन्दा माथिको अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ८९ प्रतिशत रहेको देखिन्छ ।

यसरी हेर्दा १०० जना विद्यार्थीको वर्ण विन्यासका आधारमा श्रुति लेखन क्षमता उच्च रहेको देखिन्छ ।

### ६.१.२ वर्ण विन्यासका आधारमा श्रूतिलेखन क्षमताको मध्यमान स्थिति

**तालिका १८**

| विद्यार्थी सङ्ख्या | पूर्णाङ्क | औसत प्रतिशत | मध्यमान | मध्यमान भन्दा माथि | | मध्यमान भन्दा तल | |
|---|---|---|---|---|---|---|---|
| | | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १०० | ५४ | ६१.८५ | ३३.४० | ५९ | ५९ | ४१ | ४१ |

माथि उल्लिखित तालिकालाई हेर्दा १०० जना विद्यार्थीहरुको मध्यमान ३३.४० र औसत प्रतिशत ६१.८५ रहेको देखिन्छ । समग्र विद्यार्थीहरुको वर्ण विन्यासका आधारमा श्रुति लेखन पत्ता लगाउनका लागि प्राप्त प्राप्ताङ्कलाई मध्यमानमा प्रस्तुत गरिएको छ । मध्यमान ३३.४० लाई आधार मानी हेर्दा मध्यमान भन्दा माथि अङ्क ल्याउने विद्यार्थीहरुको सङ्ख्या ५९ प्रतिशत देखिन्छ भने मध्यमान भन्दा तल अङ्क ल्याउने विद्यार्थीहरुको सङ्ख्या ४१ प्रतिशत रहेको देखिन्छ । यसरी मध्यमान भन्दा माथि र मध्यमान भन्दा तल अङ्क ल्याउने विद्यार्थीहरुको सङ्ख्याको अन्तर ११ प्रतिशत रहेको छ ।

यसरी समग्र मध्यमानका आधारमा भन्नुपर्दा समग्र विद्यार्थीहरुको वर्ण विन्यासका आधारमा श्रुति लेखन क्षमता उच्च रहेको देखिन्छ ।

म्याग्दी जिल्लामा रहेको विभिन्न दस विद्यालयका जम्मा १०० जना विद्यार्थीहरुको प्रतिशताङ्क स्थिति र मध्यमानलाई हेर्दा वर्ण विन्यासका आधारमा श्रुति लेखन क्षमता समग्र विद्यालयका विद्यार्थीहरुको उच्च नै रहेको देखिन्छ ।

## ६.२ लेख्य चिह्न प्रयोगका आधारमा समग्र विद्यार्थीहरुको श्रुति लेखन क्षमताको स्थिति

लेख्य चिह्न भन्नाले कुनै पनि भाषाको माध्यमले स्पष्ट र राम्रोसँग कुनै कुरा व्यक्त वा अभिव्यक्त गर्न आवश्यकता अनुसार प्रयोग गरिने चिह्नहरु हो । लेख्य चिह्न अन्तर्गत नेपाली भाषामा प्रयोग गरिने चिह्नहरु जस्तैः पूर्णविराम (।), अल्पविराम (,), अर्धविराम (;), प्रश्नावाचक (?), उद्गर चिह्न (!), निर्देशक चिह्न (-, :), कोष्ठक चिह्न (()), उद्धरण चिह्न (“”), शिरबिन्दु ( ं ), चन्द्रबिन्दु ( ँ ) आदि चिह्नहरु पर्दछन् । यस्ता चिह्नहरुको प्रयोगमा विद्यार्थीहरुले भनेका कुरा सुनेर लेख्ने क्रममा बोलेको गति, यति, चिह्न प्रयोग अनुसारका हाउभाएको ख्याल गर्ने कुरामा सचेतता अपनाए पनि पर्याप्त मात्रामा भनेका आधारमा चिह्न प्रयोग गर्न कठिनाइ भएको पाइन्छ । जस्तै “आमा, यस खोलाको पानी बगेर कहाँ जान्छ ?” हुनपर्नेमा आमा यस खोलाको पानी बगेर कहाँ जान्छ लेख्नु, प्रश्नवाचकको ठाउँमा पूर्णविराम लगाउनु र अर्थविरामको ठाउँमा अल्पविराम लगाउनु आदि जस्ता त्रुटिहरु विद्यार्थीहरुको श्रुति लेखनमा पाउन सकिन्छ । लेख्य चिह्न प्रयोगका आधारमा विद्यार्थीहरुबाट प्राप्त प्राप्ताङ्कलाई प्रतिशत र मध्यमानमा निम्नानुसार देखाउन सकिन्छ :


### ६.२.१ लेख्य चिह्न प्रयोगका आधारमा समग्र विद्यार्थीहरुको श्रुति लेखन क्षमताको स्थिति

**तालिका १९**

| कुल विद्यार्थी सङ्ख्या | ४० प्रतिशतभन्दा कम | | ४०-५० प्रतिशत | | ५०-६० प्रतिशत | | ६० प्रतिशत भन्दा माथि | |
|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १०० | ६ | ६ | ७ | ७ | ११ | ११ | ७६ | ७६ |

माथि उल्लिखित चिह्न प्रयोगका आधारमा समग्र विद्यार्थीहरुको श्रुति लेखन क्षमतालाई स्तम्भ रेखा चित्रमा निम्नानुसार देखाउन सकिन्छ :

**चित्र नं. ५**




उक्त तालिका र स्तम्भ रेखा चित्र अनुसार समस्त विद्यार्थीहरुको श्रुति लेखन क्षमताको प्रतिशत गणना गर्दा प्रतिनिधि जनसङ्ख्याका रूपमा छनोट गरिएका कुल विद्यार्थीहरुको सङ्ख्या १०० जनालाई उनीहरुको प्राप्ताङ्क प्रतिशतका आधारमा चार श्रेणीमा विभाजन गरिएको छ । जस अनुसार श्रुति लेखन क्षमताको अनुत्तीर्ण निर्धारण गरिएको अङ्क ४० प्रतिशत भन्दा कम भएको विद्यार्थीहरुको सङ्ख्या ६ प्रतिशत देखिन्छ । त्यस्तै गरी श्रुति लेखन क्षमता ४० प्रतिशत भन्दा माथि र ५० प्रतिशत भन्दा तल भएका विद्यार्थी सङ्ख्या ७ प्रतिशत देखिन्छ । ५० देखि ६० प्रतिशतसम्म श्रुति लेखन क्षमता भएका विद्यार्थी सङ्ख्या ११ प्रतिशत देखिन्छ । यहाँ उच्चतम श्रेणी निर्धारण गरिएको अङ्क ६० प्रतिशत भन्दा माथि प्राप्त गर्ने विद्यार्थीको सङ्ख्या ७६ प्रतिशत देखिएको छ ।

यसरी न्यूनतम श्रेणीका रूपमा मापन गरिएको ४० प्रतिशत भन्दा कम अङ्क प्राप्त गर्ने विद्यार्थीहरुको सङ्ख्या ६ प्रतिशत र उच्चतम अङ्क मापन गरिएको अङ्क प्राप्त गर्ने विद्यार्थीको सङ्ख्या ७६ प्रतिशत देखिएको छ । यस अध्ययनमा मापन गरिएको उच्चतम अङ्क ६० प्रतिशत माथि र निम्नतम अङ्क ४० प्रतिशत भन्दा कम अङ्क प्राप्त गर्ने विद्यार्थीहरु बीचको अन्तर ७० प्रतिशत दखिएको भएता पनि सम्पूर्ण प्रतिशत विद्यार्थी

जोड्दा ९४ प्रतिशत देखिन्छ । यस अध्ययनका आधारमा विद्यार्थीहरुको श्रुति लेखन क्षमता उच्च रहेको पाइन्छ ।

### ६.२.२ लेख्य चिह्न प्रयोगका आधारमा श्रुति लेखन क्षमताको मध्यमान स्थिति

**तालिका २०**

| विद्यार्थी सङ्ख्या | पूर्णाङ्क | औसत प्रतिशत | मध्यमान | मध्यमान भन्दा माथि | | मध्यमान भन्दा तल | |
|---|---|---|---|---|---|---|---|
| | | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १०० | १६ | ६५.५ | १०.४८ | ६३ | ६३ | ३७ | ३७ |

प्रस्तुत तालिकामा मध्यमान १०.४८ र औसत प्रतिशत ६५.५ रहेको छ । उक्त तालिका अनुसार मध्यमानलाई आधार मानी हेर्दा मध्यमान भन्दा माथि श्रुति लेखन क्षमता भएका विद्यार्थीहरुको सङ्ख्या ६३ प्रतिशत र मध्यमान भन्दा तल रहेकाहरुको सङ्ख्या ३७ प्रतिशत रहेको देखिन्छ । मध्यमान भन्दा माथि श्रुति लेखन क्षमता भएका विद्यार्थीहरुको सङ्ख्या मध्यमान भन्दा तल श्रुति लेखन क्षमता भएका विद्यार्थी सङ्ख्या भन्दा २६ प्रतिशत बढी रहेको पाइन्छ । यसरी मध्यमानका आधारमा विद्यार्थीहरुको श्रुति लेखन क्षमता उच्च रहेको पाइन्छ ।

यसरी मध्यमानका आधारमा भन्नुपर्दा समग्र १०० जना विद्यार्थीको लेख्य चिह्नका आधारमा श्रुति लेखन क्षमता उच्च रहेको पाइन्छ ।

# अध्याय : सात

# सारांश, निष्कर्ष र उपयोगिता

प्रस्तुत अध्ययनको उद्देश्य म्याग्दी जिल्लाका सामुदायिक र संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको श्रुति लेखन क्षमताको अध्ययन गर्नु रहेको छ । त्यसै गरी सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरुको श्रुति लेखन क्षमताको तुलना र वर्ण विन्यास र लेख्य चिह्नको प्रयोगका आधारमा दुई विद्यालयका विद्यार्थीहरुको श्रुति लेखन क्षमताको विश्लेषण गरिएको छ । यस अध्ययनमा तालिकामा राखिएका तथ्याङ्कहरुको व्याख्या तथा विश्लेषण गरी सारांश, निष्कर्ष र उपयोगिताहरुलाई समेटिएको छ ।

## ७.१ सारांश

प्रस्तुत शोधलाई जम्मा सात अध्यायमा विभाजन गरी प्रस्तुत गरिएको छ । पहिलो अध्यायमा शोध परिचय शीर्षक अन्तर्गत शोध समस्या, शोधको उदेदेश्य, सान्दर्भिकता र उपादेयता, अध्ययनको सीमा, शोधपत्रको रूपरेखा जस्ता उपशीर्षक प्रस्तुत गरिएको छ । अध्याय दुईमा पूर्वकार्यको पुनरावलोकन तथा सैद्धान्तिक अवधारणा शीर्षक अन्तर्गत पूर्वकार्यको पुनरावलोकनभित्र विभिन्न नेपाली भाषा शिक्षणका विद्वान्हरुले श्रुति लेखन सम्बन्धी प्रस्तुत गरेका कुराहरु उल्लेख गर्दै पुस्तक समीक्षा र अग्रज शोधार्थीहरुको लेखन सम्बन्धी विभिन्न शोधपत्रहरुमा उल्लेख भएका शीर्षक, उद्देश्य, विधि र निष्कर्ष प्रस्तुत गरी शोधकार्यको समीक्षा प्रस्तुत गरिएको छ । त्यसै गरी सैद्धान्तिक अवधारणाभित्र लेखाइ सिपको परिचय, लेखाइ शिक्षणको आवश्यकता र महत्त्व, कार्यकलाप, श्रुति लेखनको परिचय, आवश्यकता र महत्त्व, प्रयोजन, श्रुति लेखनको लागि उपयुक्त सामग्री छनोट, शिक्षण क्रम, श्रुति लेखन सम्बन्धी कमजोरीहरुका कारणहरु, श्रुति लेखन सम्बन्धी त्रुटि हुने प्रमुख क्षेत्र, श्रुति लेखनका त्रुटि निराकरणका उपायहरु र श्रुति लेखनका कार्यकलाप प्रस्तुत गरिएको छ ।  अध्याय तिनमा अध्ययन विधि र प्रक्रिया शीर्षक अन्तर्गत पुस्तकालय र क्षेत्रीय अध्ययन रहेको छ । यसै अध्यायभित्र अनुसन्धान ढाँचा, जनसङ्ख्या र नमुना छनोट, सामग्री निर्माण, पूर्व परीक्षण, तथ्याङ्कको सङ्कलन र तथ्याङ्क विश्लेषण र मूल्याङ्कन आदि प्रस्तुत गरिएको छ ।

अध्याय चारमा शब्दगत वर्ण विन्यासको त्रुटि विश्लेषण शीर्षकमा रही शब्दगत वर्ण विन्यासको त्रुटिको विश्लेषण, विद्यार्थीहरुले गरेका शुद्ध र अशुद्ध शब्दहरुको प्रतिशत,

समग्र विद्यार्थीहरुको श्रुति लेखन क्षमताको स्थिति, समग्र विद्यार्थीहरुको श्रुति लेखन क्षमताको प्रतिशताङ्क र मध्यमानको स्थिति प्रस्तुत गरिएको छ । अध्याय पाँचमा विद्यालयको प्रकृति र लैङ्गिकताका आधारमा श्रुति लेखन क्षमताको स्थिति शीर्षकमा विद्यालयको प्रकृतिका आधारमा समुदायिक र संस्थागत विद्यालयको श्रुति लेखन क्षमताको प्रतिशताङ्क र मध्यमानको स्थिति र यी विद्यालयका विद्यार्थीहरुबीचको श्रुति लेखन क्षमतालाई प्रतिशताङ्क र मध्यमानका आधारमा तुलनात्मक विश्लेषण प्रस्तुत गरिएको छ । त्यसै गरी लैङ्गिकताका आधारमा सामुदायिक र संस्थागत विद्यालयका छात्रा र छात्रको श्रुति लेखन क्षमतालाई प्रतिशताङ्क र मध्यमानका आधारमा श्रुति लेखन क्षमताको तुलनात्मक विश्लेषण गरिएको छ । अध्याय छ मा वर्ण विन्यास र लेख्य चिह्न प्रयोगका आधारमा समग्र विद्यार्थीहरुको श्रुति लेखन क्षमताको स्थिति शीर्षकमा समग्र विद्यार्थीहरुको वर्ण विन्यास र लेख्य चिह्न प्रयोगका आधारमा उनीहरुको प्रतिशताङ्क र मध्यमानलाई आधार मानी प्रत्येक शीर्षकको व्याख्या विश्लेषण गरी प्रस्तुत गरिएको छ । सातौं अध्यायमा सारांश निष्कर्ष र उपयोगिता प्रस्तुत गरिएको छ ।

## ७.२ निष्कर्ष

म्याग्दी जिल्लाका सामुदायिक र संस्थागत विद्यालयका कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरुको श्रुति लेखन क्षमता अध्ययनबाट प्राप्त निष्कर्ष निम्नानुसार छन् :

१. म्याग्दी जिल्लाका सामुदायिक र संस्थागत विद्यालयका कक्षा पाँचमा अध्ययनरत १०० जना विद्यार्थीहरुमा शब्दगत वर्ण विन्यासको श्रुति लेखन गराउँदा ११०० शुद्ध र १३०० अशुद्ध शब्दहरु विद्यार्थीहरुले लेखेको पाइन्छ ।

२. समग्र विद्यार्थीहरुको श्रुति लेखन क्षमताको प्रतिशताङ्क स्थिति गणना गर्दा ४० भन्दा तल १० प्रतिशत र ४० भन्दा माथि ९० प्रतिशत विद्यार्थीहरुको श्रुति लेखन क्षमता भएकाले समग्र विद्यार्थीहरुको श्रुति लेखन क्षमता उच्च रहेको पाइन्छ ।

३. मध्यमानका आधारमा समग्र विद्यार्थीहरुको श्रुति लेखन क्षमताको मापन गर्दा मध्यमान भन्दामाथि ६० प्रतिशत र मध्यमान भन्दा तल ४० प्रतिशत रहेकाले समग्र विद्यार्थीहरुको श्रुति लेखन क्षमता सन्तोषजनक रहेको पाइन्छ ।

४. सामुदायिक विद्यालयका विद्यार्थीहरुको श्रुति लेखन क्षमताको प्रतिशताङ्क स्थिति गणना गर्दा ४० भन्दा तल ८ प्रतिशत र ४० भन्दा माथि ९२ प्रतिशत भएकाले समग्र सामुदायिक विद्यालयका विद्यार्थीहरुको श्रुति लेखन क्षमता उच्च रहेको पाइन्छ ।

५. मध्यमानका आधारमा भन्नुपर्दा समग्र सामुदायिक विद्यालयका विद्यार्थीहरुको श्रुति लेखन क्षमता मध्यमानभन्दा माथि ६४ प्रतिशत र मध्यमानभन्दा तल ३६ प्रतिशत रहेकाले समग्र सामुदायिक विद्यालयण्का विद्यार्थीहरुको श्रुति लेखन क्षमता उच्च रहेको पाइन्छ ।

६. संस्थागत विद्यालयका विद्यार्थीहरुको श्रुति लेखन क्षमताको प्रतिशताङ्क स्थिति गणना गर्दा ४० भन्दा तल १२ र ४० भन्दा माथि ८८ प्रतिशत भएकाले समग्र संस्थागत विद्यालयका विद्यार्थीहरुको श्रुति लेखन क्षमता उच्च नै रहेको पाइन्छ ।

७. संस्थागत विद्यालयका विद्यार्थीहरुको मध्यमानका आधारमा श्रुति लेखन क्षमताको पहिचान गर्दा मध्यमानभन्दा माथि ५८ प्रतिशत र मध्यमानभन्दा तल ४२ प्रतिशत रहेकाले समग्र संस्थागत विद्यालयको श्रुति लेखन क्षमता सन्तोषजनक नै रहेको पाइन्छ ।

८. विद्यालयको प्रकृतिका आधारमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरुको श्रुति लेखन क्षमताको प्रतिशताङ्क गणना गर्दा सामुदायिक विद्यालयका विद्यार्थीहरुको श्रुति लेखन क्षमता संस्थागत विद्यालयका विद्यार्थीहरुको श्रुति लेखन क्षमताभन्दा ४ प्रतिशतले उच्च रहेको पाइन्छ ।

९. सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरुको श्रुति लेखन क्षमताको मध्यमानलाई आधार बनाउँदा सामुदायिक विद्यालयका विद्यार्थीहरुको श्रुति लेखन क्षमता संस्थागत विद्यालयका विद्यार्थीहरुको श्रुति लेखन क्षमता भन्दा ०.९६ प्रतिशतले उच्च रहेको पाइन्छ ।

१०. छात्रा विद्यार्थीहरुको श्रुति लेखन क्षमताको प्रतिशताङ्क स्थिति गणना गर्दा ४० भन्दा तल ८ प्रतिशत र ४० भन्दा माथि ९२ प्रतिशत भएकाले समग्र छात्रा विद्यार्थीहरुको श्रुति लेखन क्षमता उच्च रहेको पाइन्छ ।

११. मध्यमानका आधारमा भन्नुपर्दा समग्र छात्रा विद्यार्थीहरुको श्रुति लेखन क्षमता मध्यमानभन्दा माथि ६८ प्रतिशत र मध्यमानभन्दा तल ३२ प्रतिशत रहेकाले समग्र छात्रा विद्यार्थीहरुको श्रुति लेखन क्षमता उच्च रहेको पाइन्छ ।

१२. छात्र विद्यार्थीहरुको श्रुति लेखन क्षमताको प्रतिशताङ्क स्थिति गणना गर्दा ४० भन्दा तल १२ प्रतिशत र ४० भन्दा माथि ८८ प्रतिशत भएकाले समग्र छात्र विद्यार्थीहरुको श्रुति लेखन क्षमता उच्च रहेको पाइन्छ ।

१३. लैङ्गिकताका आधारमा छात्रा र छात्र विद्यार्थीहरुको श्रुति लेखन क्षमताको प्रतिशताङ्क स्थिति गणना गर्दा छात्रा विद्यार्थीहरुको श्रुति लेखन क्षमता छात्र विद्यार्थीहरुको श्रुति लेखन क्षमताभन्दा ४ प्रतिशतले उच्च रहेको पाइन्छ ।

१४. मध्यमानका आधारमा छात्रा र छात्र विद्यार्थीहरुको श्रुति लेखन क्षमतालाई हेर्दा छात्रा विद्यार्थीहरुको श्रुति लेखन क्षमता छात्र विद्यार्थीहरुको श्रुति लेखन क्षमताभन्दा ३.४० प्रतिशतले उच्च रहेको पाइन्छ ।

१५. समग्र विद्यार्थीहरुको वर्ण विन्यासका आधारमा श्रुति लेखन क्षमताको प्रतिशताङ्क गणना गर्दा ४० भन्दा तल ११ प्रतिशत र ४० भन्दा माथि ८९ प्रतिशत भएकाले समग्र विद्यार्थीहरुको श्रुति लेखन क्षमता उच्च रहेको पाइन्छ ।

१६. मध्यमानका आधारमा समग्र विद्यार्थीहरुको श्रुति लेखन क्षमता हेर्दा मध्इमानको भन्दा माथि ५९ प्रतिशत र मध्यमानभन्दा तल ४१ प्रतिशत रहेकाले समग्र विद्यार्थीहरुको वर्ण विन्यासका आधारमा श्रुति लेखन क्षमता सन्तोषजनक नै रहेको पाइन्छ ।

१७. समग्र विद्यार्थीहरुको लेख्य चिह्न प्रयोगका आधारमा श्रुति लेखन क्षमताको प्रतिशताङ्क गणना गर्दा ४० भन्दा तल ६ प्रतिशत र ४० भन्दा माथि ९४ प्रतिशत भएकाले लेख्य चिह्न प्रयोगका आधारमा समग्र विद्यार्थीहरुको श्रुति लेखन क्षमता उच्च नै रहेको पाइन्छ ।

१८. लेख्य चिह्नको प्रयोगका आधारमा विद्‌यार्थीहरुको श्रुति लेखन क्षमताको मध्यमानलाई नियाल्दा मध्यमान भन्दा माथि ६३ प्रतिशत र मध्यमानभन्दा तल ३७ प्रतिशत रहेकाले समग्र विद्‌यार्थीहरुको श्रुतिलेखन क्षमता उच्च नै रहेको पाइन्छ ।

## ७.३ उपयोगिता

म्याग्दी जिल्लाका सामुदायिक र संस्थागत विद्‌यालयका कक्षा पाँचमा अध्ययनरत विद्‌यार्थीहरुको श्रुति लेखन क्षमताको अध्ययन शीर्षकमा लेखिएको शोधपत्रका नीतिगत र प्रयोगगत उपयोगिता निम्नानुसार उल्लेख गरिएको छ :

### ७.३.१ नीतिगत उपयोगिता

१. पाठयक्रम निर्माण गर्ने निर्माता र पाठ्‌यपुस्तक निर्माण कर्ताहरुलाई स्तर अनुकूल सुहाउँदा पाठ्‌यवस्तुको छनोट र स्तरण गर्न सहयोग पुग्ने देखिन्छ ।

२. प्रस्तुत शोधपत्रको अध्ययनबाट विद्‌यार्थीहरुले श्रुति लेखमा गर्ने प्रमुख त्रुटि हुने क्षेत्रहरु प्रस्ट्‌याउने हुनाले पाठ्‌य पुस्तक निर्माणका आधार तयार गर्न सघाउ पुग्ने देखिन्छ ।

३. यस शोधपत्रको अध्ययनबाट विद्‌यार्थीहरुले सन्दर्भानुकुल प्रयोग हुने लेख्य चिह्नमा गर्ने त्रुटिहरुप्रति सचेत रही सोही अनुरूपकमा शिक्षण निर्देशन र सामग्री निर्माण निर्देशन गर्न नीति निर्माताहरुलाई सहयोग पुग्ने देखिन्छ ।

४. विद्‌यार्थीहरुको स्तर, क्षमता र आवश्यकताका आधारमा शब्दहरु र लेख्य चिह्नहरु छनोट र निर्देशन गर्ने प्रक्रियाहरुमा सहयोग मिल्ने देखिन्छ ।

### ७.३.२ प्रयोगगत उपयोगिता

१. प्रस्तुत शोधपत्र अध्ययनबाट विद्‌यार्थीहरुको लेखाइमा शुद्‌धता, स्पष्टता र स्तरीयता ल्याउनुका लागि उपयोगी देखिन्छ ।

२. प्रस्तुत शोधपत्र अध्ययनबाट वर्ण विन्यास र लेख्य चिह्नको प्रयोग गर्न सक्ने बनाउनका लागि उपयोगी देखिन्छ ।

३. प्रस्तुत शोधपत्र अध्ययनबाट गहन सुनाइका आधारमा सिलसिलेबार ढङ्गले लेख्न सक्ने बनाउनका लागि उपयोगी देखिन्छ ।

४. प्रस्तुत शोधपत्रले श्रुति लेखनमा गर्ने गरेका त्रुटिको पहिचान गर्ने भएकाले त्यस्ता त्रुटि निराकरण गर्न उपयोगी देखिन्छ ।

५. प्रस्तुत शोधपत्रले आगामी दिनहरुमा श्रुति लेखन क्षमता सम्बन्धी अध्ययन गर्न चाहेमा शोधार्थीहरुलाई पनि विशेष सहयोग प्रदान गर्ने हुनाले उक्त शोधार्थीहरुका लागि पनि उपयोगी देखिन्छ ।

६. भाषा पाठ्यक्रममा समावेश गरिएको चार वटा भाषिक सिपको उद्देश्य पूरा हुने गरी विधागत छनोट तथा विधागत क्षेत्र निर्धारण गर्न उपयोगी देखिन्छ ।

## ७.४ सुझावहरु

यस अध्ययनबाट प्राप्त निष्कर्षहरुका आधारमा निम्नलिखित सुझावहरु प्रस्तुत गर्नु आवश्यक पर्ने देखिन्छ :

१. विद्यार्थीहरुमा श्रुति लेखन सम्बन्धी सम्पूर्ण धारणाहरुको जानकारी गराउनु पर्दछ ।

२. श्रुति लेखन क्षमताबाट गहन सुनाइका साथै छिटो छिटो सिलसिलेबार ढङ्गले लेख्ने बानीको विकास हुने हुँदा यसलाई अझ प्राथमिकताका साथ विद्यार्थीहरुका कक्षाको तह अनुसार विस्तृत रूपमा सञ्चालन गर्न आवश्यक रहेको देखिन्छ ।

३. विद्यार्थीहरुको स्तर, क्षमता र आवश्यकता अनुसार लेख्य चिह्न प्रयोगमा जोड दिनु पर्दछ ।

४. विद्यार्थीहरुको पाठ्यपुस्तकमा श्रुति लेखन गराउने अभ्यासहरु प्रशस्त रूपमा उल्लेख गर्नु पर्दछ ।

५. यस अध्ययनका क्रममा देखिएका शब्दगत त्रुटिहरुलाई हेर्दा विद्यार्थीहरुलाई धेरै भन्दा धेरै श्रुतिलेखन गराउनु आवश्यक रहेको देखिन्छ ।

६.	विद्यार्थीहरुमा श्रुति लेखन सम्बन्धी प्रतियोगिता राखी शुद्ध र राम्रो लेख्ने विद्यार्थीहरुलाई पुरस्कारको व्यवस्था गरी श्रुति लेखन क्षमता अभिवृद्धि गर्न प्रोत्साहन गर्नु पर्दछ ।

७.	आवश्यकता अनुसार कक्षाकोठामा विषय शिक्षकद्वारा केही समयको अन्रालमा विद्यार्थीहरुमा श्रुति लेखन गराई उच्च मूल्याङ्कन गरिनु पर्दछ ।

## ७.५ भावी अनुसन्धानका लागि सम्भावित शीर्षकहरु

अनुसन्धान कार्य आफैँमा एक जटिल र अप्ठ्यारो कार्य हो । त्यसमा पनि सानो अनुसन्धान अध्ययनले कुनै पनि विषयको सम्पूर्णतालाई देखाउन सकिदैन । अर्थात् अनुसन्धान कार्य निरन्तर चलिरहने प्रक्रिया भएकाले यो आफैमा पूर्ण पनि हुदैन । कुनै पनि अनुसन्धान गर्ने व्यक्तिहरुलाई अनुसन्धान गर्ने शीर्षकको चयन गर्ने क्रममा सहयोग पुग्ने हेतुले भावी अनुसन्धानका लागि सम्भावित शीर्षकहरुलाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

१.	कक्षा सातमा अध्ययनरत विद्यार्थीहरुमा लेख्य चिह्न प्रयोग क्षमताको अध्ययन

२.	शहरिया र ग्रामिक परिवेशमा रहेका कक्षा चारमा अध्ययनरत विद्यार्थीहरुको श्रुति लेखन क्षमताको अध्ययन

३.	सरकारी र संस्थागत विद्यालयमा नेपाली विषय शिक्षणका क्रममा प्रयोग गरिने शैक्षिक सामग्रीको तुलनात्मक अधयाय

४.	सरकारी र संस्थागत विद्यालयका कक्षा दशमा अध्ययनरत विद्यार्थीहरुको प्रतिवेदन लेखन क्षमताको अध्ययन

५.	कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरुको अनुलेखन क्षमताको अध्ययन

६.	कथा ६ को नेपाली पाठ्यपुस्तकमा प्रयुक्त चित्रहरुको वर्णन क्षमताको अध्ययन

# सन्दर्भ सामग्री सूची


अधिकारी, सुस्मा (२०६८), **कक्षा आठमा अध्ययनरत दृष्टियुक्त र दृष्टिविहीन, विद्यार्थीहरुको श्रुतिबोध क्षमताको तुलनात्मक अध्ययन,** शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर, अप्रकाशित प्रस्तुत स्नातकोत्तर शोधपत्र ।

अधिकारी, हेमाङ्ग राज (२०६७), **नेपाली भाषा शिक्षण**, काठमाडौंः विद्यार्थी पुस्तक भण्डार ।

आचार्य, गंगा (२०६७), **स्याङ्जा जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरुको निबन्ध लेखन क्षमताको अध्ययन,** शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर, अप्रकाशित स्नातकोत्तर शोधपत्र ।

ओली, वीणा (२०६८), **रुकुम जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरुको चिठी लेखन क्षमताको अध्ययन**, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर, प्रस्तुत स्नातकोत्तर शोधपत्र ।

कँडेल, अन्जु (२०७०), **स्नातक तह नेपाली पाठ्यपुस्तकमा समाविष्ट लेखाइ सिप सम्बन्धी अभ्यासको अध्ययन,** शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर, अप्रकाशित स्नातकोत्तर शोधपत्र ।

कार्की, दिप मर्दन (२०७३), **उदयपुर जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरुको प्रश्नोत्तर लेखन क्षमताको अध्ययन,** शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर, अप्रकाशित स्नातकोत्तर शोधपत्र ।

के.सी., तेज कुमारी (२०६९), **कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरुको चिठी लेखन क्षमताको अध्ययन** शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर, अप्रकाशित स्नातकोत्तर शोधपत्र ।

खतिवडा, काशीराज (२०६४), **कक्षा सात पूरा गरेका विद्यार्थीहरुको चिठी तथा निवेदन लेखन क्षमताको अध्ययन**, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर, अप्रकाशित स्नातकोत्तर शोधपत्र ।

खतिवडा, बाल कुमारी (२०७१), **इलाम जिल्लाका कक्षा चारमा अध्ययनरत विद्यार्थीहरुको श्रुति लेखन क्षमताको अध्ययन,** शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर, अप्रकाशित स्नातकोत्तर शोधपत्र ।

खत्री, मिरा (२०६६), **गोरखा जिल्लाका कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरुको अनुच्छेद लेखन क्षमताको अध्ययन**, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर अप्रकाशित स्नातकोत्तर शोधपत्र ।

ढुङ्गेल, भोजराज र दाहाल, दुर्गा प्रसाद (२०६९), **नेपाली भाषा शिक्षण**, काठमाडौं : एम.के.पब्लिसर्स एन्ड डिष्ट्रिव्युटर्स ।

पोखरेल, राम प्रसाद (२०६४), **कक्षा छ मा अध्ययनरत विद्यार्थीहरुको श्रुतिबोध क्षमताको अध्ययन**, शिक्षाशास्त्र सङ्काय नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर, अप्रकाशित स्नातकोत्तर शोधपत्र ।

पौडेल, तीलादेवी (२०६९) **बाग्लुङ जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरुको निबन्ध लेखन क्षमताको अध्ययन**, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर, अप्रकाशित स्नातकोत्तर शोधपत्र ।

पौडेल, माधव प्रसाद (२०७०), **नेपाली भाषा शिक्षण**, काठमाडौंः विद्यार्थी पुस्तक भण्डार ।

बोहरा, राजकुमार (२०७०), **रामेछाप जिल्लाका कक्षा दसमा अध्ययनरत विद्यार्थीहरुको चिठी तथा निवेदन लेखन क्षमताको अध्ययन**, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर, अप्रकाशित स्नातकोत्तर शोधपत्र ।

भण्डारी, पारस मणि र अन्य (२०७१), **भाषिक अनुसन्धान विधि**, काठमाडौं : पिनाकल पब्लिकेसन प्रा.लि ।

भण्डारी, विष्णु बहादुर (२०७२), **बझाङ जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरुको अनुच्छेद लेखन क्षमताको अध्ययन**, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर, अप्रकाशित स्नातकोत्तर शोधपत्र ।

रोकाय, मान बहादुर (२०६५), **कक्षा आठमा अध्ययनरत विद्यार्थीहरुको निबन्ध लेखन क्षमताको अध्ययन,** शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर, अप्रकाशित स्नातकोत्तर शोधपत्र ।

शर्मा, केदार प्रसाद र पैडेल, माधव प्रसाद (२०६८), **नेपाली भाषा र साहित्य शिक्षण**, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

सापकोटा, सम्झना (२०६७), **सुर्खेत जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरुको निबन्ध लेखन क्षमताको अध्ययन,** शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर, अप्रकाशित स्नातकोत्तर शोधपत्र ।

# व्यक्तिवृत्त



नाम : सावित्री गौतम

बुवाको नाम : स्व. केशव प्रसाद गौतम

आमाको नाम : दिल कुमारी गौतम

जन्म स्थान : बेनी ६, म्याग्दी

जन्म मिति : २०४७/०५/२

शैक्षिक योग्यता : स्नातकोत्तर (नेपाली)

धर्म : हिन्दु

राष्ट्रियता : नेपाली

लिङ्ग : महिला

भाषा : नेपाली

| क्र.सं. | तह | संस्था | साल |
|---|---|---|---|
| १. | प्रवेशिका परीक्षा | बेनी सामुदायिक उच्च मा.वि. बेनी, ६ म्याग्दी | २०६३ |
| २. | प्रविणता प्रमाणपत्र तह | न्यू वेस्ट प्वाइन्ट आ. उ.मा. वि. बेनी ७, म्याग्दी | २०६६ |
| ३. | स्नातक तह | म्याग्दी बहुमुखी क्याम्पस बेनी ७, म्याग्दी | २०६९ |
| ४. | स्नातकोत्तर तह | त्रिभुवन विश्व विद्यालय, कीर्तिपुर काठमाडौं | २०७३ |

## परिशिष्ट एक

## श्रुति लेखन क्षमताको परीक्षण गर्न छनोट गरिएका विद्यालय र विद्यार्थीहरु

## सामुदायिक विद्यालय तर्फ

### १. श्री जामुनाखर्क उच्च माध्यमिक विद्यालय, बेनी ६, म्याग्दी

| क.सं. | छात्रा | छात्र |
|---|---|---|
| १. | मनिसा किसान | गणेश पौडेल |
| २. | सुस्मिता के.सी | अर्जुन पौडेल |
| ३. | सन्ध्या कार्की | हिरा बहादुर परियार |
| ४. | जमुना न्यौपाने | दिपेन्द्र किसान |
| ५. | रोजी के.सी | असोक दर्जी |

### २. प्रकाश माध्यमिक विद्यालय, बेनी ६ म्याग्दी

| क.सं. | छात्रा | छात्र |
|---|---|---|
| १. | खिममाया बुढाथोकी | सुवास दर्जी |
| २. | सुरक्षा पाइजा | अविशेक किसान |
| ३. | चाहाना के.सी | आयुश पाइजा |
| ४. | अनिता वि.क. | विष्णु नेपाली |
| ५. | शिला आर्चाय | नविन थापा |

### ३. श्री बालमन्दिर निम्न माध्यमिक विद्यालय, बेनी ७, म्याग्दी

| क.सं. | छात्रा | छात्र |
|---|---|---|
| १. | सुस्मिता किसान | सुजन किसान |
| २. | पार्वती किसान | सुनिल थापा मगर |
| ३. | उर्मिला थापा | समिर किसान |
| ४. | चनमाया किसान | साजन सुनार |
| ५. | दिपिका वि.क. | विवेक परियार |

### ४. श्री सरस्वती प्राथमिक विद्यालय, बेनी ४, म्याग्दी

| क्र.सं. | छात्रा | छात्र |
|---|---|---|
| १. | प्रकृति पोखरेल | विवेक अधिकारी |
| २. | सिमन कार्की | प्रदिप सेन |
| ३. | आसीका सुनार | अतित घर्ति |
| ४. | ताजिना सुनार | सुनिल वि.क. |
| ५. | कृति पोखरेल | सन्दिप किसान |

### ५. बेनी सामुदायिक उच्च माध्यमिक विद्यालय, बेनी ६, म्याग्दी

| क्र.सं. | छात्रा | छात्र |
|---|---|---|
| १. | सोनीया पूर्जा | सोनु शाह |
| २. | दिया कु. गुप्ता | गोबिन शेरपुञ्जा |
| ३. | डिना पुन मगर | अमित खत्री |
| ४. | बिनिता बानियाँ | अमृत पाण्डे |
| ५. | सुमीता घर्ति मगर | अर्जुन पुर्जा |

## संस्थागत विद्यालय तर्फ

### ६. बुद्ध एकेडेमिक आवसीय सेकेन्डरी स्कुल, बेनी ४ म्याग्दी

| क्र.सं. | छात्रा | छात्र |
|---|---|---|
| १. | सिया छन्त्याल | सन्दिप छन्त्याल |
| २. | आश्रिया बानियाँ | सुनिल र्सपाली |
| ३. | शिखा सिउँथानी | एन्जल के.सी |
| ४. | पार्वती राजभण्डारी | सुमन पुन |
| ५. | बिन्दु परियार | विकल सुनार |

## ७. न्यू वेष्ट प्वाइन्ट आवसीय उच्च माध्यामिक विद्यालय, बेनी ७, म्याग्दी

| क्र.सं. | छात्रा | छात्र |
|---|---|---|
| १. | मनिसा तिलिजा | सुमित्रा पौडेल |
| २. | प्रज्वल मल्ल | लिया पुन |
| ३. | प्रितम पुन | निरुता पाइजा |
| ४. | दुर्गा फगानी | सजनी शर्मा |
| ५. | सनिल बुढाथोकी | रोजिना भण्डारी |

## ८. माउण्ड एभरेष्ट आवसीय उच्च माध्यमिक विद्यालय, बेनी ७, म्याग्दी

| क्र.सं. | छात्रा | छात्र |
|---|---|---|
| १. | प्रतिक्षा मगर | विज्ञान शर्मा |
| २. | सदिक्षा बरुवाल | अल्सन अर्मजा |
| ३. | सोमिका पौडेल | सुमित पाण्डे |
| ४. | आस्था सि.के. | सफल पौडेल |
| ५. | स्वस्तिका सुवेदी | सज्जन मगर |

## ९. बेनी बोर्डिङ सेकेण्डरी स्कुल, बेनी ६, म्याग्दी

| क्र.सं. | छात्रा | छात्र |
|---|---|---|
| १. | अन्जु छन्त्याल | सुमति थापा |
| २. | चनिशा छन्त्याल | जेनिद आचार्य |
| ३. | प्रकृति सुवेदी | युनिक सुवेदी |
| ४. | सुकृति पौडेल | रुबिन श्रीस |
| ५. | कविता पुन | प्रवेश पौडेल |

**१०. लोकदीप सेकेण्डरी बोर्डिङ स्कुल, बेनी ६, म्याग्दी**

| क्र.सं. | छात्रा | छात्र |
|---|---|---|
| १. | आकृति सुनार | शिव शिर्पाली |
| २. | मनिसा थापा मगर | सोहन बरुवाल |
| ३. | सविना गौतम | साहिल घिमिरे |
| ४. | मन्जु शिर्पाली | सफल वि.क. |
| ५. | स्मृति पोखरेल | रिहान के.सी. |

# परिशिष्ट दुई

## श्रुति लेखनका क्रममा उपयोगमा आएका प्रतिनिधि शीर्षकहरु

### दृष्टांश

**शब्दहरु**

१. गुणी

२. वृक्ष

३. दुर्गति

४. नित्य

५. ठट्‌टा

६. मुढा

७. क्षमा

८. दुष्ट

९. लक्ष्य

१०. कर्तव्य

११. तात्पर्य

१२. पौष्टिक

**अनुच्छेद** **कर्मको फल**

एक दिन एक जना वृद्‌धा मन्दिरबाट घर आउँदै थिइन् । उनले बाटामा सुगा देखिन् । सुगा छटपटाइरहेको थियो । त्यो कहिले पखेटा फटफटाउँथ्यो त कहिले खुट्‌टा तन्काउँथ्यो । उनी सुगाछेउ गइन् । उनका मनमा सुविचार आयो । उनले सुगालाई हातमा लिइन् । सुगाको खुट्‌टो भाँचिएको रहेछ । खुट्‌टाबाट रगत पनि बगिरहेको थियो । उनले भनिन्, “कठैबरा, कुन पापीले यसको खुट्‌टा भाँचिदिएछ । घर लगेर औषधी गरिदिनुपऱ्यो ।” उनले सुगालाई घर ल्याई औषधी लगाइदिइन् । सुगा निको भयो । निको भएको दुई तिन दिनपछि सुगा अन्तै गयो ।

## अदृष्टांश

**शब्दहरु**

१. प्याउली

२. डढेलो

३. टुङ्गो

४. रङ्गीचङ्गी

५. ढक्की

६. ठिमी

७. तिर्खा

८. क्षण

९. विशेषज्ञ

१०. स्मृति

११. ऋषि

१२. वाचन

**अनुच्छेद** **समुन्द्र**

कृष्णको घर पिखुवा खोलापारि हो । यस खोलामा निकै पानी बग्छ । बर्खामा त जँघार तर्न गारो हुन्छ । दसैंमा मावल जाँदा कृष्णले पिखुवा तर्दा मनमर्ने विचार गर्‍यो "यस खोलाको पानी कहाँ जान्छ होला ?" उसले आमालाई सोध्यो- "आमा, यस खोलाको पानी बगेर कहाँ जान्छ ?" आमाले अरुण नदीमा मिसिन्छ भन्नु भयो । कृष्णलाई झन् उत्सुकता बढ्यो । उसले मानेडाँडाबाट निलो पानी टम्म भरिएको अरुण नदी देखेको थियो । उसले फेरि आमालाई सोध्यो -"आमा, अरुण नदीको पानी कहाँ जान्छ नि ?" आमाले सत्तकोसीमा मिसिन्छ भन्ने भयो । कृष्णले सोध्यो-"सत्तकोसी धेरै ठुलो छ होला हकि आमा ?" आमाले भन्नुभयो "ठुलो छ नि । त्यहाँ सात ओटा नदी मिसिएका छन् । अरु धेरै खोलानाला पनि मिसिएका छन् ।"

**संवाद** **वैशाखी पूर्णिमा**

रीता - ए चेतन, बुद्ध जयन्तीको दिन किन छुट्टी दिएको हँ ?

चेतन - बुद्धको जयन्ती मनाउन नि ! यति कुरा पनि थाहा छैन तिमीलाई ?

रीता - जयन्ती भनेको के हो नि ?

चेतन - कुनै व्यक्ति वा सङ्घसंस्थाको जन्मदिनमा मनाइने उत्सव नै जयन्ती हो ।

रीता - ए ! त्यसो भए बुद्ध जयन्ती भनेको बुद्ध जन्मिएका दिनको सम्झनामा गरिने उत्सव हो ?

चेतन - हो ; २५०० वर्षभन्दा पहिले कपिलवस्तु जिल्लाको लुम्बिनीमा वैशाख शुक्ल पूर्णिमाका दिन गौतम बुद्धको जन्म भएको थियो । उनले संसारलाई शान्तिको सन्देश दिए र नेपाललाई विश्वसामु चिनाए । तिनै महापुरुषको जयन्ती मनाउने दिन हो, वैशाखी पूर्णिमा